सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २४ ● अंक ०५ RIDAY, 15 JUNE 2018 ● काठमाडौं शुक्रबार, असार ०१, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



# विश्वकप : ग्ल्यामर र पैसा

विश्वकप सम्बन्धी विविध सामग्रीहरु समाहित

मध्यपृष्ठमा

## सारा







# फेसबुकमा वर्ल्डकप फिवर












## साइबर फिडब्याक

रसियामा हुन लागेको फिफा विश्वकप-२०१८ का बारेमा सबैतिर चासो छ । फुटबलर पेले यो महाकुम्भमा सामेल हुने कुराले थप चर्चा पाएको छ । रसियामा हुन लागेको फिफा विश्वकपको यो २१ औं संस्करण हो ।

म त्यो दिनको प्रतीक्षामा छु, जुन दिन हामीसँगै बसेर ब्राजिल र उनले समर्थन गरेको कुनै अर्को टिमको विश्वकप फाइनल हेर्नेछौं ।

**राजन रुचाल**

वर्ल्डकपमा तपाईं कुन टिमको पक्षमा ? जुन टिम वा खेलाडिले मेरो शरीरका सबै रौं ठाडो पार्न सक्छन्, म त्यही टिम वा खेलाडीको पक्षमा ।

**बिमल न्यौपाने**

फुटबलको फ थाहा नहुने मान्छे वर्ल्ड कप यसले जित्छ र उसले जित्छ भन्दै उफ्रिएको देख्दा हाँसो उठ्छ भन्या ।

**पुनम**

अर्जेन्टिनाले रियलमा जिते पनि, नजिते पनि टिएलमा जित्ने भो । के सारो हो हनुमानहरू ?

**सिमोन**

जतिजति विश्वकप नजिक आउँछ उति-उति सामाजिक सञ्जाल फोहोर देखिन्छ त के भाको ?

**भरत**

अहिले 'नेपाल अर्जेन्टिना पार्टी' खोल्न पाए बहुमत ल्याइन्थ्यो होला– वर्ल्डकप फिभर ।

**दिनेश पाण्डे**

नेपालमा सबैभन्दा बढी बिक्ने वर्ल्डकपको जर्सी चाहिँ अर्जेन्टिनाकै होला ।

**डोपिन्डर**

ब्राजिल, जर्मनी, स्पेन, पोर्चुगल अनि फ्रान्सले चैं बास्केटबल खेल्ने हो कि के हो ? यता डिडिसीका पोकाहरू हाम्ले विश्वकप जित्छौं भन्दै उम्लिराका छन् त ।

**नेपथ्यको गुन्डा**

सबैजना वर्ल्डकप ब्राजिलले जित्छ, अर्जेन्टिनाले जित्छ भनेर फुकिरहेका छन् । के पोर्चुगल चाहिँ फुटबल नखेलेर गुच्चा खेलेर बस्छ होला त रसियामा ?

**पेशल**

स्पेन समर्थक कतै देखिदैनन् त । जे भए पनि ब्राजिल पछिको वर्ल्डकप जित्ने प्रमुख दाबेदार टिम हो– स्पेन । सबैको सेखी झर्ला नि ।

**हेन्डसम म**

अफर, अफर, अफर ।

यो विश्वकपमा अर्जेन्टिनाको जर्सी किन्नुहोस् २०२६ सम्म त्यही लगाउनुहोस् ।

**पूर्वी माइलो**



कमसेकम विश्वकपभरिलाई ब्राजिलका सपोर्टरहरूको छुट्टै फ्यान क्लब बनाउन जरुरी देखें । कचकच गर्ने जत्तिलाई धुलोपिठो पार्नु पऱ्यो नि ।

**मकवानपुरे**

धर्म नछाडि बोल्ने हो भने यो विश्व कप पक्का अर्जेन्टिनाले लग्छ ।

**दिलिप**

खै, कुन्नी के भने जस्तै, लंकामा सुन छ कान मेरो बुच्चै विश्व कप-२०१८ । न समर्थन, न विरोध । समय भएका बेला हेरेर मनोरञ्जन लिने । बाँकी समाचार सुनेर वा हेरेर जानकारी दिने ।

**मनोज श्रेष्ठ**




म ब्राजिलको सपोर्टर तर यस पटक विश्वकै उत्कृष्ट खेलाडी मेसीको पक्षमा छु । कम्तीमा उनले क्लब स्तरमा जसरी जादुमय खेल देखाउँछन् । यस पटक विश्वकप फुटबलमा पनि हेर्न पाइयोस् । म ब्राजिल, इंग्ल्यान्ड, फ्रान्स तथा स्पेनको पक्षमा पनि छु । केवल उत्कृष्ट फुटबल हेर्न पाउने आशमा ।

**मेजन**

जोसुकैले जेसुकै भनुन् अर्काको देशको जर्सी किनिकिनी चाहिँ लगाइँदैन । बरु विश्वकप नै हेर्दिन ।

**सुष्मा गौतम**

SEE(SLC) 075 भर्ना खुल्यो !!!
का साथै कक्षा ८ र १० मा

के ?

★ कक्षा ९, Test तथा SLC फेल भई वा कक्षा ८ मात्र पास गरी स्कूल छाडेका तथा स्कूल जाने उमेर नाघेका विद्यार्थीहरुले यसै वर्ष SEE पास गर्न यस स्कूलमा भर्ना गरी ढुक्क भई पढ्नुहोस् ।

★ कक्षा ५ वा ६ मात्र पास गरेकाले कक्षा ८ मा भर्ना भई पढ्न पाउने र यस स्कूलबाट कक्षा ८ पास गरेका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधै कक्षा १० पढी SEE दिन पाउने छन् ।

कक्षा समय: बिहान, दिउँसो, बेलुका

यातायात र होस्टेलको समेत सुविधा छ ।

अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने

DIPLOMATIC OPEN SCHOOL
लगनखेल, मछिन्द्रनाथको रथ राख्ने चोक
Phone : 01-5527782, 9818258588

SAHAYOGI PATHSHALA
(Alternative School)
भाटभटेनी चोक (चाइनिज एम्बेसी नजिकै)
Phone : 4415244

मंगल होस्

# हाँसोको मुहान खोज्दै जाँदा



मनोज गजुरेल

उफ्, कस्तो गर्मी ! यस्तो लाग्छ, यो देश सिंगै एउटा कराई हो अनि यहाँको जमिन आगोको भुंग्रो । एक घण्टामा ६ पटक सर्ट फुकाल्दै निचोरियो । सबै जोडेको भए एकबाल्टी पसिना हुन्थ्यो होला । यति पसिना घरकै करेसाबारीमा हाल्न पाएको भए, कस्तो रमाइलो हुन्थ्यो होला !

जे होस्, विदेशको पहिलो रात काम गर्नु परेन । अब मेरो तीन वर्ष कस्तो हुन्छ भन्ने कुराको संकेत पाइसकें, आज साथीहरूको दिनचर्या देखेर । कामबाट आठ बजे आयो । आधा घण्टा नुहाइ-धुवाइ गऱ्यो । आधा घण्टामा खानपिन सिध्यायो । एक घण्टा मोबाइलमा झुन्डियो । फेसबुकमा अल्झियो । घरतिर फोन गऱ्यो । साथी भाइलाई सम्झियो । १० बजे सुत्यो । किनभने बिहान ७ बजे उठेन भने जागिर पनि चेट्, काम पनि चेट् हुन सक्छ ।

निदाउन खोज्छु, निद्रा पर्दैन । उठ्छु, बस्न मन लाग्दैन । बानी परिसकेका साथीहरू घुर्न थालिसके । म भने पानीबाट बाहिर उछिट्टिएको माछाजस्तो छटपटिईरहेको छु । बल्ल-बल्ल बिहानीपख निद्रा पऱ्यो । निदाएको मात्र के थिए, सपनामा बाघको खोरमा रहेछु । आत्तिएर उठ्छु, चारतिरबाट चारैजना साथी बाघ घुराइ घुर्दै रहेछन् ।

> निदाउन खोज्छु, निद्रा पर्दैन । उठ्छु, बस्न मन लाग्दैन । बानी परिसकेका साथीहरु घुर्न थालिसके । म भने पानीबाट बाहिर उछिटिएको माछाजस्तो छटपटिईरहेको छु । बल्ल-बल्ल बिहानीपख निद्रा पऱ्यो । निदाएको मात्र के थिए, सपनामा बाघको खोरमा रहेछु ।

साथीहरूलाई चुप लगाएर फेरि सुत्छु । फेरि प्लेन दुर्घटनाको सपना देखें । पसिना पसिना भएर ब्युँझन्छु, रुमको बुढो कुलर कोठै कम्पन गराउँदै कराउँदै थियो । पहिलो रात न म निदाउन सकें, न त ब्युझै बस्ने सकें । निन्द्रा र ब्युझाई बिचको तन्द्रामै रात कट्यो ।

मलाई थाहा छ, अब भोलिदेखि मैले सोच्ने, कल्पना गर्ने, निदाउने, ननिदाउने स्वतन्त्रता पाउनेछैन । किनभने निन्द्रा नलागे पनि सुत्नुपर्छ । निदाउन मन लागे पनि उठ्नुपर्छ । किनभने यहाँको हाम्रो जीवन भनेको मेसिनको जस्तै हो । मेसिनको तालमा निदाउनुपर्छ । मेसिनकै समयमा उठ्नुपर्छ । मेसिनजस्तै काम गर्नुपर्छ ।

त्यसैले सोच्ने, कल्पना गर्ने, रुने, हाँस्ने भनेको आजै मात्र हो । भोलिदेखि त चाहेर पनि हास्न सक्दिनँ, नचाहेर पनि रुन सक्दिनँ । मेरो मनमा आज तीनवटा कुरा सबैभन्दा धेरै खेलिरहेका छन् ।

पहिलो, सुतेकै ओछ्यानमा मान्छे मर्छन् रे । हे भगवान्, कसैलाई त्यस्तो नहोस् । कमसेकम मलाई त्यस्तो नहोस् । तातो हावाबाट एकैचोटी चिसो कुलरमा पस्यो । फ्रिजबाट ठण्डा निकाल्यो । पियो । एसिमा सुत्यो । तातो र चिसोको युद्धले मानिसलाई सुतेको सुत्यै बनाउँछ रे ।

दोस्रो, विदेशको जिवन फेसबुकमा राखेको फोटोजस्तो हुँदैन । यो कुरा बुझेर नेपालका दाजुभाइले उतै केही गरून् । दिनको १८ घण्टाका हिसाबले ६ दिन काम गऱ्यो । एकदिनको छुट्टीमा बल्ल बल्ल टाईम मिलाएर घुम्न गयो । राम्रो क्यामेराले सुन्दर फोटो खिच्यो । फेसबुकमा छाप्यो । लाइक र कमेन्ट कुर्‍यो, बस्यो । फोटो पछाडिको दुःखको कथा पनि आफन्त र साथी भाइले बुझिदिए सकेसम्म स्वदेशमै रोजगारी खोज्ने थिए होला ।

मेरो मनमा खेलेको तेस्रो कुरा हो, के स्वदेशमा काम नपाएरै म विदेश आएको हुँ त ? अरुका बारेमा त म भन्न सक्दिनँ, तर मचाहिँ देशमै पाएको ३० हजारको जागिर छोडेर विदेश आएको हुँ । रसुवाको सेन्जेन हाइड्रोमा लेवर काम गर्ने साथीले अहिले पनि २५ हजार बचाउँछ । रसुवागडी हाइड्रोमा मामाको छोराले मासिक ३० हजार खाने गरी काम खोजिदिएकै थियो । काठमाडौं मै पनि पनि हाम्रा कान्छाले बिजुली मर्मत गरेर ४० हजार हात पार्छ ।

यद्यपि म यी सबै सम्भावनालाई त्यागेर विदेश आएको छु, तीन वर्षका लागि । थाहा छैन, ठिक गरें कि बेठीक गरें ।

युवा मन

# सपनालाई पछ्याउँदा



सुविन भट्टराई

हामी सपनालाई चरा मान्छौं तर त्यसलाई निस्फिक्री आकाशमा उड्न नदिएर पिँजडामा कैद गर्छौं । हामी सपनालाई धरती मान्छौं तर तिनमा हरिया वृक्षहरूलाई रोप्न, हुर्काउन, बढाउन, स्याहार्न अल्छी मान्छौं ।

हामी सपनाहरू जन्माउँछौं तर जन्मिएका ती सपनालाई उचित पोषण दिँदैनौ । कलिला ती सपनालाई सुम्सुम्याउन खोज्दैनौं । सपनाको कलिलो हात समातेर डोऱ्याउँदै कहीं लान हिच्किचाउँछौं । धैर्यपूर्वक तिनलाई पिठ्यूँमा बोकेर आफैँसँग लान धकाउँछौं ।

यहाँ धेरै सपनाहरू त लाज, संकोच र आफैँप्रतिको अविश्वासको धारमा परेर दिनहुँ रेटिइरहेछन् । यहाँ धेरै सपनाहरू पानीको फोकाझैँ आकारमा आउँछन् र क्षणभरमै फुटेर सिद्धिन्छन् । यहाँ कति सपनाहरू आफ्नै विवशतामा घुन पिसिए झैँ पिसिन्छन् । कैयौँ सपनाहरू अरुका खातिर बिर्सिइन्छन् ।

कैयौँ आँखाहरू छन् जो सपना देख्नमात्र अभ्यस्त छन् । कैयौँ हृदयहरू खोतलेर हेऱ्यो भने भेटिँदा हुन् सपनाका चिहानै चिहान । यहाँ सपना नहुने कोही छैनन् । जसमा जीवन छ तिनमा सपना छन् । सपना हुनु भनेकै जीवित हुनुको पयार्य हो ।

यद्यपि केही हृदयहरू सपना भएर पनि नभएजस्तो गर्न अभिषप्त छन् । केही आँखाहरू देखेका सपनालाई आँखैमा थुन्न विवश छन् । कैयौँ आँखाहरूलाई, हृदयहरूलाई यो पनि लाग्दो हो कि सपना देख्नु त विलासित हुँदो हो ।

थाहा छैन यी सपनाहरू कहाँ गम खाइरहेछन् ? यी सपनाहरू कहाँ छट्पटाइरहेछन् ? किन छट्पटाइरहेछन् ? मान्छे आफ्नै सपनाको भार उठाउन पनि किन असक्षम भैरहेछ ? आफ्नै सपना साकार गराउन हिँडेको बाटोमा हिँड्दा हिँड्दै किन लड्खडाइरहेछ ? आफ्ना जायज सपनाहरूलाई पनि नाजायजझैँ बर्ताव गरेर किन धिक्कार्छ ?

मानिसहरूसँग लाग्दो हो कि कतै ऊ आफूले देखेका सपनाहरू बोकेर संघर्षको उकालो उक्लिन सक्दैनन् । लाग्दो हो कि उनीहरूले देखेका सपनाको मूल्य आफूले चुकाउन सक्दैन् ।

सपना देख्नु चोरी गर्नु होइन । कसैलाई ढाँट्नु होइन । यो कुनै अपराध पनि होइन । हामी अभिसप्त छैनौँ भएका सपनालाई पनि नभएजस्तो गर्न । हामी विवश छैनौँ आफ्नो सपनालाई आफ्नै आँखाभित्र थुन्न । हामी लाचार छैनौँ आफ्नै सपनाको घाँटी निमोठ्न । सपना देख्नु भनेको आफ्नो मुर्झाउँदै गएको जीवनमा एक झर पानी वर्षाउनु हो । सपना देख्नु भनेको जिन्दगीका धेरै पाटाहरू खोज्नु हो, जिन्दगीका रंगहरू देख्नु हो । सपना देख्नु भनेको आफैँलाई बलियो बनाउनु हो ।

०००

जिन्दगी आफ्नो हो । भविष्य आफ्नो हो । खुसी आफ्नो हो । सपना झन् आफ्नै हो । मान्छेसित सबैभन्दा नीजि केही छ भने त्यो उसको सपना हो । मान्छेको सबैभन्दा आत्मीय केही हुन्छ भने पनि त्यो ऊसको सपना नै हो । मान्छेलाई मान्छे कुनै चीजले बनाउँछ भने त्यो उसकै सपनाले बनाउँछ । मान्छेलाई बाँच्ने प्रेरणा उसकै सपनाले दिन्छ । मान्छेको ओठमा मुस्कानको झण्डा ऊसको सपनाले नै गाढ्ने हो । मान्छेलाई आफैँप्रति गर्व गर्न सिकाउने ऊसकै सपनाले हो ।

यो पक्कै हो कि आफ्नो सपनाले देखाएको बाटो हिँड्न बडो कठिन छ । हो आफ्नो सपनालाई पछ्याउन सजिलो छैन । सपनाले कुनै बाटोमा लान पनि सक्छ । नलान पनि सक्छ । सपना पछ्याउँदा सजिलै कहीं पुग्न पनि सकिन्छ । पटक पटक अल्मलिन पनि सकिन्छ ।


जसरी पानीमा बाटो हुँदैन र किनारालाई लक्ष्य गर्दै आफैँ बाटो बनाउँदै अघि बढ्नु पर्छ, सपनालाई पछ्याउँदा पनि बाटो नभेटिन सक्छ । बाटो आफैँ बनाउँदै हिँड्नुपर्छ । आफ्नो सपनालाई पछ्याउँदा धेरैपटक लाग्न सक्छ कि यो पछ्याइ निरर्थक छ । लाग्न सक्छ यो मृगतृष्णासरीको भागदौड बाहेक केही होइन । आफैँले आफैँलाई मूर्ख भन्न मन लाग्नेछ, किनभने त्यहाँ हामीलाई मूर्ख भन्ने आवाजहरू प्रशस्त भेटिनेछन् ।

कसैले केही राम्रो भनोस्, वा नराम्रो भनोस्, कुनै लक्ष्यमा पुगोस् वा नपुगोस्, पुरा होस् वा नहोस् तर सपना देख्नु मान्छे हुनुको परिचय हो, सपना देख्न छाड्नुहुन्न ।



यात्रा सन्दर्भ

# फुटबलको मौसममा पुस्तक



किशोर नेपाल

हिजोदेखि फुटबलको मौसम सुरु भएको छ । यो मौसममा फुटबलले हामीलाई हँसाउने र रुवाउने मात्र गर्दैन, जरो आउनेसम्म बनाइदिन्छ । कुन खेलाडीले गोल हान्छ ? कुन टिमले जित्छ ? कुन देशले विश्वकपको ट्रफी उचाल्छ ? साथीभाइ, ब्वाइफ्रेन्ड-गर्लफ्रेन्ड, खरिददार-विक्रेता सबैका बीच राम्रै बाजी चल्छ । आफूलाई मन परेको खेलाडीको पराजय सहन नसकेर धेरै मानिस मरेका छन् । विजयको उन्मादमा गोल भनेर मुटु फुट्नेजल कराउँदा साँच्चै हर्ट अट्याक भएर मर्ने पनि उत्तिकै छन् ।

यस्तो वातावरणमा स्तम्भकार चर्चा गर्दैछ पुस्तक प्रदर्शनीको । अघिल्लो साता शनिबार सम्पन्न राष्ट्रिय पुस्तक प्रदर्शनी व्यापारको दृष्टिले सफल वा असफल के थियो ? त्यसको लेखाजोखा गर्ने मुडमा स्तम्भकार छैन । भृकुटीमण्डपमा आयोजित पुस्तक मेलामा यसपटक पनि, सधैंझैं, थुप्रै मानिस पुगेका थिए । नेपालका मानिसमा पढ्ने रुचि बढेको छ । यो सुखद खबर हो, तर के पढिन्छ र कसरी पढिन्छ ? भन्ने विषयमा कसैले केही बताउन सक्दैन, न प्रकाशकले न लेखकले न पुस्तक विक्रेताले । 'फिक्सन धेरै पढिन्छ,' व्यवसायिक हिसाबले पुस्तक प्रकाशनसँग जोडिएका एक जना मित्रले बताए, 'खोइ किन हो, प्रकाशकहरूले फिक्सनमा जोड दिंदै आएका छन्, तर नेपालमा पठन संस्कृतिको विकासका लागि फिक्सनले मात्र पुग्दैन । हामीकहाँ फिक्सनबाहेकका अरू विधा त्यति बिकेका छैनन् । तुलनात्मक हिसाबले फिक्सन बढी लेखिए पनि एक-दुई जनाबाहेक अरू फिक्सन लेखक जन्मनसमेत सकेका छैनन् । व्यवसायिक र आर्थिक हिसाबले त फिक्सन लेखकहरू पनि जमेका छैनन्,' ती मित्रको भनाइ थियो ।

पुस्तक प्रदर्शनीका क्रममा आफूलाई फाफुरा अर्थात् फाइँफुट्टीराजका रूपमा पनि चिनाउन चाहने ब्रजेश खनालले फोनमा निम्तो दिए, 'आउनुपर्‍यो जासुसी उपन्यासको चर्चा गर्न ।' चर्चा कार्यक्रम शनिबार १ बजे राखिए पनि हल २ बजेसम्म खाली भएन । स्वतन्त्रता सेनानी डीबी परियारमाथि शंकर तिवारीको पुस्तकको विमोचनले हल अड्किएको थियो । यो राम्रो संकेत थियो कि नेपालमा राजनीतिक साहित्यका पाठकहरू पनि जन्मिदैछन् । अन्ततः ब्रजेशको कार्यक्रम सुरु भयो । कार्यक्रमका मोडरेटर शेखर खरेलको छरितो मन्तव्यपछि नेपाली जासुसी साहित्यका बारेमा मन्थन सुरु भयो । नेपालमा जासुसी साहित्य यति थोरै लेखिएका छन् कि त्यसमाथि गन्थन गर्न सकिने सम्भावना नै थिएन ।

नेपालका पहिलो र लोकप्रिय जासुसी उपन्यासकार दीर्घबाहु अर्थात् श्रीधर खनाल । इन्स्पेक्टर खरेल र रोजीका सिर्जनाकार । डबल अमलेट र कफी खाएपछि जासुसीको जाँगर चल्ने इन्स्पेक्टर खरेल । यो इन्स्पेक्टर खरेलको सिर्जना कसरी भएको थियो ? थाहा भएन । उपन्यासको प्रकाशन मितिअनुसार हेर्ने हो भने इन्स्पेक्टर खरेल भनेको त्यतिबेलाका मसहूर र लोकप्रिय पुलिस इन्स्पेक्टर अच्युत खरेल त होइनन् भन्ने भान पर्न सक्छ । जे होस्, आधुनिक नेपाली जासुसी उपन्यास श्रीधर खनालको देन हो । त्यसकालमा एसके दीन पनि उपन्यासकारका रूपमा देखिएका थिए, तर उत्कृष्ट उपन्यास भने दीर्घबाहुले नै लेखे ।

त्यही समयमा जासुसी उपन्यासका नाममा अरू धेरै अल्लारे लेखकहरू सक्रिय भए । तिनलाई भोटाहिटीका सामान्य पुस्तक विक्रेताहरूले प्रोत्साहित गरेका थिए । एउटा त्यतिबेला निकै नाम चलेको एडभर्टाइजिङ एजेन्सी किशोर एडभर्टाजिङले पनि जासुसी उपन्यासको विकासमा निकै लगानी गरेको थियो । उसले प्रकाशित गरेका झन्डै एक दर्जन जासुसी साहित्य नचलेपछि लगानीको त्यो क्रम बन्द भएको थियो । तिनताक भारतमा जासुसी साहित्य प्रकाशनको जालो फैलिएको थियो । इब्नेशफी बी.ए., ओमप्रकाश शर्मा, वेदप्रकाश काम्बोज, कर्नल रञ्जित अनि सुरेन्द्रमोहन पाठक निकै चल्तीका जासुसी उपन्यासकार थिए । यी लेखकका उपन्यास हजारौं हजारप्रति बिक्री हुन्थे । त्यो जमाना पाकेटबुक साहित्यको थियो । पुस्तकका पाकेटबुक संस्करणहरूको प्रकाशनमा हिन्द पाकेट बुक्स सबैभन्दा माथिल्लो लहरमा थियो ।



तस्बिर : एजेन्सी

नेपालमा दीर्घबाहुपछि जासुसी उपन्यास लेख्ने स्रष्टा देखिएका छैनन् । रत्न पुस्तकजस्ता अनुभवी प्रकाशकहरूले त्यसमा हात हालेका छैनन् । फाइन प्रिन्टले केपी ढुंगानाको पुस्तक 'ओपन सिक्रेट' प्रकाशित गर्‍यो, जुन लोकप्रिय पनि भयो तर ढुंगानाको पुस्तक जासुसी थिएन । यो अपराध कथा थियो– यथार्थ घटनालाई रोचक क्याप्सुलमा समेटिएको ।

भाषा र साहित्यको विकासमा जासुसी र अपराध साहित्यले पूरै सघाउन सक्छन् । त्यसबाहेक, हाम्रो समाजमा चलेका अनेकन कुरीति र कुसंस्कारका विरुद्ध पनि यिनको प्रयोग गर्न सकिन्छ । नेपाली भाषामा अपराध साहित्यका केही पत्रिका प्रकाशित भएका छन् सत्यकथामा आधारित । ती प्रकाशन पनि प्रोत्साहित हुन सकेका छैनन् ।

नेपाली लेखकहरूले जासुसी र अपराध साहित्यको वास्तविक महत्व बुझेको देखिँदैन । छि:, जासुसी उपन्यास पनि के लेख्नु भन्ने मानसिकतामा जकडिएका छन् धेरै लेखक । प्रकाशकहरूले लेखकलाई राम्रोसँग परिचालित गरेको पनि देखिँदैन । फाइन प्रिन्टले सुबिन भट्टराईका उपन्यास प्रकाशित गरेपछि ती उपन्यास ह्वात्तै लोकप्रिय भए । सुबिन अहिले हिन्दी भाषामा उपन्यासकार गुलशन नन्दा जसरी लोकप्रिय थिए त्यसरी नै लोकप्रिय छन् । गुलशन नन्दा र सुबिनका विषयवस्तु पनि समान छन् : प्रेम, संयोग र वियोग । प्रकाशकहरूले चाहे वा आँट गरे जासुसी, अपराध कथा, यौन र अरू पनि धेरै नछोइएका विषयमा पुस्तक तयार पार्न नसकिने अवस्था छैन । घुम्टोभित्र टाउको लुकाएर हिंड्ने समाज आधुनिक हुँदैन, आधुनिकताले खुला आकाशमुनि विचरण गर्ने स्वतन्त्र अवस्थाको माग गर्छ ।

## प्रतिक्रिया



उपत्यकाबाहिरका कलेजहरू पनि अब्बल दर्जामा पर्न सफल भए (फ्रन्टपेज : अब्बल प्लस टु) । उत्कृष्ट परिणाम ल्याउने सफल कलेजहरूलाई बधाई छ । निरन्तर मेहनत गर्ने हो भने राम्रो परिणाम ल्याउन असम्भव छैन ।

**हिमाल श्रेष्ठ**

संसारमा कुनै पनि कुरा स्थायी हुँदैन (युवा मन : दुःखको मूल्य) । चाहे दुःख होस् वा सुख । निश्चित समयपछि त्यो चक्र फेरिन्छ । तत्काल आपत् आइलाग्दा ठूलोजस्तो लागे पनि दुःख क्षणभंगुर हो ।

**हितेश खड्का**

सबै आ-आफ्नो ठाउँमा सक्रियताका साथ काममा लाग्ने हो भने विकास हुन धेरै समय लाग्दैन (मंगल होस्, हाँसोको महान खोज्दै जाँदा) ।

**नवराज अधिकारी**

निर्धक्क र निडर रूपमा आफ्ना कुरा व्यक्त गर्ने लेखक हुन्– कुमार नगरकोटी (यात्रा सन्दर्भ : मेरो अतीत पतित छ) । लेखनमा उनले कुनै कुरा लुकाए जस्तो लाग्दैन । लेखक भनेको नगरकोटीजस्तै हुनुपर्छ ।

**हेमराज भण्डारी**

नेपाली कलाकार त्यहाँसम्म पुग्नु ठूलो कुरा हो (अन्तरवार्ता : पहिलो नजरमै मनीषालाई एसाइन गरिसकेको थिएँ) । सुभाष घईजस्ता व्यक्तित्वले सुरुमै विश्वास गर्नु अझ ठूलो कुरा हो ।

**सुरेन्द्र कार्की**

साप्ताहिकका सबै विषयवस्तु राम्रा छन् । साप्ताहिक प्रगतिपथमा लम्किँदै जाओस् । विश्वकप फुटबलका बारेमा अझ विस्तृत जानकारी पाइयोस् ।

**समर्पण सन्देश**

यो देविना थापाको ठूलो सफलता हो (साइन्स एन्ड टेक्नो : सूक्ष्मग्रहको नाम देविना थापा) । यो सफलता नेपालीहरूका लागि खुसीको कुरा पनि हो । देविना अमेरिकामा रहेका अन्य विद्यार्थीहरूका लागि प्रेरणाको स्रोत भएकी छिन् ।

**अमन शाही**

यो सामग्री रमाइलो लाग्यो (कलाकारको इनबक्स) । प्रविधिको जति विकास भए पनि चिठीपढ्नुको आनन्द बेग्लै हुन्थ्यो । कलाकारको नाममा सामाजिक सञ्जालमा नक्कली एकाउन्ट देख्दा भने नरमाइलो लाग्छ ।

**केशव चौधरी**

यो कलाकारहरूका लागि खुसीको कुरा हो (संगीत : रोयल्टीमा उत्साह) । म्युजिक कम्पनीहरूले कलाकारहरूको शोषण गरिरहेका छन् । आफू मात्र कमाउँने र स्रष्टाहरूलाई मर्कामा पार्ने खेलको अन्त्य हुनुपर्छ ।

**सन्देश अर्याल**

गायिका कविता शिवाकोटीलाई बधाई छ (कविताको एल्बम) । तपाईंका दुवै एल्बमले सफलता पाऊन्– शुभकामना ।

**सुवास बजगाई**

मन मिलेपछि उमेरले खासै फरक पार्दैन (१० वर्ष कान्छासँग डेटिङ) । प्रियंका र निकको जोडी राम्रैसँग जमिरहेको छ । उनीहरूबीचको सम्बन्ध बलियो होस् ।

**मनिष सिंह**

नेपथ्य देश-विदेशका कुनाकुनामा घन्कियोस् (दुई अमेरिकी सहरमा नेपथ्य) । नेपाली गीत-संगीतको प्रवर्द्धनमा नेपथ्यको भूमिका उल्लेखनीय छ ।

**खेम गुरुङ**

देशमा महँगी निरन्तर बढिरहन्छ (समय सन्दर्भ : डियर तलब), तर तलब भने बढ्दैन । महँगीअनुसार नागरिकको कमाइ पनि बढ्नुपर्‍यो । अधिकारी रवीन्द्र आमनागरिकको समस्या टपक्क टिप्न सफल हुनुभएको छ ।

**राजेश बुढाथोकी**

यो घटनाको सत्य तथ्य छानबिन होस् (अपराध : फरार अभियुक्त सुटुक्क अदालतमा) । पहुँचवाला र पैसावालाले उन्मुक्ति पाउने अनि सर्वसाधारणले जेल बस्नुपर्ने नियति नदोहोरियोस् । कानुन सबैका लागि बराबर होस् ।

**प्रेमकृष्ण कार्की**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook facebook.com/kantipursaptahik



■ राजुकाजी शाक्य

तस्बिर : नवराज बाग्ले

# नेपालले विश्वकप खेल्न पाउने सम्भावना प्रशस्तै छ

४१ वर्षदेखि निरन्तर नेपाली फुटबलमा क्रियाशील छन्- राजुकाजी शाक्य । धरानमा जन्मिएका शाक्य अहिले फुटबल प्रशिक्षकका रूपमा क्रियाशील छन् । उनी नेपाली राष्ट्रिय टिमबाट तीन फरक भूमिकामा स्वर्ण पदक जित्ने भाग्यमानी हुन् । सन् १९८४ मा भएको सागको पहिलो संस्करणमा नेपालले स्वर्ण पदक जित्दा उनी खेलाडी थिए, सन् १९९३ मा उनकै कप्तानीमा नेपालले सागमा स्वर्ण पदक जित्यो भने २०७२ मा उनकै प्रशिक्षणमा नेपालको यु-२३ ले २३ वर्षपछि भारतलाई उसकै भूमिमा हराएर दक्षिण एसियाली खेलकुद (साग) को स्वर्ण पदक जित्यो । शाक्यसँग फुटबल विश्वकपको सरगर्मी, चम्किन सक्ने सम्भावित खेलाडी आदि केन्द्रित रहेर साप्ताहिकका जनक तिमिल्सिना तथा महेश तिमल्सिनाले गरेको कुराकानी :

**विश्वकप-२०१८ लाई कसरी हेरिरहनुभएको छ ?**

म पहिला विश्वकपलाई फुटबल खेलाडीका रुपमा हेर्थे, अहिले कोचका रूपमा हेरिरहेको छु । प्रशिक्षकका हिसाबले सबै टिमको खेल हेर्छु, केही कुरा देखिन्छ, केही सिकिन्छ भन्ने रूपमा लिन्छु । नयाँ सिकेका कुरालाई प्रयोग पनि गर्छु ।

**भैरहेको विश्वकपको सबैभन्दा सन्तुलित टिम कुन लाग्छ ?**

विश्वकपमा ७/८ वटा देश मुख्य छन्, जसले विश्व फुटबललाई नै डोमिनेट गर्दै आएका छन् । अहिले सम्मको इतिहास हेर्ने हो भने ब्राजिल, जर्मनी, अर्जेन्टिना, इटाली, फ्रान्स तथा स्पेनकै वरिपरि यो विश्वकप पनि घुम्नेछ, भलै यस पटकको विश्वकपमा इटाली छैन । अहिले पनि मलाई यिनै टिममाथि विश्वास छ ।

**अहिलेको विश्वकपमा सबैभन्दा राम्रो टिम कुन हो ?**

मलाई पहिलेदेखि नै मन पर्ने टिम ब्राजिल हो । म सबैभन्दा बलियो पनि ब्राजिललाई नै देख्छु, त्यसपछि जर्मनी पनि बलियै छ । यो विश्वकपमा जर्मनी, ब्राजिल, अर्जेन्टिना र फ्रान्स नै बलिया छन् ।

पृष्ठ ७ मा








# नेपाली फुटबल विश्लेषकको भविष्यवाणी

रसियामा जारी विश्व फुटबलको २१ औं संस्करणमा संसारभरका फुटबलप्रेमीहरूको ध्यान केन्द्रित भएको छ । फुटबलको महाकुम्भ, त्यसमा सहभागी ३२ टिमले गर्ने प्रदर्शन, विश्वका ठूला स्टारहरूको परफर्मेन्स आदिलाई लिएर यतिबेला विश्वभर नै चर्चा र बहस चलिरहेको छ । साप्ताहिकले फुटबलसँग जोडिएका केही प्रशिक्षक, खेलाडी तथा विज्ञहरूलाई सन्तुलित टिम, चम्कन सक्ने सम्भावित खेलाडीलगायत विविध प्रश्नमा केन्द्रित रहेर उनीहरूका धारणा बुझ्ने प्रयास गरेको थियो ।



## श्रीराम रञ्जितकार

**फिफा रेफ्री**

सधैंजस्तो यस पटक पनि म घरमै एक्लै बसेर फुटबल हेर्छु । आफैं रेफ्री भएकाले रेफ्रीलाई विशेष ध्यान दिएर हेर्छु । रेफ्रीमा भिडियो एसिस्टेन्ट रेफ्री (भीआर)को नयाँ कन्सेप्ट आएको छ, यस विषयमा पनि जान्नु छ । 'भिडियो एसिस्टेन्ट रेफ्री'को प्रयोग गर्न लागिएकाले यो विश्वकप मेरा लागि थप रुचिकर हुनेछ । विश्वकपको नकआउट चरणमा चौथो सब्सिच्युट गर्न पाइने व्यवस्था पनि लागू हुँदैछ । अहिलेसम्म तीन जना खेलाडी फेर्न पाइन्थ्यो, अब ९० मिनेटको खेल पूरा भैसकेपछि थपिएको ३० मिनेटमा चौथो खेलाडी फेर्न पाउने नियम बनाइएको छ ।

मेरो पहिलो समर्थन सधैं ब्राजिललाई हुन्छ । दोस्रो जर्मनी र तेस्रो इटली हो । इटाली क्वालिफाइड नभएकाले मैले स्पेनलाई तेस्रो रोजाइमा राखेको छु । यस पटकका बलिया टिम अर्जेन्टिना र फ्रान्स पनि हुन् । यसपटक फ्रान्स, जर्मनी, ब्राजिल, अर्जेन्टिना, स्पेन, बेल्जियम आदि टिम बलिया छन् । जापान, कोरिया र इरानजस्ता देशले क्वाटरफाइनलसम्म बढी भए सेमिफाइनलसम्मको लक्ष्य बनाएका छन् ।

मिडफिल्ड फ्रान्सको राम्रो छ । फ्रान्ससँग धेरै स्टार खेलाडी छन् । स्ट्राइकमा चम्किने कुरा भाग्यको कुरा पनि हो । सामान्यतः रोनाल्डो, मेसी, क्रिग म्यान, कोष्टा, नेयमारहरू नै चम्किएलान् । इंग्ल्यान्डका हेरी केन पनि छन् । नयाँ अनुहार अर्जेन्टिनाका पाउलो डेवाला छन् । एकल प्रदर्शनका बलमा टिमलाई विश्वकपसम्म पुऱ्याउने इजिप्टका सलाह पनि राम्रा खेलाडी हुन् ।

## उपेन्द्रमान सिंह

**प्रशिक्षक, पूर्व कप्तान, राष्ट्रिय फुटबल टिम**



मैले घरमै परिवार तथा साथीभाइहरूसँग बसेर विश्वकपको आनन्द लिने योजना बनाएको छु । यस पटकको विश्वकपको सबैभन्दा राम्रो र सन्तुलित टिम जर्मनी हो । डिफेन्डिङ च्याम्पियन जर्मनीको टिम सन्तुलित छ । जर्मनीले सधैं टिम गेम खेल्छ, यो नै उसको सबैभन्दा बलियो पक्ष हो ।

यसपालि फ्रान्सको युवा टिम पनि राम्रो छ, इंग्ल्यान्डले पनि राम्रो फुटबल देखाउन सक्छ । जे-जस्तो भए पनि विश्वकप फुटबलमा इतिहास बोकेका देशहरू ब्राजिल, अर्जेन्टिना, स्पेन, जर्मनीमध्येबाटै कसैले विश्वकप लानेछन् ।

मिडफिल्ड र डिफेन्स जर्मनीकै राम्रो छ, मिडफिल्ड ब्राजिलको पनि कम छैन । स्ट्राइकिङमा पोर्चुगलका क्रिस्टियानो रोनाल्डो, अर्जेन्टिनाका लियोनल मेसी, जर्मनीका मुलरले राम्रो खेल देखाउने अपेक्षा गर्न सकिन्छ । विश्वकपमा नयाँ प्रतिभाहरू आउने सम्भावना पनि उत्तिकै छ । अघिल्लो विश्वकपमा कोलम्बियाका रोड्रिग्वेज चम्किए । यो वर्ल्डकपले पनि केही नयाँ खेलाडी जन्माउनेछ ।



## हरि खड्का

**पूर्व कप्तान तथा प्रशिक्षक**

मैले विश्वकपमा समर्थन गर्ने जर्मनीलाई हो । टिमहरू त सबै उत्तिकै बलिया छन् । २ सय ९ वटा देशबाट विश्वकपका लागि ३२ वटा राष्ट्र छानिन्छन्, त्यसैले कमजोर टिम विश्वकपमा पुग्दै पुग्दैनन् । यस पटकको विश्वकपमा जर्मनी, फ्रान्स, ब्राजिल, अर्जेन्टिना, बेल्जियम आदि टिम नै सन्तुलित र तुलनात्मक रूपमा बलिया देखिन्छन् । जर्मनी त डिफेन्डिङ च्याम्पियन नै भैहाल्यो, तर अहिले नै यसैले जित्छ भनेर ठोकुवा गर्न सकिँदैन, लिग चरणका गेमहरू सकिएपछि विश्लेषण गर्न सजिलो हुन्छ ।

यस पटक फ्रान्सको युवा तथा इन्र्जेटिक टिमले अनपेक्षित नतिजा ल्याउन सक्छ । बेल्जियम पनि राम्रो नतिजा ल्याउन सक्षम छ । डिफेन्समा जर्मनी राम्रो छ, जर्मनी समग्रमै सन्तुलित टिम हो । अट्याकिङमा अर्जेन्टिना र ब्राजिलका खेलाडीहरू राम्रा छन् । फ्रान्सको युवा टिमलाई पनि कम आक्न मिल्दैन । स्ट्राइकिङमा सबैभन्दा बढी चम्किने मेस्सी नै हुन् । त्यसपछि जर्मनीका मुलर पनि छन् ।

## सञ्जीव शिल्पकार

**खेल समीक्षक एवं महासचिव थ्रीस्टार क्लब**

म डिस होम एक्सन स्पोर्टसँग आबद्ध भएर विश्वकपभरि यसको कमेन्ट्री गर्दैछु । यसपालि पहिलो पटक विश्वकप फुटबलको कमेन्ट्री नेपालीमा हुँदैछ । त्यसकारण मैले विश्वकपलाई अत्यन्तै ध्यान दिएर हेर्नुपर्नेछ । यस पटकको विश्वकपमा चारवटा टिम सन्तुलित छन् । ब्राजिल र फ्रान्स सन्तुलित देखिन्छन् । स्पेन पनि सन्तुलित नै छ । जर्मनी र स्पेनको गोलपोस्ट अरूको तुलनामा निकै मजबुत छ । कोस्टारिकाको गोलपोस्टलाई पनि बलियो नै मान्नुपर्छ ।

डिफेन्समा ब्राजिल बलियो छ । मिडफिल्डमा स्पेन तथा जर्मनी बलिया टिम हुन् । स्ट्राइकिङमा सबैभन्दा राम्रो अर्जेन्टिना नै हो । मेसी एकजना मात्र होइन सर्जियो एगुइरो, गोन्जालो हिनगुइनजस्ता बेष्ट स्ट्राइकर त्यहाँ छन् । जस्तो ब्राजिलले नेयमार, पोर्चुगलले रोनाल्डोमा पूर्ण भर पर्नुपर्छ तर अर्जेन्टिनासँग वर्ल्डका राम्रा क्लबबाट खेल्ने स्ट्राइकिङ क्षमता भएका खेलाडीहरू छन् ।




नयाँ खेलाडीहरूको पनि उत्तिकै सम्भावना छ । इजिप्टका सलाहको राम्रो सम्भावना थियो तर उनी घाइते भएकाले फुल फर्ममा खेल्न सक्ने कुरामा आशंका छ । ब्राजिलका ग्राबियल जेसस पनि चम्किने सम्भावना भएका नयाँ खेलाडी हुन् । एसियन टिमहरूले खासै अनपेक्षित नतिजा ल्याउलान् जस्तो लाग्दैन । अफ्रिकन टिमहरू इजिप्ट तथा नाइजेरियाले अनपेक्षित खेल देखाउन सक्छन् ।

न्युट्रलमा बसेर कमेन्ट्री गर्नुपर्ने भएकाले मैले यस पटक कुनै पनि देशलाई समर्थन गरेको छैन् । एसियाका टिमहरूले राम्रो गरून् भन्ने सहानूभूतिचाहिँ छ । म यस पटक डाइहार्ट फ्यान भएर कसैको पनि समर्थन गर्दिनं ।

## विराज महर्जन

**कप्तान, राष्ट्रिय फुटबल टिम**




विश्वकप हाम्रा लागि ठूलो र रमाइलो चाडजस्तै हो । मैले साथीभाइहरूसँग रमाइलो गर्दै फुटबल हेर्ने योजना बनाएको छु । केही साथीहरूले अहिले नै निम्तो गारिसक्नुभएको छ । हामीलाई यस पटकको विश्वकप समयका हिसाबले पनि राम्रो छ, राति निद्रा मारेर बस्नुपर्ने अवस्था छैन ।

यसपटकको विश्वकपमा सबै टिम उत्तिकै सन्तुलित देखिन्छन् । केही नयाँ टिमले पनि राम्रो प्रदर्शन गर्न सक्छन् । जर्मनी, स्पेन, पोर्चुगल, इंग्ल्यान्डजस्ता देशका टिम बढी सन्तुलित छन् । अर्जेन्टिना तथा ब्राजिल पनि बलिया छन् । पेरुले पनि बेला-बेलामा धक्का दिन्छ, कोलम्बियाले पनि राम्रो खेल देखाइरहेको हुन्छ ।

म सधैं ब्राजिलको समर्थक हुँ । ब्राजिलसँग अहिले योङ एण्ड कम्प्याट टिम छ । मलाई लाग्छ, ब्राजिल यो विश्वकपकै 'वान अफ द बेस्ट टिम' हो । केहीले विश्वकपमा अनपेक्षित नतिजा समेत ल्याउन सक्छन् । ब्राजिल पनि अनपेक्षित नतिजा ल्याउने टिममा पर्न सक्छ । उसले सबै पोजिसनमा राम्रा-राम्रा खेलाडी उतार्दैछ । डिफेन्समा जर्मनी पनि निकै राम्रो छ, अट्याकिङमा अर्जेन्टिना र मिडफिल्डमा स्पेन राम्रो छ । हरेक टिमको एउटा न एउटा विशेषता छ, तर तीनवटै पोजिसनमा ब्राजिल नै सशक्त देखिन्छ ।

फुटबलमा खेलाडी चम्किने कुरा यसै भन्न सकिँदैन, जसको दिन राम्रो छ, उही चम्किने हो । विश्वकपमा जुन बेला जो पनि चम्कन सक्छ । यसपटकको वर्ल्डकपमा धेरैको आँखामा नपरेको नयाँ प्लेयर चम्किन्छ जस्तो लाग्छ मलाई ।



**प्रविधि र क्षमताका हिसाबले कसलाई बलियो मान्नुहुन्छ ?**
मचाहिँ ब्राजिललाई मान्छु । किन-किन मलाई ब्राजिलको शैली साह्रै मन पर्छ । जहाँ गएर खेले पनि ब्राजिलका खेलाडीहरू प्रविधिमा आधारित र क्षमतावान् देखिन्छन् ।

**सोसल मिडियामा त मेसी र रोनाल्डोका नेपाली फ्यानहरूबीच वाकयुद्ध नै छेडिन्छ नि ?**
फुटबलको क्रेज भनेकै त्यही हो । काठमाडौंमा पनि सुनिन्थ्यो एनआरटी कि आरसीटी भन्ने भारतमा मोहन बगान र इस्ट बंगालबीच त्यस्तो हुँदो रहेछ । रियल मड्रिड र बार्सिलोनाले गर्दा पनि त्यस्तो भएको हुनसक्छ । उनीहरूबीच प्रतिष्ठाको लडाइँ नै चल्छ । रोनाल्डोका फ्यानहरू पनि क्लबबाट खेलोस् वा जहाँबाट खेलोस् रोनाल्डोले जितोस मेसी चाहि खत्तम होस् भन्ने अनि मेसीका फ्यानहरू जताबाट पनि मेसीले नै जितोस रोनाल्डो खतम होस् भन्ने ।

**विश्वकपमा चम्किने सम्भावित खेलाडी को–को हुन सक्छन् ?**
सबै खेलाडीको नाम मैले याद गरेको छैन् । म खेलाडीभन्दा पनि उनीहरूले कसरी खेल्छन् भन्ने कुरामा बढी ध्यान दिन्छु, गोलकिपरको मुभमेण्ट के छ, डिफेन्सहरू कसरी बस्छन् भनेर हेर्छु । व्यक्तिगत खेलाडीतर्फ त्यति जाँदिनँ । धेरै देशका खेलाडी युवा छन्, जस्तै जर्मनी, फ्रान्स, बेल्जियम, ब्राजिल आदि देशलाई युवा खेलाडीहरूले प्रतिनिधित्व गर्दैछन् । यस्तो स्थितिमा ठ्याक्कै यो नै चम्किन सक्छ भन्न सकिँदैन ।

**तीन सुपरस्टार लियोनल मेसी, क्रिस्टियानो रोनाल्डो र नेयमार मैदानमा उत्रँदैछन् । यी तीनमध्ये कसले प्रभावशाली प्रदर्शन गर्ने देख्नुहुन्छ ?**
मलाई मेसीले नै प्रभावशाली प्रदर्शन गर्लान्जस्तो लाग्छ । व्यक्तिगत खेल हेर्ने हो भने मेसी नै अग्रपंक्तिमा देखिन्छन् । नेयमार चोटसँग जुधिरहेकाले अहिले नै केही भन्न सकिने अवस्था छैन । रोनाल्डोमा स्कोरिङ खुबी छ, तर जति मैदानमा मेसीको प्रभुत्व रहन्छ त्यति रोनाल्डोको प्रभुत्व देखिँदैन । स्कोरिङ लाइनमा रोनाल्डोको प्रदर्शन राम्रो छ, तर व्यक्तिगत रूपमा हेर्ने हो भने मलाई रोनाल्डोभन्दा मेसीको खेल मन पर्छ । रोनाल्डो पनि मन पर्छन् तर म्यानयुलमा खेल्दा जुन प्रभाव रोनाल्डोले हामीमाथि पारेका थिए रियल म्याड्रिडमा आएपछि मैले त्यो देखिन । अलिकति उभिएर खेल्दिने, धेरै मेहनत नगर्ने, धेरै न दौडिने देखिन्छ । उनी स्ट्राइक जोनमा भने पुगिरहेका हुन्छन् । रोनाल्डोको एड्भान्टेज के छ भने उनको सुटिङ र हेडिङ राम्रो छ, त्यसैले उनी स्कोर पनि गरिरन्छन् । मेसीको खुबी चाहिँ चौतर्फी छ ।

**डिफेन्सका हिसाबले कुन टिमलाई बलियो मान्नुहुन्छ ?**
अहिलेसम्म डिफेन्समा इटली नै राम्रो छ । यद्यपि यसपालिको विश्वकपमा इटली छैन । सन् १९८२ देखि नै उनीहरूको डिफेन्स एकदमै राम्रो छ । नेपाली टिमलाई सिकाउने बेला म युट्युबमा इटलीकै डिफेन्स हेर्छु । मैले त्यसैलाई फलो गरिरहेको छु । अहिलेका टिममध्ये जर्मनीको पनि डिफेन्स राम्रो छ । वास्तवमा भन्ने हो भने अहिलेको फुटबलमा डिफेन्सभन्दा पनि एट्याक्ट नै धेरै देखिन्छ । किनभने डिफेन्समात्र बलियो भएर भएन गोल पनि हान्नुपर्‍यो । ब्राजिल पाँच पटकसम्म च्याम्पियन हुनुको कारण उनीहरूको एट्याकिङ स्किल नै हो ।

**यस पटकको विश्वकपको विशेष पक्ष के देख्नुहुन्छ ?**
हुन सक्छ कुनै नयाँ देशले चमत्कारिक प्रदर्शन गर्नेछ । किनभने, फुटबलमा धेरै परिवर्तन आइसकेको छ । अहिले बेल्जियम राम्रो देखिएको छ, एसियन क्षेत्रका केही देशले समेत राम्रो प्रदर्शन गर्न सक्छन् । मिडियाका विश्लेषणहरू हेर्ने हो भने इरानलगायतका देशको दोस्रो चरणमा प्रवेशको सम्भावनालाई पनि नकार्न सकिँदैन । यस्तै र यही नै विशेष पक्ष हुन सक्छ भनेर ठोकुवा गर्न भने गाह्रो छ ।

**नेपाल फुटबल निकै रुचाइने देश हो । यसका पछाडिको मुख्य कारण के होला ?**
फुटबल सारा संसारभर नै रुचाइन्छ । किनभने यो खेल नै त्यस्तै खालको छ, जसले पनि बुझ्ने, सरल खेल, जसले पनि जहाँ पनि खेल्न सक्ने भएकाले पनि यो बढी लोकप्रिय भएको हो । नेपालमा फुटबलको क्रेज सन् १९८२/८६ देखि नै बढेको हो । धरानमा त्यतिबेला ब्रिटिस क्याम्प थियो, त्यहाँ हामी मामा र दाइहरूको पछि लागेर फुटबल खेल्थ्यौं । त्यतिबेला केही पत्रिकामा हामीले ब्राजिल र पेले आदिका सम्बन्धमा केही पढ्न पायौं । त्यसकारण पछि ब्राजिलको समर्थक भइयो । सन् १९८२ मा चीनमा विश्वकप हेर्ने अवसर पायौं जसमा हामी म्याराडोनाबाट निकै प्रभावित भयौं । १९८६ मा म्याराडोनाका कारण फुटबलको क्रेज थप बढ्यो, परिणाम स्वरूप अहिले नेपालमा अर्जेन्टिनाका प्रशंसक पनि प्रसस्तै छन् । इंग्ल्यान्डका समर्थकहरू पनि नेपालमा छन् ।

**नेपालले विश्वकपको यात्रा तय गर्न के गर्नुपर्छ ?**
यही तालले हो भने त भन्न सकिँदैन । हामीसँग मैदान नै छैन, त्यो वातावरण नै छैन । केही देशमा सबै वातावरण हुँदा त विश्वकपमा पुग्न सकेका छैनन्, केहीले फुटबलको पूर्ण वातावरण हुँदा पनि जित्न सकेका छैनन् । इंग्ल्यान्डजस्तो सन् १९६६ को विश्वकप जितेको टिमको, त्यसपछि त कुनै रेकर्ड केही छैन । इंग्लिस प्रिमियर लिग यस्तो प्रतियोगिता हो जसलाई सारा संसारले मन पराउँछ । त्यसकारण हामीलाई सजिलो छैन, तर टार्गेट गरेर राम्रो वातावरण (खेलाडीदेखि फुटबलका सबैलाई) दिने हो भने कम्तीमा २० वर्षको लक्ष्य निर्धारण गरौं अहिले नै । २० वर्षपछि हामी विश्वकपमा क्वालिफाई हुन्छौं भनेर लगानी गरौं । त्यो टार्गेट मिट भयो भने ठीकै छ, नत्र अलग तरिकाले सोचौंला ।


**नेपालको फुटबलमा कस्तो किसिमको परिवर्तन आवश्यक छ ?**
अहिलेको अवस्थामा नेपालको फुटबलमा संरचनागत परिवर्तन जरुरी भैसकेको छ । भारतले पनि यति वर्षमा हामी विश्वकप खेल्छौं भनेर तयारी गरिरहेको छ, चीनले पनि त्यस्तै योजनामा छ । त्यसकारण हामीले पनि नसक्ने होइन्, तर त्योअनुसार सुविधा हामीलाई पनि हुनुपर्‍यो । अहिले कस्तो बिडम्बनापूर्ण अवस्था छ भने एउटा रंगशाला समेत छैन । लिग भएन भनेर एन्फालाई दोष दिइन्छ तर रंगशाला छैन । एउटा पुस्ताका खेलाडी लिएर म ट्रेनिङ गराउँछु, नेपालका लागि राम्रो प्लेयर निकाल्छु भन्ने मेरो ठूलो चाहना छ, यो कुरा मैले बोलेको पनि ३/४ वर्ष भैसक्यो । त्यसैका लागि साथीभाइसँग मिलेर फुटबल मैदान खोलें, खर्च गरेर घाँस लगाए, त्यो बिग्रियो । अहिले मैले च्यासलमा खोलेको मैदान राम्रो छ, तर त्यो सानो मैदानबाट मैले कति जना खेलाडी निकाल्न सक्छु र ? हामीले अन्डर-१२ देखि नै प्रशिक्षकहरू राखेर २० वर्षको लक्ष्य लिएर अघि बढ्नुपर्छ । यसरी अघि बढ्ने हो भने नेपालले विश्वकप खेल्न पाउने सम्भावना प्रसस्तै छ ।

**अहिलेको परिस्थितिका लागि एन्फा वा सरकार को उदासीनता देख्नुहुन्छ ?**
म त सरकारलाई नै बढी उदासीन देख्छु । सरकार बलियो भयो भने एन्फा भनेको के नै हो र ? सरकारअन्तर्गत भएको संस्थालाई सरकारले जस्तोसुकै कदम चालेर पनि सक्रिय बनाउन सक्छ, तर सरकारले बोल्ने भन्दा पनि काम गरेर देखाउनुपर्छ । अब सातवटै प्रदेशमा रंगशाला बनाउने कुरा आएको छ यो एकदमै सकारात्मक पक्ष हो तैपनि भएका रंगशालालाई राम्रो बनाए अझ राम्रो हुन्छ । जस्तै पोखरा, वीरगन्ज, विराटनगरका रंगशालालाई अझ व्यवस्थित बनाउने हो भने कम खर्चमै बढी परिणाम प्राप्त हुन्छ । यसरी देशमा राम्रो वातावरण बन्यो भने खेलाडी त जति पनि निकाल्न सकिन्छ ।

**नीति–निर्माण तहमा बस्नेहरूले विश्वकपको सपना नै देख्दैनन् ?**
जो आए पनि सपना त देख्लान्, तर त्यसको कार्यान्वयन पनि हुनुपर्‍यो नि । कोही कसैले राम्रो काम गर्‍यो भने त्यो माथि जान्छ, त्यसलाई रोक्नुपर्छ भन्ने भावना मनमा राख्यो भने त कहिल्यै कोही सफल हुँदैन । त्यसैले सबै सकारात्मक हुनुपर्छ ।

**नेपाली फुटबलको हिजो र आजको अवस्थामा के परिवर्तन पाउनुभयो ?**
धेरै फरक छ । हाम्रो पालामा हामीले भविष्यका बारेमा केही पनि सोचेनौं । हामी खेलमा मात्र केन्द्रित भयौं । अहिले खेलाडीहरू पनि प्रोफेसनल भएका छन् । क्लबहरूले पनि दु:ख सुख खेलाडीहरूलाई पैसा दिएका छन् । जसले गर्दा पैसाको अभावले खेलाडीहरू विदेश जानुपर्ने अवस्था छैन । अहिले एउटा खेलाडीले मासिक ७०/८० हजार रुपैयाँ पाइरहेको छ । एन्फाले पनि १०/१५ हजार रुपैयाँ तलब दिइरहेको छ । खेल जितेका बेला नगद पनि दिइरहेकै छ । कतिपय खेलाडीले गाडी घर पाइरहेका छन् । यद्यपि यही नै पर्याप्त भने होइन, तर सकारात्मक दिशातर्फ गैरहेको छ । यसलाई हामीले बढाउँदै लानुपर्छ ।

**तीनवटा स्वर्ण जितेको अनुभव पनि तपाईंसँग छ नि ?**
मैले धरानमा फुटबल खेल्दा ए डिभिजनमा खेल्ने दाइहरूसँग खेल्न पाइनँ । ममा पनि माथि खेल्न पाए हुन्थ्यो भन्ने इच्छा थियो । अर्को मलाई राष्ट्रिय टिममा छिर्ने इच्छा थियो, मैले मेहनत गरेँ, मेहनतअनुसार राष्ट्रिय टिममा पनि परेँ । राष्ट्रिय टिममा खेल्दै जाँदा क्याप्टेन बन्ने रहर जाग्यो त्यो पनि भगवान्ले पुर्‍याइदिनुभयो । यसै क्रममा सन् १९८४ मा देशले स्वर्ण पदक जित्यो । यस्तै सन् १९९३ मा मेरै नेतृत्वमा हामीले स्वर्ण पदक जित्यौं । हामीलाई सधैं हेप्दै आएको भारतलाई १९९३ मा हामीले जित्यौं तर भारतलाई उसकै मैदानमा जित्ने मेरो ठूलो इच्छा थियो । त्यसबीच उमेरका कारण मैले सक्रिय खेल जीवनबाट अवकाश लिएँ, त्यसपछि मैले प्रशिक्षणमा धेरै मेहनत गरेपछि १२ औं सागमा टिमलाई ह्याण्डलिङ गर्न पाएँ । त्यहिबेला हामी भारतलाई उसकै मैदानमा हराउन सफल भयौं । त्यसैले एउटा लक्ष्य राखेर अघि बढियो भने सफल भइने रहेछ भन्ने देखियो ।





# पूर्वमा विश्वकप फुटबलको रौनक

सरोज बस्नेत



यतिबेला सारा विश्व नै फुटबलमय भएको छ। यसबाट नेपाल पनि अछुतो रहन सक्दैन। नेपालमा जर्मनी, ब्राजिल, पोर्चुगल, अर्जेन्टिना, स्पेन आदि देशका प्रशंसक अधिक छन् भने बेल्जियम, फ्रान्स, इंग्ल्यान्डका पनि फ्यान उत्तिकै छन्। विश्वकप फुटबलको सरगर्मी चिया पसलदेखि टोलटोलसम्म पुगिसकेको छ। यतिबेला युवायुवतीहरू सडकमा आफूलाई मन पर्ने देशको जर्सी लगाएर हिँड्न थालिसकेका छन्। ती देशका झन्डा मोटरसाइकल तथा कारमा फ्याइएको छ। विश्वकपलाई लक्षित गरी जर्सी, झन्डा, किरिङ आदि सामग्री बिक्री भैरहेको छ। मोरङको उर्लाबारी-७ स्थित न्यू पाथीभरा स्पोर्ट्स सेन्टरका सञ्चालक महानन्द कोइरालालाई यतिबेला विश्वकपका जर्सी, झन्डा, किरिङ आदि सामग्री बिक्री गर्न भ्याइनभ्याइ छ। जर्मनी, ब्राजिल, पोर्चुगल, अर्जेन्टिना, स्पेन आदि देशका जर्सीको माग अधिक रहेको उनको भनाइ छ। आफ्नो पसलबाट दैनिक ५० पिससजति जर्सी बिक्री भैरहेको जानकारी दिँदै कोइरालाले भने- 'विश्वकप नजिकिएसँगै यसको व्यापार बढ्दो छ।' बालबालिकादेखि युवा पुस्तामा विश्व कपको रौनक निकै देखिन्छ। ठूलाले लगाउने, सानाले लगाउने, हाफ, फुल सबैखाले जर्सीको बिक्री भैरहेको छ– झापाको दमकका व्यवसायी सुरज अधिकारीले भने। ७ सय रुपैयाँदेखि ३ हजारसम्मका जर्सी बिक्री हुँदै आएको अधिकारीको भनाइ छ।

### आ-आफ्नै दाबी

मोरङ क्षेत्र नम्बर १ का सांसद कुशल लिम्बू पोर्चुगलका फ्यान हुन्। उनी यसपटक विश्वकपको उपाधि पोर्चुगलले जित्ने दाबी गर्छन्। क्रिस्टियानो रोनाल्डोलगायतका खेलाडी पोर्चुगलमा रहेका कारण पनि पोर्चुगलले उपाधि जित्ने उनको विश्वास छ। सांसद लिम्बूमात्र होइन उर्लाबारीका युवा व्यवसायी दिनेश श्रेष्ठ पनि पोर्चुगलले उपाधि जित्नेमा आशावादी छन्। उर्लाबारी फुटबल क्लबका पूर्वअध्यक्ष घनश्याम भण्डारी भने यस पटकको विश्वकप अर्जेन्टिनाले जित्ने बताउँछन्। मेसीलगायतका खेलाडी उच्च फर्ममा रहेकाले पनि अर्जेन्टिनाले उपाधि चुम्ने उनको विश्वास छ। फुटबल खेलाडी निरोज बस्नेत स्पेनका फ्यान हुन्। उनी स्पेनले यस पटकको विश्वकपको उपाधि उचाल्ने दाबी गर्छन्। पूर्व राष्ट्रिय खेलाडी सञ्जिव बुढाथोकी ब्राजिलका फ्यान हुन्। ब्राजिल अहिले फर्मा छ। उसको टिम पनि बलियो छ। त्यसैकारण पनि उपाधि ब्राजिलले जित्ने बुढाथोकीको दाबी छ। नेपाल कम्युनिष्ट पार्टी मोरङका नेता रुपेश खतिवडा ब्राजिलले उपाधि जित्ने बताउँछन्। त्यस्तै, लेटाङकी भूमिका पाखिन पनि ब्राजिलकी फ्यान हुन्। उर्लाबारीका अनुप कठायत भने विश्वकप जर्मनीले जित्नेमा विश्वस्त छन्। जर्मनी उत्कृष्ट टिम भएकाले यस पटकको उपाधि जित्दै ब्राजिलसँगै पाँच पटक उपाधि उचाल्ने टिमका रूपमा बराबरीमा आउने उनी बताउँछन्। यी त केही उदाहरण मात्र हुन्। सबैका आ-आफ्नै दाबी छन्। अहिले चिया पसलमा विश्वकप फुटबलको उपाधि कसले जित्नेछ भन्ने यस्तै चर्चा-परिचर्चा नै बढी हुन्छ।

### ठूलो पर्दामा विश्वकप

मोरङको उर्लाबारीमा प्रदेश नम्बर १ कै ठूलो पर्दामा प्रोजेक्टरमार्फत विश्वकप फुटबल देखाइने भएको छ। ग्लोबल क्लब उर्लाबारीले खेलप्रेमीहरूलाई मध्यनजर गरेर ठूलो पर्दामार्फत विश्वकप फुटबल हेर्ने व्यवस्था मिलाएको हो। क्लबका प्रमुख सल्लाहकार सर्वजित भण्डारीका अनुसार विश्व फुटबलको महाकुम्भमा सबै खेलप्रेमीलाई एकै स्थानमा भेला पारेर प्रोजेक्टरमार्फत सहज रूपमा खेल हेर्ने व्यवस्था मिलाइएको छ। उर्लाबारी-७ स्थित चेरी टमोटो होटलले पनि विश्वकप फुटबल प्रतियोगिता ठूलो पर्दामा देखाउने भएको छ। खेलप्रेमी तथा ग्राहकहरूका लागि सहज रुपमा होटलमै विश्वकप फुटबल देखाउन लागिएको सञ्चालक दिनेश श्रेष्ठले जानकारी दिए। मोरङको उर्लाबारीसहित पथरी, बेलबारी, झापाको दमक, बिर्तामोड, इलाम, ताप्लेजुङ आदि स्थानहरूमा पनि प्रोजेक्टरमार्फत ठूलो पर्दामा विश्वकप फुटबलका खेलहरू देखाउने तयारी भैरहेको छ।

### सट्टाबाजी

विश्वकप फुटबल रसियामा चल्दा नेपालमा भने सट्टाबाजी मौलाउने निश्चित छ। मनोरञ्जनका नाममा सट्टाबाजीले विकृतिसमेत सिर्जना गरिरहेको छ। विभिन्न खेलका अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सट्टाबाजी गर्ने नेपालीहरू घरबारविहीनसमेत भएका छन्। सट्टाबाजी गराउने कम्पनीका वेबसाइटमा आफ्नो अकाउन्ट खोलेर नेपालमा स्थानीय एजेन्ट खोज्ने र उनीहरूमार्फत ग्राहक खोजेर सट्टाबाजी गराइएको पाइन्छ। गिरोहले गराउने बेटिङमा २५ हजारदेखि १५ लाखसम्मको बेटिङ भएको पाइन्छ। बढी रकमको बेटिङ भएको अवस्थामा उक्त गिरोहले बाहिरका सट्टाबाजलाई 'फरवार्ड' गर्ने गरेका छन्।

# पोखरामा विश्वकपको राप



राजाराम पौडेल

यसै पनि पोखरामा फुटबल मन पराउने दर्शक बढी छन्, जुन कुरालाई यहाँ आयोजना हुने फुटबल प्रतियोगितामा पुग्ने दर्शकको भीडले समेत स्पष्ट पार्छ। स्थानीय प्रतियोगिता मात्र होइन, विश्वकप फुटबलको वातावरणले पनि कम छुँदैन पोखरालाई। यहाँका फुटबलप्रेमीहरूका विश्वकप फुटबल हेर्ने आ-आफ्नै योजना छन्। कोही साथीभाइ जम्मा पारेर घरमै रमाउँछन् भने कोही पोखरामा रहेका विभिन्न रेस्टुराँमा पुगेर फुटबल हेर्छन्। केही फुटबल क्लबले प्रोजेक्टरको माध्यमबाट खुल्ला आकाशमुनि बसेर फुटबल हेर्ने चाँजोपाँजो मिलाउँछन्। सिनेमा हलमा समेत फुटबल हेर्ने व्यवस्था मिलाइन्छ। विशेष गरी समूह चरणका खेलपश्चात् यसको रौनक अझ बढ्छ।

आफूलाई मन पर्ने देशको टिसर्ट लगाउनेहरू पनि उत्तिकै हुन्छन्। खेलकुद सामग्री पाइने पसलदेखि फेन्सी पसलसम्ममा विभिन्न देशका टिसर्ट बिक्रीका लागि राखिएको छ। त्यस्ता टिसर्ट किन्दै उक्त टिमप्रति आफ्नो अपनत्व देखाउनेहरू पनि उत्तिकै छन्। उपाधि कसले जित्ला भनेर प्रश्न गर्ने तथा आफूले समर्थन गरेको टिमले जित्छ भन्नेहरू पनि उत्तिकै हुन्छन्। पोखरामा विशेष गरी ब्राजिल, अर्जेन्टिना, स्पेन, फ्रान्स, पोर्चुगल, इंग्ल्यान्ड आदि देशका फ्यान बढी देखिन्छन् र यिनीहरूको खेलको दिन जित-हारको बाजीसमेत राखिन्छ। सुरुवातका खेलमा सामान्य बाजी राखिए पनि फाइनलसम्म पुग्दा बाजीको रेट पनि बढ्दै जान्छ। विशेष गरी साथी-साथीमा रमाइलोका लागि बाजी राख्ने चलन छ।

पोखरेलीहरू कति फुटबल क्रेजी छन् भन्ने कुरा त विश्वकप-२०१८ का लागि फिफाले बनाएको अफिसियल ट्रेलरमा पोखराका नवीन गुरुङ नेपालको राष्ट्रिय झन्डासहित देखिनुले पनि प्रस्ट पार्छ। त्यो दृश्य पोखरा-१५ का गुरुङ सन् २०१४ मा ब्राजिलमा भएको विश्वकप हेर्न जाँदा खिचिएको थियो।

पोखरामा फुटबल प्रेमी महिला दर्शकको संख्या पनि उत्तिकै छ। चोक, रेस्टुराँ तथा फिल्म हलमा देखाइने फुटबल म्याच हेर्न दर्शकलाई आग्रह गर्दै विभिन्न माध्यमबाट जानकारी गराइन्छ। यहाँ रहेका केही सञ्चारमाध्यमले विश्वकप विशेष कार्यक्रम सञ्चालन गरेर विश्वकप फुटबलको रौनक बढाउँछन्। पोखराको लेकसाइडमा रहेका रेस्टुराँहरूमा आन्तरिक तथा बाह्य पर्यटकसमेत विश्वकप हेर्न पुग्छन्। त्यहाँ दर्शकका लागि विभिन्न प्याकेज समेत उपलब्ध हुन्छ। खाँदै-रम्दै फुटबलको मज्जा लिन पाइन्छ त्यहाँ।

# फुटबल क्रेजी हेटौंडा



नगेन्द्र अधिकारी

औसत ३० डिग्री सेन्टिग्रेड तापक्रम रहने हेटौंडाको तापक्रम रसियामा हुने विश्वकप फुटबलका कारण अझ चर्किएको छ। समर्थकहरू आफूले समर्थन गरेको देशको जर्सीमा रंगिएका मात्र छैनन्, सामाजिक सञ्जालका भित्ता पनि पक्ष वा विपक्षमा रंग्याएका छन्।

बालकदेखि वृद्ध सबैलाई फुटबलको 'ज्वरो'ले छोएको छ। ३ वर्षका छोरा आरुल गौतमले ब्राजिलको जर्सी चाहियो भनेर जिद्दी गरेपछि ब्राजिलको जर्सी किन्न पुगेको आमा सुजिताले बताइन्। ठूला दाइ-दिदीले लगाएको देखेर छोराले जिद्दी गरेपछि किन्न आएकी हुँ, सुजिताले भनिन्- साइजको पाउन पनि मुस्किल नै रहेछ। हटियाका सुमन श्रेष्ठले १० वर्षीय भतिज समृद्ध श्रेष्ठले 'मेसी' कै नामको जर्सी चाहियो भनेकाले खोज्दै आएको बताए।

जर्सीको त अभावै देखिएको छ, हेटौंडा स्पोर्ट्स मुण्डियालका सञ्चालक सुबिन घिमिरेले बताए। जर्सी नै पाइदैन, होलसेलले नै पठाउन सकिरहेको छैन, घिमिरेले भने- करिब ५ सय जर्सी बेचिसकेको छु, मागअनुसार, अझै दिन सकिरहेको छैन। घिमिरेका अनुसार, हेटौंडामा क्रमशः ब्राजिल, अर्जेन्टिना, जर्मनी तथा पोर्चुगलको जर्सीको बिक्री बढी छ।

### फ्यान क्लबबीच प्रतिस्पर्धा

हेटौंडामा विभिन्न मुलुकका समर्थकहरूले फ्यान क्लब नै बनाएका छन्। हेटौंडा फुटसलले ती क्लबहरूबीच प्रतियोगिता समेत गराउने तयारी गरेको निरजसिंह ठकुरीले बताए। ठकुरीका अनुसार, ब्राजिल, अर्जेन्टिना, फ्रान्स तथा बेल्जियमका समर्थकहरूको टिम तयार भएका छन्। एसियाली देश जापान र साउदी अरेबियाको पनि फ्यान क्लब तयार गरी ती टिमबीच प्रतियोगिता गराउने तयारी भैरहेको जानकारी ठकुरीले दिए।

### चोक-चोकमा तयारी

विश्वकप फुटबल सुरु भएसँगै चोकचोकमा प्रोजेक्टरमार्फत विश्वकप हेर्ने तयारीसमेत भैसकेको छ। हेटौंडा-१६, हटियाका सुजन पाण्डेले चोकमा प्रोजेक्टर मार्फत प्रत्यक्ष प्रसारण हेर्ने तयारी भैरहेको बताए। उद्घाटनसहित मुख्य-मुख्य खेल चोकमा प्रोजेक्टर राखेर हेर्ने योजना छ, - पाण्डेले भने। विभिन्न क्याफे तथा रेस्टुराँले पनि आफ्ना ग्राहकहरूलाई प्रोजेक्टर र ठूलो स्क्रिन भएका टेलिभिजन सेटमार्फत खेल देखाउने तयारी गरेका छन्। हेटौंडामा रहेका दुई चलचित्र हल एनएस र ओम्याक्सले पनि उद्घाटन आदि सबै महत्वपूर्ण खेल देखाउने तयारी गरिरहेका छन्। सन् २०१४ मा समेत विश्वकपका खेल प्रदर्शन गरेका हलले यसपटक पनि विश्वकप देखाउने तयारी गरिरहेको ओम्याक्स हलका सञ्चालक नरेन्द्र महर्जनले बताए। हेटौंडा फुटबलप्रति क्रेजी सहर हो। मकवानपुर फुटबलका लागि उर्वर भूमि हो। यहाँ प्रशिक्षण लिएका खेलाडीहरू राष्ट्रिय टिम तथा नेपाली ए डिभिजन क्लबमा छन्। मकवानपुरका अञ्जन विष्ट मनाङ मर्स्याङ्दी, रञ्जन विष्ट एफिएफ क्लब, सुनिल बल र एलन न्यौपाने थ्रिस्टार क्लबबाट खेल्दै आएका छन्। प्रत्येक जुनियर फुटबल राष्ट्रिय टिममा हेटौंडाका खेलाडी अनिवार्य हुने गरेका छन्।



# नेपालको विश्वकप छनौट यात्रा

नेपालले विश्वकप फुटबल खेलेको सपना देख्न पाउँछ कि पाउँदैन ? खेलकुदमा सबै प्रकारका सम्भावना खुला हुन्छन्, तर नेपालले साँच्चै यस्तो सपना देख्ने हो भने पनि लामो र सुदृढ योजना चाहिन्छ। विश्वकप छनौट यात्रा आफैंमा कठिन, जटिल र लामो हुन्छ। फुटबलको विश्वकप छनौट यात्राका सन्दर्भमा भनाइ छ- विश्वकप जित्नुभन्दा विश्वकपमा छनौट हुन गाह्रो छ। नेपालले विश्वकपको अन्तिम चरण कहिले खेल्ने हो, त्यो अहिलेका लागि अनुमान मात्र हुनेछ।



सन् २०२२ को विश्वकप कतारमा हुनेछ र त्यति बेला विश्वकपमा सहभागी हुने देशको संख्या बढेर ४८ पुग्ने सम्भावना छ, तर अन्तिम निर्णय हुन भने बाँकी नै छ। त्यो स्थितिमा एसियाको पनि विश्वकपको अन्तिम चरणमा खेल्ने कोटा बढ्ने निश्चित छ। त्यस्तो स्थितिमा अर्को प्रश्न नेपालले विश्वकप कप खेलेको सपना किन नबुन्ने त ? त्यसका लागि आजैदेखि तयारी किन नगर्ने ? विश्वकप-२०१८ रुसमा सुरु भैसकेको पृष्ठभूमिमा नेपालले अहिलेसम्म खेलेका विश्वकप छनौट खेलमा नजर लगाउनु ठीक हुनेछ।

सन् १९८६ को विश्वकप नेपालका लागि त्यस्तो विश्वकप सावित भयो, जसमा नेपालले पहिलो पटक छनौट खेलेको थियो। यस अर्थमा त्यति बेलाको विश्वकप छनौट ऐतिहासिक सावित भयो। त्यही संस्करणको विश्वकपदेखि नै नेपाली दर्शकले टिभीमार्फत औपचारिक रूपमा विश्वकप हेर्न थालेका हुन्। त्यति बेला नेपाल छनौटको समूह तीन 'ए' मा थियो र नेपालका प्रतिद्वन्द्वी थिए, दक्षिण कोरिया र मलेसिया। जसमध्ये नेपालले कुनै खेल जितेन, मलेसियासँगको एक खेल भने बराबरीमा टुंगिएको थियो।

नेपालले दोस्रो पटक सन् १९९० को विश्वकप छनौट खेल्यो। नेपाल फेरि एकपटक दक्षिण कोरिया, मलेसिया र सिंगापुरको समूहमा पर्‍यो। भारत पनि यही समूहमा थियो तर पछि उसले आफ्नो नाम फिर्ता लियो। नेपालका लागि त्यो बिर्सनलायक छनौट रह्यो, नेपालले कुनै खेल जितेन नै, कुनै गोल पनि गर्न सकेन, बरु उल्टै २८ गोल खायो। त्यही कारणले नेपालले सन् १९९४ को विश्वकप छनौट नै खेलेन्। त्यसपछि नेपालले एक पटक फेरि सन् १९९८ को विश्वकपका लागि छनौट खेल खेल्यो।

यसमा भने नेपालको प्रदर्शन केही सुधारिएको देखियो, भलै नेपाल चार टिममध्ये अन्तिम स्थानमै रह्यो। नेपालको समूहमा जापान, ओमान र मकाउ थिए। नेपालले मकाउलाई पनि उछिन्न सकेन। नेपालले मकाउसँग सुरुमा १-१ को बराबरी खेल्यो। अन्तिम खेलमा मकाउसँग २-१ ले पराजित भयो। त्यति बेला गोल गर्ने खेलाडी थिए, हरि खड्का र दीपक अमात्य। यस्तोमा हरि नेपालका लागि विश्वकप छनौटमा गोल गर्ने पहिलो खेलाडी भए।

सन् २००२ को विश्वकप छनौट धेरै अर्थमा ऐतिहासिक रह्यो। नेपालले यसपटक गोल मात्र गरेन्, जित हात पार्न पनि सफल भयो। त्यति बेला नेपालको समूहमा इराक, काजाकिस्तान र मकाउ थिए। नेपाल मकाउलाई उछिनेर तेस्रो स्थानमा आयो। नेपालले मकाउविरुद्धका दुवै खेल जितेको थियो। उक्त जित विश्वकप छनौटमा नेपालको पहिलो सफलता थियो। पूरा छनौट चरणमा निराजन रायमाझीले सात गोल गरे।

यसमा पहिलो गोल इराकविरुद्ध थियो भने अरू सबै गोल मकाउविरुद्ध थियो। मकाउविरुद्धको अन्तिम खेलमा निराजनले ह्याट्रिक समेत गरे। यही छनौटमा वसन्त थापा र हरिले दुई/दुई गोल गरे। बालगोपाल महर्जन र दीपक लामाको नाममा एक/एक गोल रह्यो। एसियाकप छनौटमा खराव प्रदर्शनका कारण नेपालले फेरि एकपटक २००६ को विश्वकप छनौट खेलेन। सन् २०१० को छनौटमा नेपालको एक मात्र प्रतिद्वन्द्वी ओमान थियो र दुवै लेगको खेल नेपालले गुमाएको थियो।

सन् २०१४ को विश्वकप छनौटमा नेपाल पहिलो पटक दोस्रो चरणसम्म पुग्न सफल भयो। त्यति बेला एसियाली फुटबल महासंघले छनौट प्रक्रियामा परिवर्तन गरेको थियो। पहिलो चरणमा नेपालले इस्ट टिमोरलाई हराएको थियो। दुई लेगको खेलमा नेपाल ७-१ ले अगाडि रह्यो। पहिलो खेल २-१ ले जित्दा अनिल गुरुङ र जुमनु राईले गोल गरेका थिए। दोस्रो खेल ५-० ले जित्दा नेपालका तर्फबाट अनिल गुरुङ, भोला सिलवाल, जुमानु, जगजित श्रेष्ठ तथा सुजल श्रेष्ठले गोल गरेका थिए।

छनौटको दोस्रो चरणमा नेपालको प्रतिद्वन्द्वी ओमान थियो। ओमानविरुद्ध नेपालको पहिलो खेल ९-० को हारसँगै बिर्सनलायक रह्यो। दोस्रो खेल भने १-१ को बराबरीमा रोकियो। त्यसमा एक मात्र ऐतिहासिक गोल गर्ने खेलाडी भरत खवास थिए। अब नेपालको नजर आउने एसियाली विश्वकप छनौटको संरचना कस्तो हुनेछ भन्ने मै केन्द्रित हुनेछ। नेपाल जस्ता देशले विश्वकपमा एसियाली प्रतिनिधित्व बढेकोबाट फाइदा लिन सक्नेछन्। यद्यपि त्यसका लागि दरै र लामै तयारी पनि चाहिन्छ।




## फिल्मी डायरी

### अत्याधुनिक सिनेमा हल

इटहरी र धरानमा २ वटा सुविधासम्पन्न सिनेमा घर सञ्चालनमा आएका छन् । इटहरीमा सञ्चालित 'एलाइट सिनेमा' नामको अत्याधुनिक सिनेमा घरमा २ वटा सिनेमा हल छन । पहिलो हलमा २ सय ८ जनाको सिट क्षमता छ भने दोस्रो हलमा १ सय ४४ जनाको सिट क्षमता छ । सिनेमाका दर्शकहरूलाई लक्षित गरी ५ करोडको लागतमा २ सय २६ सिट क्षमताको गोरखा सिनेप्लेक्स सञ्चालनमा ल्याइएको हो ।

### हल नचलेपछि रेस्टुराँ

नयाँ सिनेमा घरहरू थपिने क्रम जारी रहेकै बेला भएका पुराना सिनेमा घरहरू भने धमाधम बन्द हुने अवस्थामा पुगेका छन । मोरङको विराटचौकस्थित सुकुना चलचित्र मन्दिरमा दर्शक नआएपछि हल नै बन्द गरेर त्यहाँ रेस्टुराँ सञ्चालन गर्न थालिएको छ । हलका सञ्चालक अनिल खड्काले घाटामा गएकाले हल नै बन्द गर्नुपरेको कुरा बताएका छन् । यसअघि मोरङकै लेटाङ, बाहुनी, नेताचौक आदि ठाउँमा रहेका हलहरू बन्द भैसकेका छन् ।

### सयकडा दश प्याकअप

चलचित्र सयकडा दशको सुटिङ प्याकअप भएको छ । यो चलचित्रमा अमृत ढुंगाना, करुणा श्रेष्ठ, मनोज गजुरेल, राजाराम पौडेल, रवि डंगोल, रस्मी भट्ट, उत्सव न्यौपाने, अमित पोखरेल, सोनिया राई, कुमार कार्की, प्रसिद्ध थापा तथा मानस्वी निरौलाले अभिनय गरेका छन् ।

### वीरांगनाको गीत

असार २९ गते प्रदर्शनमा आउने चलचित्र वीराङ्गनाको डान्सिङ विटको गीत सार्वजनिक भएको छ । तिम्रो हाम्रो मायामा बोलको उक्त गीतमा दीपक शर्माको संगीत तथा रघु परियारको शब्दमा कृष्ण काफ्ले र रेश्मा पुनको स्वर सुन्न सकिन्छ । रामेश्वर कार्कीले खिचेको उक्त गीतमा अभिनेत्री शिल्पा पोखरेल तथा अभिनेता पृथ्वीराज प्रसाईंले अभिनय गरेका छन् जसका कोरियोग्राफर सुरेन्द्र वसेल हुन् ।



### आकाश र आश्माको रोमान्स

असोज १९ गते प्रदर्शनमा आउने चलचित्र ड्रिम गर्लको रोमान्टिक गीत सार्वजनिक भएको छ । तिम्रो मायामा बोलको उक्त गीतमा अभिनेता आकाश श्रेष्ठ तथा अभिनेत्री आश्मा गिरीको रोमान्स हेर्न पाइन्छ । रारा तालसँगै थाइल्याण्डको समुद्र आसपास खिचिएको गीतमा अञ्जु पन्त र सुरेश लामाको स्वर छ ।

### यो माया कस्तो माया

चलचित्र यो माया कस्तो मायाको रोमान्टिक गीत सार्वजनिक भएको छ जसले प्रेमभाव बोल्छ । एसकेएन सिनेमाको ब्यानरमा निर्माण भएको उक्त गीतमा दिवस धिताल, सभ्यता गिरी आदिको अभिनय छ भने त्यसमा फिरोज बस्नेत तथा अन्जु पन्तको स्वर सुन्न सकिन्छ ।

### अन्तर्क्रिया कार्यक्रम

निर्देशक समाज नेपाल तथा मलेसियन चलचित्रका कलाकार सुवास सुन्दरामोटबीच काठमाडौंमा अन्तर्क्रिया सम्पन्न भएको छ । उक्त अन्तर्क्रियामा मलेसियन कलाकार सुन्दरामोटले आफ्नो देशमा नेपाली चलचित्र छायाँकन भए मलेसियन कलाकार संघले सहयोग गर्न सक्ने बताउँदै त्यहाँको सरकारले समेत आवश्यक सहयोग गर्ने बताए ।

### छक्कापञ्जामा स्वस्तिमा

दसैंको फूलपातीदेखि देशव्यापी प्रदर्शनमा आउने चलचित्र छक्का पञ्जाको तेस्रो सिरिजमा अभिनेत्री स्वस्तिमा खड्काको प्रवेश भएको छ । मुहूर्तमा कलाकार तथा निर्माता दीपकराज गिरीले ठट्टा गर्दै स्क्रिप्टमा फुच्ची अभिनेत्री चाहिएको हुँदा स्वस्तिमालाई अटाउन नसकेको बताएका थिए । यतिबेला यो चलचित्रको छायांकन पोखरामा चलिरहेको छ ।

### महिला चलचित्रकर्मी सम्मानित

चलचित्र विकास बोर्डले आधादर्जन महिला चलचित्रकर्मीलाई सम्मान गरेको छ । बोर्डले काठमाडौंमा 'महिला सशक्तीकरणका लागि सूचनाको हक अभिमुखीकरण तथा प्रशिक्षण कार्यशाला' कार्यक्रमको अवसर पारि करिश्मा मानन्धर, साम्राज्ञी राज्यलक्ष्मी शाह, वरिष्ठ कलाकार चत्य देवी, सकुन्तला शर्मा, बसुन्धारा भुसाल तथा दीपाश्री निरौलालाई सम्मान गरेको हो । प्रमुख अतिथी प्रदेश नम्बर-३ की प्रमुख अनुराधा कोइराला एवं विकास बोर्डकी अध्यक्ष निकिता पौडेलले संयुक्त रूपमा उनीहरूलाई सम्मान पत्र हस्तान्तरण गरे । नेपाली चलचित्रका माध्यमबाट महिला सशक्तीकरणमा योगदान गरेको भन्दै ती कलाकारलाई सम्मानित गरिएको हो ।

### भदौमा चंगा चेट

दीपेन्द्र के. खनालद्वारा निर्देशित चलचित्र चंगा चेट भदौ १५ गते प्रदर्शनमा आउनेछ । यो चलचित्रको गीत गोजीमा दाम छैन केही दिनमै सार्वजनिक गरिने बताइएको छ । चलचित्र चंगाचेटमा ऋचा शर्मा, प्रियंका कार्की, अर्पण थापा, आयुष्मान देशराज जोशी, परमिता राज्यलक्ष्मी राना, सुरक्षा पन्त, माओत्से गुरुङ, रवीन्द्र झा, सन्दीप क्षेत्री, आशिफ शाह आदि कलाकारले अभियन गरेका छन् ।

### फारम खुला

जापानको टोकियोमा पहिलो पटक सूर्य इन्टरनेसनल एवार्ड-२०१८ को आयोजना हुने भएको छ । आयोजकहरूले एक विज्ञप्ति जारी गर्दै आगामी सेप्टेम्बरको १६ तारिक अर्थात् २०७५ भदौ ३१ गते उक्त एवार्ड वितरण गरिने बताएका छन् । उक्त एवार्डमा फिल्म र संगीत तर्फबाट ६/६ गरी १२ विधा रहने जानकारी दिइएको छ । उत्कृष्ट फिल्म, अभिनेता, अभिनेत्री, सपोर्टिङ कलाकार महिला र पुरुष गरी ६ विधा तथा संगीततर्फ लोक, पप र आधुनिक गायक-गायिका गरी ६ विधामा एवार्ड बाँडिनेछ ।

### रहेनन् थापा

पुराना कलाकार भीमबहादुर थापाको ९२ वर्षको उमेरमा बुधवार निधन भएको छ । लामो समयदेखि छाती, फोक्सोलगायत समस्याबाट पीडित थापाको बुधवारकै दिन पशुपति आर्यघाटमा अन्त्येष्टी गरिएको छ । कलाकार थापाले दर्जनौं चलचित्र, टेलिश्रृंखला तथा रेडियो नाटकमा अभिनय गरेका छन् । हास्य टेलिश्रृंखला तीतो सत्यमा काम गरेपछि उनको लोकप्रियता चुलिएको थियो । उनी कलाकारितामा प्रवेश गर्नु अगाडि नेपाली सेनामा कार्यरत थिए ।

## म्युजिक अपडेट



### एकल गायनमा टीका

गायक तथा संगीतकार टीका बोम्जन पहिलो पटक एकल गायन कार्यक्रममा प्रस्तुत भएका छन् । आर्मी अफिसर्समा आयोजित टीका बोम्जन एकल साँझ-२०७५ मा उनले आफ्ना लोकप्रिय गीतहरू सुनाएका थिए । गायक बोम्जनका दुवै हात छैनन् । नेपाली सेनामा कार्यरत टीकाले २०५९ सालमा नगरकोटस्थित रिपिटर टावरको पोस्ट मर्मत गर्ने क्रममा करेन्टमा परी दुवै हात गुमाएका थिए ।

### गीतकारलाई सम्मान

गीतकार कालीप्रसाद रिजाल अमर भावना गीतकार राष्ट्रिय सम्मान-२०७४ बाट सम्मानित भएका छन् भने गीतकार संघ नेपालले आयोजना गरेको समारोहमा गीतकार सुमन बैरागी तथा पवित्रा राईलाई वर्ष गीत पुरस्कारबाट सम्मानित गरिएको छ । उक्त अवसरमा गीत पुस्तक पुरस्कारबाट जानुका राई तथा सुमन श्रापित सम्मानित भए । संघले गीतकार राखी गौचनलाई डायस्पोरा गीतकारका रूपमा सम्मान गरेको थियो ।

### अनुपम सांगीतिक साँझ

अनुपम म्युजिक पोखराको आयोजनामा पाँचौं अनुपम साङ्गीतिक साँझ सम्पन्न भएको छ । कार्यक्रममा चार जना स्रष्टालाई सम्मानितसमेत गरिएको थियो, जसमा कवि तीर्थ श्रेष्ठ, गायक एवं संगीतकार जयकुमार परियार, गायक सन्जीव पराजुली तथा समाजसेवी गोमा ढकाल छन् । कार्यक्रममा गायक सन्जीव पराजुली, जयकुमार परियार, रामभक्त जोजिजू, इतु जोजिजू, शीतल थापा, कौशल्या गुरुङ, दुर्गा मगर, मुरारी गुरागाईं, टीका प्रसाईं, तमन्ना गुरुङ, दिलकुमारी मगर, दुर्गा मगर, सुदिप गुरुङ आदिले दर्शकको माया बटुले ।

### भूपेन्द्रको अरूसँग

भूपेन्द्र न्यौपानेको अरूसँग बोलको गीतको म्युजिक भिडियो युट्युबमार्फत सार्वजनिक भएको छ । टेक्ससको ड्यालसमा छायाङ्कन भएको उक्त गीतमा निर्देशक नारायण पुरी एवं शंकर घिमिरेले संयुक्त रूपमा निर्देशन गरेका हुन् । विश्व नेपालीको स्वरको उक्त गीतमा सन्तोष श्रेष्ठले संगीत दिएका छन् ।

### अमेरिकामा द एक्स

कन्सर्टको बाढी आइरहेको अमेरिकाको टेक्सस राज्यको ड्यालस सहरमा फेरी अर्को कन्सर्टले तन्नेरीहरूलाई नचाउने भएको छ । फ्युजन इन्टरनेसनलले नेप्सिनेको सहयोगमा आयोजना गर्न लागेको उक्त कन्सर्ट ड्यालसको टोयोटा म्युजिक फेक्ट्रीमा असार २३ गते शनिवार हुनेछ । उक्त कन्सर्टका लागि द एक्स ब्यान्डले पहिलो पटक अमेरिकाको सांगीतिक यात्रा गर्दैछ ।

### सुरुंगा डान्स च्याम्पियन

झापाको कन्काई नगरपालिकास्थित सुरुंगा डान्स च्याम्पको उपाधि अस्मिता श्रेष्ठले जितेकी छिन् । बालबालिकाहरूको नृत्य प्रतिभा उजागर गर्ने उद्देश्यले गत चैत १९ गतेदेखि सञ्चालित प्रतियोगितामा स्थानीय पशुपति अंग्रेजी मावि कक्षा ८ मा अध्यनरत छात्रा अस्मिताले १ सय ४ जना प्रतिस्पर्धीलाई पछिपार्दै उक्त उपाधि जितेकी हुन् । उक्त प्रतियोगितामा हरिकुल नमुना माविका दीपक शिवाकोटी दोस्रो तथा दीपिका सेलवाल तेस्रो भए ।

### राजेशपायलको गीत

गायक राजेशपायल राईले अमेरिकामा रेकर्ड गराएको 'उडी हराउने धुवाँ' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । गीतकार ममता राईको शब्दको उक्त गीतमा दिप घतानीको संगीत छ ।

### क्रिएटिभ राष्ट्रिय सम्मान

पोखराको क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लसले विभिन्न व्यक्तिलाई सम्मान गरेको छ । पोखरा सभागृह हलमा आयोजित क्रियटिभ राष्ट्रिय सम्मानबाट सम्मानित हुनेमा गायकहरु आनन्द कार्की, पूर्ण लिम्बु, नारायण रायमाझी, संगीतकार वसन्त सापकोटा, म्युजिक भिडियो निर्देशक मिलन शंकरसहित थिए । समारोहमा गायक स्वप्न सुमनले सांगीतिक प्रस्तुती दिएका थिए ।

### सपना हजार सार्वजनिक

गीतकार डा. केशव शर्माद्वारा रचित तथा संगीतकार सन्तोष श्रेष्ठद्वारा संगीतबद्ध गीत तथा गजल एल्बम 'सपना हजार' काठमाडौंमा विमोचन गरिएको छ । विमोचन समारोहमा गीतकार डा.कृष्णहरी बराल, संगीतकार राजु सिंह सहितका वक्ताले एल्बमका गजलहरुको समिक्षा गरेका थिए । एल्बमका सात वटा गीत-गजलमा सञ्जीवनी, मनोजराज, शिव परियार, निशा देशार, राज सिग्देल, विश्व नेपाली, इन्दु बानियाँ, मेलिना राई तथा सीडी विजय अधिकारीको स्वर समावेश छ ।

केवल एक प्रश्न

# विश्वकप फुटबल खेलिरहेका कुन खेलाडीको कुन पक्ष मन पर्छ ?







मलाई मेसीको बल छलाउने कला मन पर्छ ।

**सीपी पुडासैनी, अभिनेता**

अर्जेन्टिना, किनभने म्याराडोना मलाई आफ्नै ठूलोबा जस्ता लाग्छन् ।

**सन्दिप क्षेत्री, हास्यकलाकार**

ब्राजिलका सबै खेलाडी मन पर्छन् ।

**विनोद सिंह, मोडल तथा इभेन्ट म्यानेजर**

मलाई ब्राजिलका नेयमार मन पर्छन्, म नेयमारको जस्तोसुकै चुनौती सामना गर्न सक्ने क्षमताको फ्यान हुँ ।

**आर्जन पाण्डे, मोडल तथा गायक**

मलाई मेसी मन पर्छन् । किनभने उनी एकदमै भद्र खेलाडी हुन् । उनको पृष्ठभूमि पनि निकै प्रेरणादायक छ ।

**प्रदीप बास्तोला, अभिनेता**

मलाई मेसीको स्टाइल मन पर्छ ।

**पृथ्वीराज प्रसाई, अभिनेता**

मलाई नेयमारको खेल्ने तरिका र लुक्स साह्रै मन पर्छ ।

**ऋषिराज आचार्य, निर्देशक**

मलाई मेसी मन पर्छन् । उनको अनुशासन र शान्तिपूर्ण ढंगले प्रस्तुत हुने अनि काउन्टर एट्याक गर्ने शैली राम्रो लाग्छ ।

**विशाल भण्डारी, निर्देशक**

मलाई ब्राजिलका नेयमार मन पर्छन्, किनभने उनी अनुशासित रूपमा खेल्छन् र उनको टिमवर्क पनि एकदम राम्रो छ ।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

मलाई पोर्चुगलका रोनाल्डो मन पर्छन्, किनभने उनी खेलमा कडा मेहनत गर्छन्, त्यस्तै रोनाल्डो फुटबलका लागि ऐतिहासिक खेलाडी पनि हुन् ।

**पूर्णिमा लामा, अभिनेत्री**

मलाई मेसीको ड्रिब्लिङ साह्रै मन पर्छ ।

**दीपकराज गिरी, अभिनेता**

पोर्चुगलका क्रिस्टियानो रोनाल्डो एकदम मन पर्छन् । उनको पावर कन्फिडेन्स र एटिच्युडको म लास्टै फ्यान हुँ ।

**प्रकाश सपुत, गायक**

मलाई मेसी मन पर्छन्, किनभने उनी हरेक खेलमा अनुशासनको पालना गर्छन् ।

**केदार घिमिरे, हास्यकलाकार**

मलाई मेसीको छरितोपन तथा क्विक ड्रिब्लिङ एकदमै मन पर्छ ।

**विनोद न्यौपाने, अभिनेता**

मलाई रोनाल्डोको सीप अनि गोल गर्ने क्षमता असाध्यै मन पर्छ ।

**याम क्षेत्री, लोकगायक**

मलाई मेसीको धैर्यता मन पर्छ ।

**नरेश रेग्मी, विद्यार्थी नेता**

मलाई नेयमार मन पर्छन्, किनभने उनले हरेक खेल अनुशासित रूपमा खेलिरहेका हुन्छन् ।

**निखिल उप्रेति, अभिनेता**

मलाई मेसी मन पर्छन्, किनभने उनी चतुर खेलाडी हुन्, उनले अरूले पास दिएको बल कहिल्यै मिस गर्दैनन् । अर्को कुरा, मेसी फुटबलका हिरो नै हुन् ।

**जितु नेपाल, हास्यकलाकार**

मलाई क्रिष्टियानो रोनाल्डो मन पर्छन्, उनी साह्रै मेहनती छन् । मेहनतकै कारण उनले यो स्थान प्राप्त गरेजस्तो लाग्छ ।

**प्रदीप भट्टराई, निर्देशक**

मलाई मेसीको गोल गर्ने स्टाइल मन पर्छ ।

**पूजा शर्मा, अभिनेत्री**

मलाई नेयमारले विपक्षीको पोस्टमा द्रुत गतिमा गरेको प्रहार साह्रै मन पर्छ ।

**उर्मिला थपलिया, नेतृ, नेविसंघ**

मलाई सबै खेलाडीको कुनै न कुनै पक्ष राम्रो लाग्छ । अर्को कुरा विश्वकपमा मेरो आशा के हुन्छ भने दुवै पक्षको बराबर गोल होस्, त्यसपछि पेनाल्टी होस् र फेरि पनि बराबरी होस् अनि अन्तिममा टस होस् र त्यसैबाट हार-जितको टुङ्गो लागोस् ।

**राजनराज शिवाकोटी, गायक तथा संगीतकार**

मलाई ब्राजिलका नेयमारको हरेक पक्ष मन पर्छ ।

**वर्षा राउत, अभिनेत्री**

धेरैजसो मानिस अघिल्ला विश्वकपमा जुन देशले जित्यो अथवा जुन खेलाडीले राम्रो खेल्यो त्यसकै समर्थनमा हुन्छन्, तर मचाहिँ जुन चाहिँ टिम कमजोर छ त्यसको समर्थन गर्छु । त्यसैले खेल नहेरी कुन खेलाडीलाई सपोर्ट गर्छु अथवा उसको राम्रो-नराम्रो पक्ष के हो भन्न सक्दिनँ ।

**करिश्मा मानन्धर, अभिनेत्री**

मलाई इजिप्टका खेलाडी सलाहको हरेक पक्ष मन पर्छ, यसपालिको विश्वकपमा उनले राम्रो खेलेर चर्चा कमाउँछन् भन्ने लाग्छ ।

**विपिन कार्की, अभिनेता**

मलाई रोनाल्डोको मेहनत मन पर्छ ।

**टंक बुढाथोकी, संगीतकार तथा गायक**

प्रस्तुति : महेश तिमल्सिना





## टर्निङ प्वाइन्ट

### प्रशंसाले पुलकित

मेरो जन्म खोटाङमा भए पनि मेरो बाल्यकाल काठमाडौंमै बित्यो । मलाई सानैदेखि नृत्य मनपर्थ्यो । त्यसैले म ६-७ वर्षको उमेरदेखि नै स्टेज कार्यक्रमहरूमा नृत्य गर्थें । विभिन्न संघ-संस्थाहरूका लागि सहयोग जुटाउन नाच्थें । अर्को कुरा म स्कुलमा हुने हरेक नृत्य प्रतिस्पर्धामा प्रथम हुन्थें । मेरो नृत्यलाई सबैले मन पराउनुहुन्थ्यो र प्रशंसा समेत गर्नु हुन्थ्यो । त्यही प्रशंसाले मलाई पुलकित बनाएर नृत्यलाई नै करिअरका रूपमा अघि बढाउन प्रेरित गऱ्यो ।

### लघुचलचित्रले देखाएको सम्भावना

म हरेक ठाउँमा नृत्य गर्थें । यही क्रममा मैले करिब ४ वर्ष अघि नितिन चन्दको एउटा म्युजिक भिडियोमा अभिनय गरें । उक्त भिडियो खासै चर्चामा आएन । त्यसका साथ-साथै म नितिनकै कम्पनीको डेट इन यूएन पार्क शीर्षकको लघुचलचित्रमा अभिनय गर्न थालें । उक्त लघुचलचित्र सबैले मन पराएपछि युट्युबको ट्रेन्डिङमा पर्न थाल्यो र म त्यहीँबाट चर्चामा आएँ । चर्चामा आएपछि मलाई थुप्रै म्युजिक भिडियोबाट प्रस्ताव आउन थाल्यो ।

### लुट-२ टर्निङ प्वाइन्ट

म लघुचलचित्र तथा म्युजिक भिडियोहरूमा अभिनय गरिरहेकी थिएँ । यसै क्रममा चलचित्र लुट-२ को अडिसनका लागि अनिल खड्काले बोलाउनुभयो । अडिसनबाट म लुट-२ को अभिनेत्रीमा छानिएँ । लुट-२ को ठमेल बजार गीतमा मैले गरेको नृत्य तथा चलचित्रको अभिनय नै मेरो जीवनको टर्निङ प्वाइन्ट बन्न पुग्यो ।

● एलिसा राई, मोडल/अभिनेत्री

# नेपाली कलाकारमा फुटबल फिभर








रामजी ज्ञवाली

हिजो बिहीबारदेखि विश्वकप फुटबलको महासंग्राम सुरु भएको छ। यसको रौनक भने एक महिना अघिदेखि नै थियो। विश्वकप फुटबलको फिभर विदेशमा मात्र होइन नेपालमा पनि उत्तिकै छ, यसले नेपालीहरूलाई राम्रैसँग तताएको छ। यद्यपि विश्वकपमा नेपालको टिम सहभागी छैन। नेपाली प्रशंसकहरू आफूलाई मन पर्ने देशको टिमको समर्थन र विपक्षमा भने राम्रैसँग लागि परेका छन्। चियापसलदेखि होटल रेस्टुराँ तथा क्लबहरूमा समेत विश्वकपको रौनक छ।

सामाजिक सञ्जालमा आ-आफ्नो टिमको समर्थन र अरू टिमको विपक्षमा उत्रिएका छन्- नेपालीहरू। नेपाली कलाकारहरूलाई पनि विश्वकपले राम्रैसँग छोएको छ। उनीहरू विश्वकपलाई लिएर निकै उत्साहित छन्। कतिपय कलाकारले आफूले समर्थन गरेको टिमको जर्सी लगाएर फेसबुक, ट्विटर तथा इन्स्टाग्राममा तस्बिर अपलोड गरिरहेका छन्, आ-आफ्नो विचार सार्वजनिक गरिरहेका छन्।

राजेश हमाललाई मन पर्ने खेल हो– फुटबल। यद्यपि उनी खेल मन पराए पनि कुन टिमलाई समर्थन गर्ने भन्ने विषयमा भने अझै पक्का भैसकेका छैनन्। उनी विश्वकप खेल हेर्न छुटाउने छैनन्। क्वाटरफाइनलका खेल सुरु भएसँगै उनले आफ्नो टिम र खेलाडी छान्नेछन्। साधारणतया साथीभाइहरू जम्मा भएर रमाइलो गर्दै फुटबल हेर्ने चलन छ, तर हमालको रुचि भने केही भिन्न छ। उनलाई एक्लै बसेर खेल हेर्न मन लाग्छ।

अभिनेत्री केकी अधिकारीलाई मनपर्ने खेलाडी हुन्- मेसी। उनले सानैदेखि अर्जेन्टिनालाई सपोर्ट गर्दै आएकी छिन्। मलाई आशा छ यसपटकको विश्वकपमा मेसीको टिमले जित्ने छ, केकीले भनिन्- यसपटकको विश्वकपमा म अस्ट्रेलियामा हुन्छु, उतै खेल हेर्ने सोचमा छु। मेस्सीको जादुमय खेलले आफूलाई प्रभावित तुल्याउने केकी बताउँछिन्।

अभिनेत्री झरना थापालाई सर्वाधिक मन पर्ने खेल हो- फुटबल। झरना साथीभाइ एवं परिवारका साथ फुटबल म्याच हेर्दै आएको बताउँछिन्। यसपटकको विश्वकपले राम्रैसँग छोए पनि झरनाले आफ्नो टिम भने रोजिसकेकी छैनन्। थापा भन्छिन्- यद्यपि अर्जेन्टिना र जर्मनी अलि बढी मनपर्ने टिम हुन्।

अभिनेत्री श्वेता खड्का फुटबलको सौखिन छिन्। उनले विश्वकपका कुनै पनि खेल हेर्न छुटाउने छैनन्। श्वेताले लामो समयदेखि विश्वकपको फाइनलमा बाजी समेत थाप्दै आएकी छिन्। खड्का भन्छिन्- अहिलेसम्म मैले बाजी हारेको थाहा छैन। जस्तोसुकै व्यस्तताका बाबजुद विश्वकप फुटबल हेरेरै छाड्ने स्वेता बताउँछिन्। श्वेतालाई मन पर्ने टिम अर्जेन्टिना हो भने मेसी मन पर्ने खेलाडी हुन्। यद्यपि रोनाल्डोको खेल समेत मन पर्ने उनी बताउँछिन्।

प्रमोद खरेल पनि फुटबलले तताउने कलाकारमा पर्छन्। यसपटकको विश्वकपमा उनको दैनिकी अलिकति फरक हुनेछ। उनको दिनभरि रेकर्डिङमा व्यस्त हुने, बेलुका फुटबलमा रमाउने सेड्युल छ। प्रमोद यसपालि अर्जेन्टिनाको सपोर्टमा छन्। मेसी उनलाई मन पर्ने खेलाडी हुन्। विश्वकप चलिरहेका बेला प्रमोद अमेरिका र नेपालमा हुनेछन्। यद्यपि अमेरिकामा समेत खेल हेर्न समय मिलाउने उनी बताउँछन्। खरेल विश्वपकप कसले जित्ला भन्ने कुराको ठ्याक्कै अनुमान लगाउन सक्दैनन्। उनी भन्छन्- यसपटकको खेलमा जर्मनी खतरनाक सावित हुनसक्छ। स्पेन एकदमै लयमा खेल्ने टिम हो। ब्राजिलसँग राम्रो टिम छ। यो पटक कुनै पनि बेला फ्रान्सले कसैलाई पनि झुक्याउन सक्छ।

अभिनेत्री अश्लेषा ठकुरीलाई पनि विश्वकपले राम्रैसँग छोएको छ। लिगमा खासै मतलब नभए पनि विश्वकपमा भने पहिल्यैदेखि चासो दिने ठकुरी बताउँछिन्। अश्लेषा भन्छिन्- म जर्मनीको पक्षमा छु। जर्मनीको अनुशासित खेल तथा खेलप्रतिको लगाव मलाई विशेष मन पर्छ। उनले आफ्नो फेसबुकको प्रोफाइल र कभर तस्बिरमा समेत जर्मनीको जर्सी लगाएको तस्बिर राखेकी छिन्।

गायक कृष्ण काफ्लेलाई मन पर्ने खेलमध्ये फुटबल पहिलो नम्बरमा पर्छ। विश्वभरिका देशको प्रतिस्पर्धा हुने विश्वकप हेर्न विशेष समय छुटाएको छु, काफ्ले भन्छन्- यसपटक अर्जेन्टिनालाई समर्थन गर्दै विश्वकप हेर्नेछु।' गायक काफ्ले विश्वकप कसले जित्छ भन्ने विषयमा भने कुनै दाबी गर्न गाह्रो हुने बताउँछन्।





गायक यम बराललाई विश्वकपले छोएको एक महिनाभन्दा बढी भैसकेको छ। सांगीतिक कार्यक्रमका लागि अमेरिका पुगेका बराल एकहप्ता अघि मात्र नेपाल फर्किएका हुन्। अब यो महिना सकेसम्म फुटबल हेरेरै बिताउने योजनाअनुसार नेपाल आएको छु, बराल भन्छन्- फुटबल मलाई सबैभन्दा मन पर्ने खेल हो, विश्वकप छुटाउने त कुरै भएन नि। उनी यसपटक अर्जेन्टिनाले जित्लुपर्छ भन्छन्। कारण ? उनले थपे- यो मलाई मनपर्ने टिम हो, अनि यो मेसीको अन्तिम विश्वकप पनि हो।

अभिनेता दीपकराज गिरी १९९० देखि अर्जेन्टिनाको समर्थक हुन्। सानैदेखि अर्जेन्टिनाको समर्थक भएकाले उनी अर्जेन्टिनासँग अटुट सम्बन्ध रहेको बताउँछन्। युरोपेली देशले जित्छ विश्वकप, यदि त्यसो भएन भने ब्राजिल वा अर्जेन्टिनाले जित्लान्, गिरीले भने। पहिल्यैदेखि अर्जेन्टिनाको जर्सी सुरक्षित राखेको उनले बताए। विगतमा फेसबुक, टिव्टर, इन्स्टा आदि सामाजिक सञ्जालमा खुलेर आफ्नो टिमको प्रचार गरिन्थ्यो, गिरीले भने- आजभोलि चलचित्रमा अलि बढी व्यस्त छु, त्यसैले एउटाको पक्षमा लेख्दा अर्को टिमका समर्थकको चित्त दुख्छ भनेर मैले यो काम बन्द गरिदिए।





अभिनेत्री बेनिशा हमाल यसपटकको विश्वकपमा ब्राजिलले जित्नेमा ढुक्क रहेको बताउँछिन्। यसपटक मात्र होइन फुटबल जानेदेखिनै म ब्राजिलको समर्थक हुँ, हमालले भनिन्- सानो छँदा बुवा ब्राजिलको सपोर्टमा हुनुहुन्थ्यो, ममा पनि उहाँको प्रभाव पऱ्यो। अघिल्लो पटकको हार निकै ठूलो थियो ब्राजिलका लागि, बेनिशा भन्छिन्- त्यसले केही पाठ सिकाएको छ, त्यसैले ब्राजिल अहिले थप बलियो भए आएको छ।



गायक चेतन सापकोटा विश्वकप सुरु हुनुभन्दा दुई महिनाअघिदेखि नै एक्साइटेड भएको बताउँछन्। नयाँबस्ती, जोरपाटीमा ठूलो प्रोजेक्टर राखेर विश्वकप हेर्ने सोच छ, उनले भने। चेतन अर्जेन्टिनाले जित्नेमा आशावादी छन्। मेसी, मार्कोस, निकोलस जस्ता उत्कृष्ट खेलाडी भएकाले अर्जेन्टिनाले जित्ने कुरामा उनी ढुक्क छन्।





अभिनेत्री सञ्चिता लुइँटेल फुटबलमा सानैदेखि क्रेजी भएकाले विश्वकप हेर्न कहिल्यै नछुटाउने बताउँछिन्। यसपटकको विश्वकप आफ्नो घरमा नजिकका साथीभाइहरू जम्मा पारेर हेर्ने सोच छ। आई लभ ब्राजिल, लुइँटेलले भन्छिन्- किनभने ब्राजिलको टिमवर्क राम्रो छ, यसपटकको विश्वकप ब्राजिलले नै जित्छ। यसपटक परिवारमा सबैले ब्राजिलको जर्सी लगाएर खेल हेर्ने सञ्चिताले बताइन्। मेरो परिवारमा बुवा अर्जेन्टिनाको फ्यान हुनुहुन्छ, उहाँबाहेक बाँकी सबै ब्राजिलका समर्थक हौं।





लोक गायक खुमन अधिकारी केही समय अघि मात्र रुस पुगेर आएका छन्। उनी यसपटक ब्राजिलको समर्थनमा छन्। मलाई यो टिम पहिल्यैदेखि मन पर्छ, यसपटक ब्राजिलले नै खेल जित्ने आशा छ। यो टिममा नेयमार र सिल्भा पावरफुल खेलाडी भएकाले मात्र होइन, खेल रणनीतिसमेत राम्रो भएकाले ब्राजिलले जित्ने अधिकारीको दाबी छ।






समीक्षा

# जेठका चलचित्र : सबै फ्लप !























## भाँडाकुटी खेल्ने ठाउँ होइन



● सामीप्यराज तिमल्सिना
चलचित्र समीक्षक

जेठमा प्रदर्शनमा आएका चलचित्रमध्ये कुनै पनि चलचित्रलाई दर्शकले रुचाएनन्। पछिल्लो समय करोड क्लब, दुई करोड क्लबमा प्रवेश गरेको हावादारी गफ सुनेर चलचित्र बनाउन आएकाहरू नै यसको बढी मारमा परेको देखिन्छ। अर्को कुरा, जेठमा अधिकांश चलचित्र फ्लप हुनुमा सबै चलचित्रको कथा कमजोर हुनु नै प्रमुख कारण हो। दर्शकको अपेक्षा के छ, उनीहरू कस्तो चलचित्र चाहन्छन् त्यसमा खासै ध्यान दिइएको पाइँदैन। चलचित्र उद्योग भाँडाकुटी खेल्ने ठाउँ होइन। यो हिसाबले भन्ने हो भने जेठमा मात्र होइन, अरू केही महिना पनि फ्लप चलचित्रको ओइरो रोकिनेवाला छैन। नेपालमा जति पनि चलचित्र निर्माता छन्, अधिकांश अरूका हावादारी गफ सुनेर यो क्षेत्रमा आएको पाइन्छ, चलचित्र बनाउनुअघि यो क्षेत्रको साधारण कुरा त बुझ्नुपर्‍यो नि !

रामजी ज्ञवाली

जेठमा आठवटा नेपाली चलचित्र प्रदर्शन भए। वैशाखमा १० वटा चलचित्र प्रदर्शनमा आएका थिए, तर जेठमा भने त्यसको तुलनामा केही कम चलचित्र दर्शकले हेर्न पाए। वैशाखमा लिलिबिली र केही सातादेखि चल्दै आएको शत्रुगतेले धमकेदार व्यापार गरे। जेठमा भने दर्शकको मन जित्ने र व्यापार गर्ने खासै चलचित्र फेला पार्न सकिएन। यो महिना हैरान, कोसेली, सुनकेशरी, हरि, बेबी आई लभ यु, अमेरिका ब्वाइज, चंगा तथा मट्टी मालाले गरेको नाफा-घाटा एवं दर्शकहरूको प्रतिक्रियाको समीक्षा गर्ने हो भने केही बढी मन पराइएको चलचित्र हरि हो, तर उक्त चलचित्रले पनि लगानी उठाउन सकेन। यो हिसाबमा भन्ने हो भने जेठका सबै चलचित्र फ्लप भएका छन्। कुनै पनि चलचित्रले लगानी उठाउन सकेका छैनन्।

जेठ ४ मा एकल प्रदर्शनमा आयो– हैरान। एकैपटकमा चार-पाँचवटासम्म चलचित्र जुधिरहेको नेपाली चलचित्रको बजारमा हैरानले एक्लै प्रदर्शनको अवसर पाउनु चानचुने कुरा थिएन, तर यो चलचित्रलाई दर्शकले पत्याएनन्। चलचित्र समीक्षकहरूले हैरान हेरेर खासै सकारात्मक प्रतिक्रिया दिएनन्। सरोज खनाल, गजित विष्ट, बुद्धि तामाङ, सत्यराज आचार्य, निष्मा घिमिरे आदि कलाकारद्वारा अभिनीत यो चलचित्र हास्यव्यङ्ग्यमा आधारित थियो, तर दर्शकले यो चलचित्रलाई विषयवस्तुमा केन्द्रित हुन नसकेको कच्चा चलचित्रका रूपमा परिभाषित गरे।

अभिनेत्री ऋचा शर्माले निर्माण गरेको चलचित्र सुनकेशरीले प्रदर्शनको एक हप्ता नपुग्दै १ करोड रुपैयाँको केक काट्यो। झन्डै डेढ करोड रुपैयाँमा निर्माण भएको उक्त चलचित्र पहिलो हप्तापछि हलमा खासै देखिएन। चलचित्रले १ करोड रुपैयाँ कमाए पनि निर्माताको हातमा पर्ने भनेको ३० लाख रुपैयाँ मात्र हो। यो हिसाबले पनि सुनकेशरी फ्लप चलचित्रको सूचीमा पर्छ। चलचित्रको प्रदर्शनपछि दर्शकले अभिनेता तथा निर्देशक अर्पण थापालाई अभिनय मात्र गर्न सुझाव दिए। ऋचा शर्मा, सन्नी ढकाल, रवीन्द्र झा आदि कलाकारद्वारा अभिनीत चलचित्र सुनकेशरीमा समावेश कालीप्रसाद बाँस्कोटा तथा विजय अधिकारीको संगीत कता हरायो, पत्तो भएन। अधिकांश दृश्य अस्ट्रेलियामा खिचिएको सुनकेशरीलाई हरर चलचित्र भनिए पनि दर्शकले चलचित्रका कुनै पनि दृश्य डर लाग्ने खालको नभएको प्रतिक्रिया दिए।

जेठ ११ मै सुनकेशरीसँग जुधेको चलचित्र कोसेली हलबाट कतिबेला उत्रियो कसैले पत्तो पाएनन्। मनोज खत्रीको निर्देशन रहेको यो चलचित्रले पहिलो शोदेखि नै दर्शक पाएन। मनोज खत्री, दिनेश शर्मा, जेएन घिमिरे, रचना लामा, तेजा ऐर आदि नयाँ कलाकारहरूद्वारा अभिनीत यो चलचित्र झन्डै एक वर्ष लगाएर निर्माण गरिएको थियो। प्रेम, द्वन्द्व, विछोड आदि विषय समेटिएको चलचित्र कोसेली निर्माण गर्न झन्डै ४० लाख रुपैयाँ लगानी गरिएको निर्देशक मनोज खत्रीले बताएका थिए।

जेठ १८ मा एकै दिन तिन चलचित्र प्रदर्शनमा आए– हरि, बेबी आई लभ यू तथा अमेरिका ब्वाइज, तर यी तीनवटै चलचित्रले लगानी उठाउन सकेनन्। हरिका कलाकार विपिन कार्कीको अभिनयको चौतर्फी प्रशंसा भए पनि चलचित्र व्यवसायिक रूपमा असफल भयो। सफल केसी तथा प्रतीक गुरुङको निर्देशनमा तयार भएको चलचित्र हरि पूर्वनिर्धारित मितिबाट सरेर जेठ १८ मा प्रदर्शनमा आएको थियो। चलचित्र समीक्षक, पत्रकार तथा केही बुद्धिजीवीले सकारात्मक प्रतिक्रिया दिए पनि हरि असफल सावित हुन पुग्यो। समीक्षकहरू भन्छन्- धेरै चलचित्रसँग जुध्नु नै हरिको दुर्भाग्य हो। उनीहरूका अनुसार जेठ ४ मा हैरानसँगै प्रदर्शन भएको भए हरिले लगानी उठाउन सक्ने सम्भावना थियो। 'हरि' मा अभिनेता विपिन कार्की एकदमै फरक लुक्समा देखिएका थिए।

जनक पाण्डेले निर्देशन गरेको चलचित्र बेबी आई लभ यू केही दिनमै हलबाट उत्रियो। सरोज खनाल, सन्तोष खड्की, पुजा तिवारी, निर्मल शर्मा आदिले अभिनय गरेको यो चलचित्र पूर्ण रूपमा प्रेमकथामा आधारित थियो, तर बलियो कथाको अभाव एवं अधिकांश कलाकार नयाँ भएकाले यसलाई दर्शकले पत्याएनन्।

पटक-पटक प्रदर्शन मिति सरेर १८ जेठमा सार्वजनिक चलचित्र अमेरिका ब्वाइज फ्लप चलचित्रको सूचीबाट उम्कन सकेन। २ करोड रुपैयाँमा निर्माण भएको यो चलचित्र प्रवेश पौडेलले निर्देशन गरेका थिए। यो चलचित्र वैदेशिक रोजगारीमा केन्द्रित थियो। अर्पण थापा, सृष्टि कार्की, सन्दीप क्षेत्री, कामेश्वर चौरासिया, सुनिल थापा, हरिहर शर्मा, मनिष राउत, रुबी राना आदि कलाकारले अभिनय गरेको अमेरिका ब्वाइज हलमा एक साता पनि टिक्न सकेन।

जेठको अन्तिम शुक्रबार प्रदर्शनमा आए चलचित्र- चंगा र मट्टी माला। किशोर भण्डारीले निर्देशन गरेको चलचित्र चंगामा बुद्धि तामाङ, कमलमणि नेपाल, अंकित खड्का, लक्ष्मी बर्देवा, रेश्मा तिमल्सिना आदि कलाकार मुख्य भूमिकामा थिए, तर अन्य चलचित्रको अवस्था जस्तै भयो चंगाको पनि। राजनराज शिवाकोटी तथा कमल खत्रीको संगीतलाई पनि दर्शकले नोटिस गरेनन्। गाउँघरको मौलिक कथा उठान गरिएको चलचित्र चंगा बाल-मनोविज्ञानमा आधारित थियो। चंगासँगै प्रदर्शनमा आएको चलचित्र मट्टी मालाको अवस्था पनि उस्तै देखियो। टेके पौरखी राईद्वारा निर्देशित चलचित्र मट्टी मालामा प्रियंका कार्की, बुद्धि तामाङ, रजनी गुरुङ आदि कलाकारले अभिनय गरेका थिए। माटोभित्र पाइने बहुमूल्य धातु मट्टी मालाको विषयमा केन्द्रित यो चलचित्रमा प्रेम, एक्सन, कमेडी तथा रोमान्ससमेत प्रस्तुत गरिएको थियो। साहूको ऋण तिर्न नसकेपछि विदेश पुगेका युवाको कथामा यसअघि थुप्रै चलचित्र बनिसकेका छन्, यो चलचित्रले पनि उनीहरूकै केही दृश्य र कथा सापट लिएजस्तो मात्र देखियो।

# देशैभरी मिस एसईई प्रतियोगिता



## मिस एसईईको उपाधि

मिस एसईई प्रोविन्स वान-२०१८ को उपाधि बिर्तामोडकी स्नेहा संग्रौलाले हात पारेकी छिन् । स्नेहाले सहभागी २४ जना प्रतिस्पधीलाई पछि पार्दै यो वर्षको उपाधि जितेकी हुन् । ड्रिम्स वर्ल्ड इन्टरटेनमेन्टले आयोजना गरेको माइग्रेसन कर्नर मिस एसईई प्रोविन्स वानमा नेहारिका ताम्लिङ लिम्बू फस्ट रनर्सअप तथा नेहा कार्की सेकेन्ड रनर्सअप घोषित भए ।

## मिस एसईई स्टार-२०१८

काठमाडौंमा सम्पन्न मिस एसईइ स्टार-२०१८ को उपाधि सन्ध्या कोइरालाले जितेकी छिन् । प्रतियोगितामा सुस्मिता श्रेष्ठले फस्ट रनर्सअप तथा युना सिटौलाले सेकेन्ड रनर्सअपको उपाधि प्राप्त गरेका थिए भने थर्ड रनर्सअपमा चाँदनी थापाले बाजी मारेकी थिइन् ।



## मिस्टर एन्ड मिस एसईई

मिस्टर एन्ड मिस एसईई-२०१८ को उपाधि उमंग राउत तथा एरी तुलाधरले जितेका छन् । प्रतियोगितामा आर्यन श्रेष्ठ र सृद्धि शर्मा फस्ट रनर्सअप तथा रोमन चापागाईं र लुमन्ति तुलाधर सेकेन्ड रनर्सअप घोषित भए ।

## मिस सी आइकन चितवन



पोखराको ब्ल्यू रेज प्रोडक्सन एण्ड इभेन्ट म्यानेजमेन्टले चितवनमा आयोजना गरेको मिस सी आइकन चितवन-२०१८ को उपाधि प्रियंका जोशीले जितेकी छिन् । प्रतियोगितामा अवान्तिका तामाङ फस्ट रनर्सअप तथा अमिशा श्रेष्ठ सेकेन्ड रनर्सअप घोषित भए । यो प्रतियोगितामा एसईई दिएर बसेका किशोरीहरूले सहभागिता जनाएका थिए ।

## मिस सी क्विन



पोखरामा सञ्चालित चौथो संस्करणको मिस सी क्विनको उपाधि पोखरा तेर्सापट्टीकी सुप्रिमा तुलाधरले जितेकी छिन् । ग्रान्ड फिनालेमा तुलाधरले उपाधिसहित मिस फोटोजेनिकको उपाधि समेत हात पारिन् । द लुक्स फेसन होम्सले आयोजना गरेको यो प्रतियोगितामा हेल्दी हेयरको उपाधिसहित एलिना श्रेष्ठ फस्ट रनर्सअप तथा मिस पर्सनालिटीको उपाधिसहित दिया गुरुङ सेकेन्ड रनर्सअप घोषित भए । भ्युअर च्वाइससहित बेस्ट डिसिप्लिनको उपाधि प्रियंका कार्कीले प्राप्त गरेको प्रतियोगितामा सोनी पौडेल मिस पंचुअल, रोजिना केसी मिस ट्यालेन्ट, निभिना तामाङ मस्ट चार्मिङ, पूजा बास्तोला सी फेसबुक, समीक्षा पौडेल वेस्ट पर्फमेन्स तथा अनिशा श्रेष्ठ मिस फ्रेन्डलीका रूपमा पुरस्कृत भए ।

## एसईई मोडल हन्ट

एसईई परीक्षामा सहभागी छात्र एवं छात्राहरूमा केन्द्रित एसईई मोडल हन्ट-२०१८ मा तनहुँकी १४ वर्षीया दिया श्रेष्ठ तथा बनेपा, साँगाका १६ वर्षीय कृशल श्रेष्ठ विजेता भएका छन् । उक्त प्रतियोगितामा निशान चेम्जोङ लिम्बु र कृषा श्रेष्ठ फ्रस्ट रनर्सअप तथा समृद्धि गिरी र आयुष लामा सेकेन्ड रनर्सअप छनौट भए ।



# फेसन नोभामा क्रिएसनका पहिरन



द क्रिएसन इन्स्टिच्युट अफ फेसन डिजाइनले होटल अन्नपूर्णमा 'फेसन नोभा २०१८ : सिजन-७' शीर्षकको फेसन शो आयोजना गरेको छ । फेसन डिजाइनिङको प्रवर्द्धन तथा व्यवसायिक विकासका लागि द क्रिएसनले यो फेसन शो आयोजित गरेको संस्थाकी अध्यक्ष मनिता थापाले बताएकी छिन् ।फेसन शोमा डिजाइनरहरू निश सिंह, मेनुका भट्टराई, जीवा श्रेष्ठ, संगीता पण्डित, ज्योति अग्रवाल, बिना थापा, शर्मिला न्यौपाने, जुमना नेपाली, निर्मादा स्याङतान तथा सजिना विष्टले तयार पारेका पहिरनहरू प्रदर्शन गरिएको थियो । डिजाइनरहरूले फेसन शोका लागि सातवटा थिममा विशेष डिजाइन तयार पारेका थिए जसअन्तर्गत ब्ल्याक टु ब्ल्याक, बार्बी गोज टु बजार, लभ्ली लेयर्स, समर अफ लभ, आर्टिस्र्टिक, ब्राइडल तथा ककटेल सिक्वेन्स थिए ।

राइस म्युजिकका बिनोद सिंहद्वारा व्यवस्थापन गरिएको उक्त फेसन शोमा मोडल तथा अभिनेत्री रेनुका सिंह ठकुरी, अभिनेता पृथ्वीराज प्रसाईं, मोडल दीपक घिमिरे, अभिनेत्री रक्षा श्रेष्ठ, मोडल निलम चन्द तथा बाल कलाकार कुशाग्र भट्टराईले शो स्टपर्सका रूपमा क्याटवाक गरेका थिए । उनीहरूलाई डेढ दर्जन व्यवसायिक मोडलले साथ दिए । फेसन शोमा पहिलो मिस नेपाल रुवी राणा शाह विशेष रूपमा प्रस्तुत भएकी थिइन् भने यो शो मोडल तथा कोरियोग्राफर विपना थापाको कोरियोग्राफीमा सम्पन्न भएको थियो । उक्त अवसरमा अभिनेता एवं जादुगर महादेव त्रिपाठी, गायिका सिर्जना गुरुङ, गायक ध्रुव विश्काले गीत-संगीत प्रस्तुत गर्नुका साथै कलाकार अभिषेश श्रेष्ठले आकर्षक नृत्य देखाएका थिए ।



# लोकनृत्य प्रतियोगिता

अन्तरविद्यालय लोकनृत्य प्रतियोगिता-२०७५ मा सुनाखरी एकेडेमी धरान-१२ प्रथम भएको छ । प्रतियोगितामा सहभागी धरानका १२ वटा विद्यालयलाई पछि पार्दै सुनाखरी विजेता घोषित भएको हो । उक्त प्रतियोगितामा समिट हायर सेकेन्डरी बोर्डिङ स्कुल दोस्रो तथा धरान आदर्श बोर्डिङ स्कुल तेस्रो भए भने डिपोट हायर सेकेन्डरी स्कुलले सान्त्वना पुरस्कारमा चित्त बुझाउनुपर्‍यो ।





सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक
सारा
शिर्पाइली
तस्बिर : महेश प्रधान
लोकेसन : दशरथ रंगशाला, त्रिपुरेश्वर
जर्सी : स्पोर्ट्स युनिभर्स, नयाँ बानेश्वर
संयोजन : कृष्ण भट्टराई
Log on to :
facebook
www.facebook.com\kantipursaptahik






BRASIL

# ५५ वर्षे हिरो

अभिनेता राजेश हमालले आफ्नो ५४ औं जन्मदिनको केक काट्ने समारोहमा सोच्दै नसोचेको उपहार प्राप्त गरेका छन् । ५४ पुगेर ५५ वर्षमा प्रवेश गर्ने क्रममा उनले एउटा नयाँ नेपाली चलचित्रबाट प्रस्ताव पाएका छन् । पछिल्लो पटक उनलाई पर्दामा उतार्ने निर्देशक दिनेश श्रेष्ठले नै हमाललाई यो खुसी दिएका हुन् । श्रेष्ठले निर्देशन गर्ने शीर्षक राख्न बाँकी रहेको उक्त चलचित्रका लागि हमाललाई अनुबन्ध गरिसकिएको बताइन्छ । गत शनिबार हमाल निवासमै पुगेर निर्देशक श्रेष्ठले हमाललाई चलचित्रमा अनुबन्ध गराएका हुन् । त्यस क्रममा चलचित्रका निर्माता शिवराज कार्कीले हमाललाई उपहार स्वरुप केक प्रदान गरेका थिए, जुन त्यही भेटका क्रममा काटिएको थियो । भनिन्छ, उक्त चलचित्रको स्क्रिप्टमा हमाल सात महिना जति घोत्लिए । जन्मदिनको अवसर पारेर उहाँले चलचित्र साइन गर्नु भएको हो, निर्देशक श्रेष्ठ भन्छन्– चलचित्रमा हमालको भूमिका पृथक् छ । उक्त चलचित्रमा हमालसहित चार जना अभिनेत्री मुख्य भूमिकामा रहने बताइएको छ ।





# चर्चा बटुल्दै कशिस

नेपाली सिने जगत्मा सम्भावनायुक्त नायिका तथा मोडल कशिस दाहालको व्यस्तता बढ्दै गएको छ । विभिन्न चलचित्र, म्युजिक भिडियो एवं देश–विदेशका कार्यक्रमहरूमा व्यस्त कशिसको प्रशंसा नगर्नेहरू कमै छन् । अभिनय तथा नृत्यमा पोख्त कशिस सुन्दर मुहार र आकर्षक शरीरकी धनी छिन् । मोडलिङ हुँदै चलचित्रमा प्रवेश गरेकी दाहालले करिब आधा दर्जन चलचित्रमा अभिनय गरिसकेकी छिन् भने दर्जनौं म्युजिक भिडियोमा आफ्नो कुशल अभिनय तथा नृत्य प्रस्तुत गरेर लाखौं दर्शकको मनमा छाप छोडेकी छिन् । आफूले अभिनय गरेको चलचित्र द प्रिन्स सार्वजनिक हुने क्रममा रहेको अभिनेत्री कशिस बताउँछिन् । इटहरीकी स्थायी बासिन्दा कशिस हँसिली तथा फरासिलो स्वभावकी छिन् ।



# विपिनको ह्याट्रिक

विपिन कार्की प्रतिभाशाली कलाकार हुन् भन्ने कुरामा एक प्रतिशत पनि शंका छैन । पशुपति प्रसाद, जात्रा जस्ता चलचित्रमा उत्कृष्ट अभिनय गरेपछि उनको पारिश्रमिकले पनि २० लाख रुपैयाँको सीमा पार गर्‍यो । विपिनले अभिनय गरेका चलचित्रहरू पालै-पालो सफल भएपछि उनलाई चलचित्रमा लिन चाहने निर्माता-निर्देशकहरूको संख्या समेत ह्वात्तै बढ्यो । धेरैभन्दा धेरै चलचित्रबाट प्रस्ताव आएकाले विपिनले अभिनयलाई निरन्तरता दिइरहे । दर्शकमाझ ... राम्रो क्रेज भएकाले निर्माताले ... उनलाई भने जति पारिश्रमिक ... दिन गाह्रो मानेनन् भने वितरणले पनि उनका चलचित्र लिन हिच्किचाएनन् । पछिल्ला केही महिनायता विपिनले अभिनय गरेका तीन चलचित्र पालैपालो प्रदर्शनमा आए । विडम्बना, तीनवटै चलचित्र व्यवसायिक रूपमा असफल भए । सुरुमा चलचित्र लालपुर्जाले लगानी समेत सुरक्षित गर्न सकेन । चलचित्र नाकाको अवस्था पनि उस्तै रह्यो अर्थात यसले धेरै दिनसम्म सिनेमा हलमा बस्न पाएन । अघिल्लो साता प्रदर्शनमा आएको चलचित्र 'हरि' बाट विपिन निकै आशावादी थिए । समीक्षकहरूले उत्कृष्ट रेटिङ गरे पनि दर्शकले यसलाई रुचाएनन् । यति भएपछि उनका चलचित्रले असफलतामा ह्याट्रिक गरे भन्दा के फरक पर्ला र ?





अनुपविक्रम शाही, अभिनेता

# फिट शरीरको रहस्य

नेपाली चलचित्रमा ह्यान्डसम भिलेनका रूपमा चिनिएका छन्– अभिनेता अनुपविक्रम शाही । उनको चर्चा दिन-प्रतिदिन बढिरहेको छ । कारण हो, उनी ह्यान्डसम हुनुका साथै दमदार अभिनय गर्छन । नेपाली अभिनेताहरूमा उनको शरीरलाई सबैभन्दा आकर्षक र लोभलाग्दो शरीरमा लिइन्छ । साप्ताहिककर्मी रामजी ज्ञवालीसँग अनुपविक्रमले आफ्नो लोभलाग्दो ज्यानको रहस्य यसरी खोले ।

■ बिहान उठ्ने र साँझ सुत्ने मेरो सेडुअल लगभग एउटै हुन्छ । यद्यपि चलचित्रको छायांकनका बेला भने यो कुरा लागू हुँदैन । हाम्रो शरीरलाई आराम पनि चाहिन्छ । आराम पुगेन भने स्वास्थ्यमा विभिन्न किसिमका समस्या देखा पर्छन् ।

■ सकेसम्म घरको खाना खान्छु । कहिलेकाहीं बाध्यता भएको खण्डमा मात्र बाहिरको खानाबाट चित्त बुझाउँछु । बाहिरको खानाले शरीर लाग्दैन । बाहिरको खाना अस्वस्थकर हुन सक्छ । सकेसम्म घरमै बनाइएको ताजा र स्वस्थ खाना खाए हाम्रो शरीर आफैं राम्रो हुँदै जान्छ ।

■ नियमित जिम जानु शरीर बनाउने अर्को उपाय हो । हरेक दिन कम्तीमा २ घण्टा जिम गर्न कहिल्यै छोड्दिनँ । हरेक व्यक्तिले आकर्षक शरीरका लागि हप्तामा ३ देखी ४ दिन जिम गर्नु जरुरी छ ।

■ सफा माछामासुको सेवनमा ध्यान पुर्‍याउनुपर्छ । आफ्नो शरीरलाई कस्तो खालको मासु उपयुक्त हुन्छ भन्ने कुरा ख्याल गरेर यसको उपयोग गर्नुपर्छ । हरेक दिन बिहान, दिउँसो र साँझ अण्डा छुट्दैन । खानामा सकेसम्म २ पिस मासु खान्छु । एकपटकमा २ देखि ३ वटासम्म अण्डा खानेगरेको छु ।

■ खानेकुरा खाँदा एकैपटक धेरै खाएर घण्टौं नखाने आमनेपालीको बानी छ, म त्यसो गर्दिनँ । सकेसम्म २-२ घण्टामा केही न केही खाइरहने हो भने ज्यान लाग्नुका साथै स्वस्थ रहन सकिन्छ ।

■ मानसिक रूपमा स्वस्थ रहनुपर्छ, यसका लागि योग, जकिङ आदि गर्नुपर्छ । चिन्ता लिइरहने मानिसको ज्यान नबन्ने मात्र होइन, उनीहरू अस्वस्थसमेत हुन्छन् ।

■ सकेसम्म सफा पानी पिउँछु । तिर्खा लाग्यो भन्दैमा जहाँ पायो त्यहाँको पानी पिउने बानी छैन । पानीसम्बन्धी हेलचेक्र्याइँका कारण हाम्रो शरीरमा धेरै रोग लाग्ने भएकाले यो कुरामा एकदमै सचेत हुनु जरुरी छ ।

■ हरिया सागसब्जीलाई आफ्नो भोजनमा समावेश गर्नुपर्छ । यति मात्र होइन, समय-समयमा ताजा फलफूल पनि खान्छु । खासगरी मौसमअनुसारका फलफूलमा जोड दिनु जरुरी छ । दिउँसो खाजा खाने समयमा सकेसम्म फलफूल खान्छु । म:म, चाउमिनजस्ता खानेकुरा भरिसक्य खानु हुँदैन ।

# निश्चललाई पनि २५

यतिबेला नेपाली चलचित्रका लोकप्रिय अनुहारहरूले जति पारिश्रमिक पाउने क्रम बढेको छ। चलचित्रको व्यवसायिक पक्ष सामान्य नै रहे पनि अभिनेता-अभिनेत्रीहरूले एक-पछि अर्को गर्दै आफ्नो पारिश्रमिक बढाउँदै लगेका छन्। अनमोल केसी, प्रदीप खड्का, खगेन्द्र लामिछाने, दयाहाङ राई, विपिन कार्की आदि अभिनेताले २० लाख रुपैयाँभन्दा कम पारिश्रमिकमा काम गर्न छाडिसके। अहिले आएर निर्देशक तथा अभिनेता निश्चल बस्नेत पनि यही कोटीमा उक्लिएका छन्। छायांकनको तयारीमा रहेको एउटा चलचित्रले निश्चललाई २५ लाख रुपैयाँ पारिश्रमिक दिएर अनुबन्ध गरेको बताइएको छ। विपिन कार्की तथा नम्रता श्रेष्ठको मुख्य भूमिका रहने चलचित्र प्रसादमा निश्चलको इन्ट्री भएको हो। दिनेश राउतले निर्देशन गर्ने उक्त चलचित्रका लेखक सञ्चारकर्मी सुशील पौडेल हुन्।





# मिस नेपाल यूएसकी प्रशिक्षक

नेपालमा आफू अभिनीत चलचित्र त्यति नचलेर फुर्सदमा रहेकी सन् २०११ की मिस नेपाल तथा अभिनेत्री मलिना जोशी अमेरिकाको टेक्सास राज्यमा हुने छैटौं मिस नेपाल यूएस-२०१८ कि आधिकारिक प्रशिक्षक नियुक्त भएकी छिन्। टेक्सासको ड्यालसमा आगामी अगस्ट १९ तारिख आइतबारका दिन हुने उक्त कार्यक्रमका लागि मलिनालाई छनौट गरिएको जानकारी आयोजकहरूले नै सार्वजनिक गरेका हुन्। सन् २०१४ मा पनि मिस नेपाल यूएस को आधिकारिक प्रशिक्षक भैसकेकी मलिना एसियन पेन्ट्सकी ब्रान्ड इन्डोरसर, डिस होमकी ब्रान्ड सद्भाव दूत, मिस भुटान यूएसएकी आधिकारिक कोरियोग्राफर, मिस नेपाल क्यालिफोर्नियाकी आधिकारिक कोरियोग्राफर तथा विश्व वन्यजन्तु कोष नेपालकी पूर्व युवा संरक्षण रहिसकेकी छिन्।



# मल्टिप्लेक्समा सारा

अभिनेत्री सारा शिर्पाइली सम्भावना भएकी अभिनेत्री मानिन्छिन्। यति हुँदा-हुँदै पनि उनलाई मल्टिप्लेक्सले अहिलेसम्म पत्याएको छैन। अभिनेता निखिल उप्रेतीसँग अघिल्लो वर्ष उनले अभिनय गरेका दुई चलचित्र रुद्र तथा पिंजडा ब्याक अगेन सिंगल थिएटरमै सीमित भए। वास्तवमा निखिल उप्रेतीका चलचित्र एक्सनप्रधान हुने तथा ती चलचित्र सिंगल थिएटरकै लागि निर्माण गरिन्छ भन्ने आम बुझाइ छ। मल्टिप्लेक्सवालाहरू पनि त्यही बुझाइको सिकार भएका कारण निखिलका चलचित्रले क्यूएफएक्समा स्थान नपाएका हुन्, तर त्यसको शिकार हुन पुगिन् सारा। यद्यपि अहिले साराले आफ्नो करियरको तेस्रो चलचित्रमार्फत मल्टिप्लेक्सको यात्रा गर्ने निश्चित भएको छ। भदौमा प्रदर्शन हुने चलचित्र सुश्री सम्पत्ति मल्टिप्लेक्समा प्रदर्शन हुने निश्चित भएपछि सारा अहिले फुरुङ्ग छिन्। सुव्रतराज आचार्यद्वारा निर्देशित यो चलचित्रमा साराले सलोन बस्नेत तथा विनोद न्यौपानेसँगै मुख्य भूमिका निर्वाह गरेकी छिन्।

फटाफट



तस्बिर : नवराज बार्ले

# वर्ल्डकपमा एसियाली देशको समर्थन गर्छु

**कहिलेदेखि फुटबलमा रुचि जाग्यो ?**

म सानैदेखि भकुन्डो खेल्यैं। गाउँमा साथीहरूसँग कपडाको बल बनाएर खेलिन्थ्यो। स्कुल जान थालेपछि अलि राम्रोसँग फुटबल खेल्न पाएँ। त्यसपछि ममा फुटबलको रस बस्यो।

**तपाईंले फुटबल खेल्दा नेपाली फुटबलको अवस्था कस्तो थियो ?**

त्यो बेला नेपाली फुटबलको अवस्था निकै राम्रो थियो। पूर्वाधार त्यति थिएन, तैपनि खेलाडीहरू अनुशासित थिए। खेलाडीहरूमा उत्साह थियो। सबै जना जित्नैपर्छ भन्दै मरिमेटेर खेल्थे।

**महिला राष्ट्रिय टिममा कसरी प्रवेश गर्नुभयो ?**

म स्कुलमा पनि फुटबलको क्याप्टेन थिएँ। अन्तरविद्यालयस्तरीय फुटबल प्रतियोगिताहरूमा समेत सहभागी हुन्थें। अञ्चलस्तरीय फुटबल प्रतियोगितामा दाङबाट खेल्थें। यही क्रममा मैले नै नेतृत्व गर्ने गरी राप्ती अञ्चलबाट राष्ट्रिय प्रतियोगिता खेल्ने अवसर पाएँ।

**फुटबल खेल्न किन छाड्नुभयो ?**

स्कुल पढ्दा फुटबल धेरै खेलें, तर पछि मैले एथलेटिक्स रोजें। त्यसपछि मैले फुटबलको यात्रामा विराम लगाएँ। तैपनि फुटबलको मोह अझै गएको छैन।

**यसपालिको विश्वकप फुटबल कसरी हेर्दै हुनुहुन्छ ?**

घरपरिवार तथा नजिकका साथीभाइहरूसँग बसेर हेर्ने सोच बनाएकी छु।

**कुन देशलाई समर्थन गर्दैहुनुहुन्छ ?**

अरूको भन्दा मेरो अलि फरक छ। म खेल र देशको हिसाबमा समर्थन गरिरहेकी हुन्छु। हामीलाई सहयोग गर्ने मित्रराष्ट्रहरूप्रति सहानुभूति राख्छु, तर तिनले जित्दैनन्। म यसभन्दा अघिल्लो विश्वकपमा जर्मनीको पक्षमा थिएँ। जर्मनी हाम्रो नजिकको मित्रराष्ट्र हो। यसपालि पनि म जापानलगायतका एसियाली देशहरूको पक्षमा छु, तर अर्जेन्टिना र ब्राजिल विशेष मन पर्छन्।

● कोमल वली, पूर्व फुटबलर/सांसद

विकेन्ड डेस्टिनेसन

# विश्वकप फुटबल हेर्ने रोमाञ्चक गन्तव्य

काठमाडौंमा विभिन्न स्पोर्ट्स बारले विश्वकपका खेलहरु देखाउने तयारी गरिरहेका छन् । यस्ता लाउञ्ज तथा बारहरूमा विश्वकपका खेलहरु ठूला टेलिभिजन एवं प्रोजेक्टरमार्फत लाइभ हेर्न सकिनेछ । साथमा कतै सांगीतिक कार्यक्रमसमेत राखिएको छ भने धेरैजसोमा खानेकुरामा छुटको व्यवस्था गरिएको छ । कहाँ-कहाँ लाइभ देखाइँदैछ ? कुन लाउञ्जले कस्तो तयारी गरिरहेका छन् ? संक्षिप्त जानकारी :



तस्विर सौजन्य : विकास पराजुली/किङ्स लाउञ्ज दरबारमार्ग

**किङ्स लाउञ्ज, दरबारमार्ग**

दरबारमार्गस्थित किङ्स लाउञ्जले फिफा विश्वकप फुटबल लाइभ देखाउनेछ । उद्घाटनकै दिन एड्रिन प्रधानको लाइभ गीत सुन्ने व्यवस्था मिलाएको लाउञ्जले पहिलो दिन नेपाली फुटबल खेलाडी, प्रशिक्षक तथा चलचित्रकर्मीहरूलाई आमन्त्रण गरेको थियो । २०/११ फिट्को एचडी स्क्रिनमा हरेक खेल हेर्दै लाइभ म्युजिक सुन्न सकिने व्यवस्था मिलाएको यो लाउञ्जमा चाइनिज, थाई, इन्डियन, नेपाली तथा कन्टिनेन्टल परिकारहरु उपलब्ध छन् ।

**द नेस्ट, सात घुम्ती चोक, ठमेल**

चार वर्षअघि खुलेको जर्सी स्पोर्ट्स लाउञ्ज कालान्तरमा द नेस्टमा परिणत भयो । यसका सञ्चालक समिर तिमिल्सिनाले द नेस्टमा फिफा विश्वकप फुटबलको लाइभ हेर्ने व्यवस्था मिलाएका छन् । यहाँ १ सय १० इन्च तथा १ सय ४० इन्चका दुईवटा प्रोजेक्टरमार्फत विश्वकपका खेल लाइभ हेर्न सकिनेछ । १ सय ५० जनाको क्षमतायुक्त द नेस्टमा प्रवेश शुल्क १ हजार रुपैयाँ राखिएको छ । त्यसमा उपभोक्ताले आफ्नो रुचिअनुसार बियर वा जुस निःशुल्क प्राप्त गर्नेछन् ।

**स्काइ लाउञ्ज, हात्तीसार**

यो वर्ष स्काई लाउञ्जले प्रोजेक्टरका माध्यमबाट फिफा विश्वकप फुटबलको लाइभ देखाउने भएको छ । १ सय जनाभन्दा बढीको क्षमतायुक्त यो लाउञ्जले उपभोक्ताहरूलाई पेय तथा खानेकुरामा छुट दिने बताएको छ । विश्वकप फुटबल सञ्चालन हुने अवधिभर स्काई लाउञ्जले लाइभ देखाउने तयारी गरिरहेको छ ।

**लायकु क्याफे, लाउञ्ज एण्ड बार**

वसन्तपुरस्थित दरबार स्क्वायर परिसरभित्र रहेको लायकु क्याफे, लाउञ्ज एन्ड बारले पनि आफ्ना ग्राहकलाई प्रोजेक्टरको माध्यमबाट विश्वकप फुटबल हेर्ने व्यवस्था मिलाएको छ । लायकु बारमा एकैपटकमा ३ सय जना अटाउने क्षमता छ । यसका साथै यो बारले पेय पदार्थमा बाई टु गेट् वान फ्री अफर राखेको छ । विश्वकप अवधिभर खानेकुरामा पनि छुट प्राप्त गर्न सकिने जानकारी बारले दिएको छ ।

**अल स्टार स्पोर्ट्स बार, चक्रपथ**

अमेरिकी राजदूतावासको ठीक अगाडि छ, अल स्टार स्पोर्ट्स बार । 'एक पटकमा ६० जना बस्न मिल्ने यो बारमा 'प्रवेश शुल्कबापत ५ सय रुपैयाँ तिर्नुपर्छ । ग्राहकहरूले प्रवेश टिकटबाट एक-एकवटा बियर वा जुस निःशुल्क पिउन सक्नेछन् ।' यो बारमा एउटा ठूलो प्रोजेक्टर तथा ४७ इन्चको टिभीमा विश्वकप फुटबलको लाइभ हेर्न सकिनेछ ।

**इम्पेरियल रेस्टुराँ, लाउञ्ज एन्ड बार, बत्तीसपुतली**

बत्तीसपुतली रोड, गौशालास्थित इम्पेरियल रेस्टुराँ लाउञ्ज एन्ड बारमा पनि प्रोजेक्टर तथा टिभीमार्फत विश्वकप फुटबल हेर्न सकिन्छ । यहाँ एकपटकमा १ सय ५० जनाले फुटबल हेर्न सक्नेछन् । परिकारमा १५ प्रतिशत छुटको व्यवस्था मिलाइएको रेस्टुराँले बताएको छ ।

**प्याराडिसो स्पोर्ट्स बार, पोखरा**

विश्वकप फुटबलको मज्जा पोखरा लेकसाइडको प्याराडिसो स्पोर्ट्स बारमा पनि लिन सकिन्छ । विश्वकप फुटबललाई विशेष बनाउन विशेष प्याकेजमार्फत खेलप्रेमीहरूलाई आकर्षित गरिरहेको प्याराडिसोमा ४ सय ५० जनाभन्दा बढीले एकै पटकमा खेल हेर्न सक्नेछन् । यसका लागि बारमा ११ वटा स्क्रिनको व्यवस्था मिलाइएको छ ।

यो बारमा विभिन्न परिकार तथा पेय पदार्थको स्वाद लिंदै खेल हेर्न सकिनेछ । बारमा अल्कोहल मात्र नभै नन् अल्कोहलिक ड्रिंक्सहरूको समेत विशेष व्यवस्था हुनेछ । बारले प्रत्येक दिन लक्की ड्रमार्फत ग्राहकहरूलाई पुरस्कृत गर्ने तयारी समेत गरेको छ ।

विकेन्ड कन्सर्ट



## नारायणगढमा मेगा म्युजिकल इभिनिङ

रोटरी क्लब अफ नारायणगढको आयोजनामा भोलि शनिबार मेगा म्युजिकल इभिनिङ-२०१८ हुँदैछ । उक्त कार्यक्रमबाट संकलित रकम चेपाङ समुदायको स्वास्थ्य एवं शिक्षाका लागि खर्च गरिने बताइएको छ ।

**कलाकार :** हरिश माथेमा, बबिन प्रधान, सञ्जय श्रेष्ठ, भीम तुलाधर, जेम्स प्रधान, सचिन रौनियार, ज्योति घिमिरे, कवीन्द्र श्रेष्ठ (स्काई ब्यान्ड), पुन्यम प्रधान, रबिन महर्जन, विश्व प्रधान, उद्देश श्रेष्ठ आदि ।

**स्थान :** सेन्ट्रल पाल्म होटल, नारायणघाट

**समय :** साँझ ५ बजे

पोखरा लाइभ

## पोखरामा प्रमोद र करिश्मा



भोलि असार २ गते शनिबार गायक प्रमोद खरेल तथा वरिष्ठ कलाकार करिष्मा मानन्धर पोखरामा प्रस्तुत हुँदैछन् । पोखरामा आयोजित समृद्धि सांगीतिक साँझमा उनीहरूले प्रस्तुति दिने बताइएको छ । पोखरा सभागृहमा हुने कार्यक्रममा हास्यकलाकार शिवहरी बैरागी तथा देविराम पराजुलीको हास्य प्रस्तुति समेत हेर्न पाइनेछ । यसैगरी लोकदोहोरी कलाकार पार्वती जिसी, राजन गुरुङ, गणेश गुरुङ, तुलसी क्षेत्री, राजेश वर्देवा, रतिमाया खड्का, मालती राना, माधव चापागाईं आदिले पनि दर्शक-श्रोताहरूलाई मनोरञ्जन गराउनेछन् । नयाँ शक्ति पार्टी नेपाल कास्कीले आयोजना गर्न लागेको उक्त सांगीतिक साँझमा सहभागी हुन २ सय, ५ सय तथा १ हजार रुपैयाँमध्येको कुनै टिकट काट्नुपर्नेछ ।

राजाराम पौडेल

चलचित्र

# रेस-३

निर्देशक : रेमो डिसुजा कलाकार : सलमान खान, ज्याकलिन फर्नाण्डिज, बबी देओल, डेजी शाह, अनिल कपुर, साकिब सलिम, फ्रेडी दारुवाला आदि । संगीत : मीत ब्रदर्स, विशाल मिश्रा तथा विक्की हार्दिक

आज शुक्रबार नेपाली सिनेघरमा बलिउडको प्रतीक्षित चलचित्र रेस-३ प्रदर्शनमा आउँदैछ । यो चलचित्र प्रदर्शन हुने पक्का भएसँगै नेपाली निर्माताले आज प्रदर्शन गर्न लागिएका चलचित्रलाई पहिले नै पछि सारेको बताइन्छ । टिप्स म्युजिक तथा सलमान खान फिल्म्सको ब्यानरमा निर्मित चलचित्र रेस-३ लाई धमाकेदार बनाउन रमेश एस तौरानी, कुमार एस. तौरानी अनि सलमान खानले आँखा चिम्लिएर लगानी गरेको भारतीय मिडियाहरूले जनाएका छन् । रेस सिरिज पाँच वर्षको अन्तरालमा आइरहेको चलचित्र हो । रेसको पहिलो सिरिज २००८ मा प्रदर्शनमा आएको थियो, त्यसपछि उक्त चलचित्रको दोस्रो संस्करण-२०१३ मा प्रदर्शनमा आयो । रेसको तेस्रो श्रृंखलामा बलिउडका दबंगस्टार सलमान खान जोडिए । सलमानको इन्ट्रीसँगै यो चलचित्र बढी प्रतीक्षित भएको हो । धोका, षड्यन्त्र, छलकपट जस्ता विषयमा केन्द्रित आधारित रेस-३ भारतका मुम्बई र कस्मिरका अतिरिक्त बैंकक, दुबई आदि ठाउँमा खिचिएको हो ।




# इन्क्रेडिबल्स-२




निर्देशक : ब्राड विर्ड कलाकार : क्राइग टी नेल्सन, होली हन्टर, सराह भोवेल, हंक मिल्नर, समुइल एल ज्याक्सन आदि । संगीत : माइकल जियाचिनो

विश्वका सयौं सिनेघरमा हलिउड चलचित्र इन्क्रेडिबल्स-२ प्रदर्शनमा आउँदैछ । यो चलचित्र अमेरिकन थ्रीडी कम्प्युटर एनिमेटेड सुपरहिरो चलचित्र हो । एक व्यक्ति नयाँ दुस्मनसँग लड्न सामान्य जनतालाई बदल्ने क्रममा एक परिवारलाई पछ्याउँछ । यो चलचित्र त्यही दुस्मन र सामान्य परिवारबीचको संघर्षमा आधारित छ । १ घण्टा १८ मिनेट लामो चलचित्र इन्क्रेडिबल्स-२ को कथा अनुभवी लेखक ब्राड बिर्डले लेखेका हुन् । कलाकारहरूको जीवन्त अभिनयसँगै दरो कथाका कारण यो चलचित्र बहुप्रतीक्षित छ । जोहन वाल्कर, निकोल पराडिस, ग्रिन्डल आदिको लगानीमा तयार भएको यो चलचित्रलाई स्टेफन स्वाफरले सम्पादन गरेका हुन् ।

रंगमञ्च

# जिउँदो आकाश

तेस्रोलिङ्गीहरूले भोग्नुपरेका समस्यामा तयार पारिएको नाटक 'जिउँदो आकाश' झापाका दमक र बिर्तामोडमा १० दिन मञ्चन भयो । बिर्तामोडमा दर्शकको भीडका कारण निर्धारितभन्दा दुई दिन बढी नाटक देखाउनुपरेको थियो । नाटक घरको अभावका बीच दमकमा गोर्खा डिपार्टमेन्ट स्टोरको सेमिनार हलमा तथा बिर्तामोडमा अतिथि सदनमा यो नाटक प्रदर्शन गरिएको थियो । तेस्रोलिङ्गीहरूको अधिकार स्थापित गर्न डटेर लागेकी चञ्चला सुब्बाले नाटकले आफूहरूको भोगाइ र पीडा बोलेको बताइन् । यो नाटक चन्द्रप्रसाद पाण्डेको लेखन तथा आरके मेहता रोशनको निर्देशनमा तयार पारिएको थियो ।

# कुरूप हाँस



नाटक कुरुप हाँस (द अग्ली डकलिङ) पोखरामा मञ्चन हुने भएको छ । कलाकार नाजिर हुसेनद्वारा परिकल्पना एवं निर्देशन गरिएको यो नाटक आज असार १ गते शुक्रबारदेखि असार ३ गते आइतबारसम्म गन्धर्व नाटकघरमा मञ्चन हुनेछ । दिउँसो १ बजे तथा साँझ साढे ५ बजे गरी दैनिक दुई सो मञ्चन गरिने यो नाटक डेनिश कवि एवं लेखक ह्यान्स क्रिस्टिएन एन्डरसनले लेखेको लोक कथामा आधारित छ । १ घण्टा ५ मिनेट लामो नाटक कुरुप हाँसमा नाजिर हुसेन, विजया कार्की, किरण श्रेष्ठ, मिलन कार्की, विनिता गुरुङ, विक्रम श्रेष्ठ आदि कलाकारले अभिनय गर्नेछन् ।

# नौ भाषाका स्रष्टालाई म्युजिक एवार्ड

मिडिया एन्ड इन्टरटेन्मेन्टले आयोजना गरेको नेसनल पावर न्यूज म्युजिक एवार्ड -२०१८ मा विभिन्न भाषा-भाषिका स्रष्टा तथा सिर्जनालाई पुरस्कृत गरिएको छ । राष्ट्रिय नाचघरमा आयोजित समारोहमा नेपाली भाषासहित विभिन्न ८ वटा राष्ट्रिय भाषाका गीत तथा म्युजिक भिडियोलाई एवार्ड प्रदान गरिएको हो । समारोहमा प्रतिस्पर्धामा आउन नसकेका मैथली, भोजपुरी, मारवाडी तथा गुरुङ भाषाका गीतका स्रष्टाहरूलाई सम्मान गरिएको थियो ।

उक्त अवसरमा गायक कन्हैया सिंह आधुनिक तथा पप विधातर्फको उत्कृष्ट गायक घोषित भए भने शान्तिप्रियले उत्कृष्ट गीतकारको एवार्ड प्राप्त गरे । पदम रोकायाले उत्कृष्ट संगीतको एवार्ड थापे भने जीवन शाहीले आधुनिक तथा पप विधाको उत्कृष्ट भिडियोको एवार्ड जिते । अमृता लुङ्गेली मगरले लोकदोहोरीतर्फको उत्कृष्ट शब्दको एवार्ड जितिन् भने शिव बिक तथा दिपाशा बिसीले लोकदोहोरी मोडलको एवार्ड हात पारे । सुगम पोखरेलले चलचित्र ऐश्वर्यका लागि उत्कृष्ट स्वरको एवार्ड प्राप्त गरेको समारोहमा धीरेन्द्र प्रेमर्षीले चलचित्र संरक्षणका लागि उत्कृष्ट शब्दको एवार्ड हासिल गरे । राजनराज शिवाकोटीलाई कुटुमा कुटु गीतका लागि उत्कृष्ट संगीतकारको एवार्ड प्रदान गरियो ।



समारोहमा देउडातर्फ चाँदनी मल्ललाई उत्कृष्ट गीत तथा वीरेन्द्र भाटलाई उत्कृष्ट भिडियोको एवार्ड प्रदान गरियो भने नेवारी भाषातर्फ रोजी डंगोल श्रेष्ठलाई उत्कृष्ट गीत तथा पूर्णकाजी ज्यापुलाई उत्कृष्ट भिडियोको एवार्ड प्रदान गरियो । लिम्बु भाषातर्फ सुशन साम्सोहाङ लिम्बूले उत्कृष्ट गीतको एवार्ड प्राप्त गरे भने लोकेन सावाँ लिम्बूले उत्कृष्ट भिडियोको एवार्ड जिते । शेर्पा भाषार्फत दोर्जे लामाले उत्कृष्ट गीत तथा गम्पो शेर्पाले उत्कृष्ट भिडियोको एवार्ड जिते । पूर्ण राईले राई भाषाको उत्कृष्ट गीतको एवार्ड जित्दा मधुसूदन थापा मगरले मगर भाषाको उत्कृष्ट गीतको एवार्ड प्राप्त गरे । तामाङ भाषातर्फ टीका बोम्जनले उत्कृष्ट गीतको एवार्ड जिते भने राजकुमार मोक्तानले उत्कृष्ट भिडियोको एवार्ड पाए । थारु भाषातर्फ अर्जुन कौशलले उत्कृष्ट गीत तथा भिम अधिकारीले उत्कृष्ट भिडियोको एवार्ड जिते ।

समारोहमा विरज महर्जन, द विकल्प ब्यान्ड, समिक्षा चौधरी, रामलाल चौधरी, हरि उप्रेती, गोविन्द गौतम, विकास चौधरी, किरण अधिकारी, जय देवकोटा तथा राजु थापा मगरलाई क्रिटिक्स, जुरी तथा ईन्करेज्मेन्ट एवार्डद्वारा सम्मान गरियो ।

उक्त अवसरमा मकवानपुर चलचित्र पत्रकार संघका अध्यक्ष मणिराज गौतमलाई पत्रकारिता पुरस्कार प्रदान गरियो भने संसारकै अग्लो ठाउँमा कार्यक्रम आयोजना गरेर गिनिज बुकमा नाम लेखाउन सफल आरके सुवेदी, समाजसेवी शोभा खत्री, बालकलाकार सम्राट दाहाल, समाजसेवी च्याङ्वा लामा, साउन्ड इन्जिनियर मिन विष्ट आदि स्रष्टालाई समेत सम्मान गरिएको थियो ।

# सुन्दरादेवी सन्देश म्युजिक एवार्ड

चौथो 'सुन्दरादेवी सन्देश म्युजिक एवार्ड'को चौथो संस्करण सम्पन्न भएको छ । उक्त अवसरमा वरिष्ठ गायक प्रेमध्वज प्रधानलाई लाइफ टाइम एचिभमेन्ट एवार्ड, राम अविरल थापालाई रंग पत्रकारिता सम्मान शिवराम भण्डारीलाई लोकसञ्चारकर्मी सम्मान, मच्छेश्वर सापकोटालाई दीर्घ कलाकारिता सम्मान तथा हरि कमाचार्यलाई कलाकारिता सम्मान प्रदान गरिएको थियो ।

काभ्रेको बनेपामा सञ्चालित एवार्ड वितरण समारोहमा लोक, आधुनिक, तामाङ सेलो, पपसहित गीत, सङ्गीत, शब्द, म्युजिक भिडियोलगायतमा उत्कृष्ट पाँचबाट सर्वोत्कृष्टलाई एवार्ड प्रदान गरिएको थियो । 'नेपाली गीत सङ्गीत हाम्रो पहिचान, सञ्चार संस्थाबाट कलाकारको सम्मान हाम्रो अभियान' भन्ने नाराका साथ नुवाकोटबाट प्रकाशित हुने सुन्दरादेवी सन्देश साप्ताहिकले आयोजना गरेको यो एवार्डको व्यवस्थापन नाटेश्वर कला केन्द्र तथा इभेन्ट म्यानेजमेन्टले गरेका थिए । पहिलो तथा दोस्रो संस्करण क्षेत्रीय स्तरमा वितरण गरिएको यो एवार्ड तेस्रो संस्करणदेखि राष्ट्रिय स्तरमा आयोजना गर्न थालिएको हो ।

एवार्ड विजेताहरू

**राष्ट्रिय गीत** : हाम्रो नेपाल राम्रो **मेन्दोमाया**

**गायक** : सागर एस वाइबा
**गायिका** : लक्ष्मी स्याङ्तान
**मोडल पुरुष** : राजकिङ वाइबा
**मोडल महिला** : एन्जिला वाइबा
**जुरि एवार्ड** : शिल्पा तामाङ
**इन्करेजमेन्ट एवार्ड** : एरिन तामाङ
**पब्लिक च्वाइस** : रोम लामा

पप

**गायक** : डेभिड शंकर
**गायिका** : केन्जुमा सुब्बा
**मोडल पुरुष** : पुष्प खड्का
**मोडल महिला** : आरुशी मगर
**शब्द** : राज सागर
**सङ्गीत** : सन्तोष श्रेष्ठ

आधुनिक

**गायक** : शिव परियार
**गायिका** : सरु गौतम
**मोडल पुरुष** : देवेन्द्र छेत्री
**मोडल महिला** : मन्जिता केसी
**निर्देशक** : माधव खरेल
**छायाँकार** : जनकराज अधिकारी
**सम्पादक** : तुलसी बास्कोटा
**गीतकार** : किरण केसी
**नवगायिका** : सारिका घिमिरे
**इन्करेज्मेन्ट** : सीमान्त सन्तोष
**एसएमएस** : उषा सुवेदी
**पब्लिक च्वाइस पुरुष** : नीराजन प्रधान
**पब्लिक च्वाइस महिला** : सगुन साही

**जुरी एवार्ड** : वीरेन्द्र भाट बिपिन तथा किरण नेपाली

लोकदोहोरी

**गायक** : रामजी खाँड
**गायिका** : सम्झना लामिछाने
**नवगायक** : केवल श्रेष्ठ
**नवगायिका** : सीता बराल
**लय** : कस्तुप पन्थ
**शब्द** : रमेश बिजी
**मोडल महिला** : करिश्मा ढकाल
**महिला मोडल** : दीपाशा बिसी
**मोडल पुरुष** : नारायण ढकाल
**मोडल पुरुष** : ध्रुव हिमाली
**नवमोडल पुरुष** : प्रेम खड्का
**नवमोडल महिला** : मालती घले
**निर्देशन** : काजिस श्रेष्ठ
**सम्पादन** : नवीन घर्ती
**छायाँकार** : दुर्गा पौडेल
**नवनिर्देशक** : मौसम हिमाली

लोकगीत

**प्रकाश सपुत** : चरचर बरबर
**जुरी** : मायाको ओखती
**जुरी मोडल** : महेन्द्र गौतम तथा विक्रम चौहान
**इन्करेजमेन्ट एवार्ड** : टीका भुजेल
**एसएमएस एवार्ड** : बुद्धवीर थापा
**पब्लिक च्वाइस एवार्ड** : टीका तारामी मगर

सुन्दरादेवी पपुलर प्रतिभा एवार्ड निर्देशन : बबिता श्रेष्ठ

पपुलर एवार्ड : अमृता लुङेली मगर र प्रकाश कटुवाल



# करोडौंको जर्सी बजार







तस्बिरहरू : नवराज बाग्ले

महेश तिमल्सिना

गौरव भट्टराई काठमाडौं मोडल कलेजका विद्यार्थी हुन् । प्लस टुको परीक्षा दिएर रिजल्टको पर्खाइमा रहेका यी तन्नेरीका लागि केही अघिसम्मका दिनहरू पट्यारलाग्दा थिए । यद्यपि वर्ल्डकपको रौनक सुरु भएसँगै उनी त्यसकै रंगमा रंगिन थालेका छन् । गुल्मी स्थायी घर भएका गौरव जर्मनीका डाइहार्ट फ्यान हुन् । त्यसैले वर्ल्डकप सुरु हुनु एक हप्ताअघिदेखि नै उनले जर्मनीको जर्सी किनेर आफ्नो टिमलाई चियरअप गर्न थालिसकेको थिए ।

'जर्मनीको समर्थक हो भन्ने थाहा होस् भनेर मैले जर्सी लगाएको हुँ,' साप्ताहिकसँगको भेटमा उनले भने, 'आफूले समर्थन गरेको टिमको जर्सी लगाएर वर्ल्डकप हेर्दा आफैँले खेलेजस्तो लाग्दो रहेछ ।' गौरव त प्रतिनिधि पात्र मात्र हुन्, यतिबेला काठमाडौंका अधिकांश युवा तथा प्रौढहरू विश्वकप फुटबलको माहौलमा रमाइरहेका छन् । अहिले त काठमाडौंका सडक, चोकहरूमा आफूले समर्थन गरेको टिमको जर्सीमा सजिनेहरू बग्रेल्ती भेटिन्छन् । क्याफे, चोक तथा गल्लीदेखि ठूला डिपार्टमेन्ट स्टोर, मलदेखि काम गर्ने अफिससम्म पनि विश्वकपमा आफूले समर्थन गरेको देशको जर्सीमा सजिनेहरू प्रशस्तै फेला पर्छन् । कतिपयले त फुटबल विश्वकपको सरगर्मीमा अझ रंग थप्ने गरी आफ्नो शरीरमा ट्याटु समेत खोपेर टिमलाई समर्थन गरिरहेका हुन्छन् ।

२१ औं विश्वकपको फोबिया यति चढेको छ कि मानिसहरू सडक चोकहरूमै विजेता, स्टार खेलाडी तथा टिमको प्रदर्शनलाई लिएर बहस गरिरहेका भेटिन्छन् । विश्वकपले सहरबजारमा जर्सीको व्यापार पनि ह्वात्तै बढाएको छ । वर्ल्डकपको अवसर पारेर काठमाडौंका कपडा व्यवसायीहरूले मात्र करोडौं रुपैयाँको कारोबार गर्छन् । बानेश्वरको स्पोर्ट्स युनिभर्सका सञ्चालक किशोरकुमार जोशी यस पटकको विश्वकपमा उपत्यकामा मात्र अनुमानित ३ लाख जर्सी बिक्री हुने बताउँछन् । व्यवसायीहरूले बेच्ने जर्सीको मिडियम मूल्य ७ सय ५० रुपैयाँ राखेर ३ लाख जर्सीको हिसाब निकाल्ने हो भने २२ करोड ५० लाख बराबरको कारोबार उपत्यकामा मात्र हुने देखिन्छ । अझ पोखरा, धरान, बुटवल, नेपालगन्ज, विराटनगर, धरान, धनगढीजस्ता सहरहरूमा पनि जर्सीको ठूलो बिक्री हुने गरेको छ ।

अहिले राजधानीका फेन्सी पसल तथा स्पोर्ट्स पसल सञ्चालकहरूलाई भ्याइनभ्याइ छ । जावलाखेलस्थित फोर यु सपका सञ्चालक वीरेन्द्र कर्माचार्य आफूले दैनिक ३० वटाभन्दा बढी जर्सी बिक्री गरिरहेको बताउँछन् । कर्माचार्यको पसलमा बालबालिकादेखि वयस्कसम्मका फुटबलप्रेमीहरू जर्सी किन्न आउँछन् । 'अर्जेन्टिना ब्राजिल तथा जर्मनीको जर्सी बढी बिक्री भैरहेको छ,' कर्माचार्य भन्छन्, 'मैले यो वर्ल्डकपमा ४ लाख बराबरको जर्सी बेच्ने लक्ष्य लिएको छु ।'

बजारमा फुटबल फ्यानको आवश्यकता, क्षमता तथा प्रकृतिका आधारमा जर्सी उपलब्ध छन् । बजारमा यतिबेला ए, बी र सी ग्रेडका जर्सी खरिद गर्न सकिन्छ । ए र बी ग्रेडका जर्सी सी ग्रेडको तुलनामा महँगा जर्सीमा पर्छन् । ए र बी ग्रेडका जर्सी बिक्री गर्दै आएका कर्माचार्यको पसलमा ९ सय ५० देखि १६ सय रुपैयाँसम्मका जर्सी उपलब्ध छन् भने बालबालिकाका लागि ७ सय ५० सम्ममा जर्सी किन्न सकिन्छ ।

बानेश्वरस्थित स्पोर्ट्स युनिभर्सले एक दिनमा ५० वटासम्म जर्सी बेच्ने गरेको छ । स्पोर्ट्स युनिभर्सका सञ्चालक किशोरकुमार जोशीले आफूहरूले अर्जेन्टिना, स्पेन, जापान, जर्मनी, इंग्ल्यान्ड, पोर्चुगल, फ्रान्स आदि देशका जर्सी बिक्रीमा राखेको बताए । 'यसमध्ये ब्राजिलको जर्सी बढी बिक्री भैरहेको छ,' जोशीले भने, 'वयस्कको १ हजार ५० देखि १२ सय ५० रुपैयाँसम्म र बालबालिकाका लागि ८ सय ५० सम्मका जर्सी बिक्रीमा छन् ।' यसपालिको विश्वकप फुटबलमा ६ हजार पिस जर्सी बिक्री गर्ने लक्ष्य लिएको जोशी बताउँछन् ।

वर्ल्डकपका कारण काठमाडौं नै रंगीचंगी देखिन थालेको छ । मल तथा ठूला डिपार्टमेन्ट स्टोरहरूमा विश्वकपका विभिन्न देशका फरक-फरक रंगका जर्सीले झकिझकाउ देखिन्छन् नै, त्यसबाहेक मुख्य भीडभाड हुने राजधानीका क्षेत्रहरू न्युरोड, नयाँ बसपार्क, नयाँ बानेश्वर, गौशाला, कुमारीपाटी, जावलाखेल, कोटेश्वरलगायतका स्थानका पसलहरूमा झुन्डिएका विश्वकपका जर्सी काठमाडौंमा विश्वकपको झझल्को दिन काफी छन् ।

व्यवसायीहरू वर्ल्डकपको अवसर छोपेर ब्यापार बढाउने र बढी जर्सी बिक्री गर्ने होडबाजीमा छन् । यस पटकको विश्वकपमा पुरुषको तुलनामा महिलाहरू कमै मात्रामा जर्सी किन्न आएको अनुभव व्यवसायीहरूको छ । स्पोर्ट्स युनिभर्समा हालसम्म ५० वटा मात्र महिलाको जर्सी बिक्री भएको सञ्चालक जोशीले बताए । जोशी भन्छन्, 'पुरुषको तुलनामा महिलाहरू थोरै मात्र आउनुहुन्छ, तर विगतको तुलनामा भने यसपालि जर्सी किन्ने महिलाको संख्यामा पनि केही वृद्धि भएको छ ।'





वर्षौंदेखि स्पोर्ट्सका सामान बिक्री गर्दै आएको भद्रकाली स्पोर्टस वेयरमा पनि विश्वकप जर्सी किनबेच बढेको छ । यहाँ पनि अर्जेन्टिना ब्राजिल, जर्मनी, पोर्चुगल, स्पेन, फ्रान्स, इङ्गल्याण्ड आदि देशका जर्सी बिक्रीमा छन् । यहाँ ७ सय ७५ देखि ११ सयसम्मका जर्सी बिक्री भैरहेको छ । जर्सीको व्यापार रामै भए पनि विगतको तुलनामा यसपालि जर्सीको व्यापार घटेको भद्रकाली स्पोर्ट्सकी सञ्चालिका कृतिका सापकोटा बताउँछिन् । सापकोटा भन्छिन्, 'विगतमा हामीले दैनिक १ लाख रुपैयाँसम्मको जर्सीको व्यापार गर्थ्यौं, तर अहिले ६० हजार रुपैयाँसम्ममात्र व्यापार भैरहेको छ ।' सापकोटाले यसपटकको विश्वकपमा १० लाखको हाराहारीमा जर्सीको ब्यापार गर्ने लक्ष्य आफूहरूले राखेको बताइन् । भद्रकाली स्पोर्ट्समा वर्ल्डकप जर्सीका साथै किरिङ, झन्डा, टोपी, मेसीको बायोग्राफी आदि बिक्रीमा छ । बजारमा विभिन्न ग्रेडका जर्सी उपलब्ध छन् तर विगतको तुलनामा यसपालि वर्ल्डकप जर्सीको गुणस्तर केही खस्किएको तर मूल्य भने बढेको व्यवसायीहरू बताउँछन् ।

त्यसको प्रत्यक्ष असर ब्यापारमा पनि परेको कतिपय व्यापारीको अनुभव छ । कुमारीपाटीस्थित सिन्सियर मार्केट डिपार्टमेन्ट स्टोरमा यो वर्ष विगतका वर्षहरूमा जस्तो जर्सीको व्यापार छैन । सञ्चालक पुष्परत्न शाक्य भन्छन्, 'गत वर्षको विश्वकपमा दैनिक ७० हजार रुपैयाँको जर्सी बिक्री हुन्थ्यो तर अहिले बिक्री घटेको छ ।' साना पसलहरूमा पनि दैनिक १० देखि १२ वटासम्म जर्सी बिक्री हुने गरेका छन् । कुमारीपाटी, इटीटोलस्थित प्रेसियस फेसन वेयरमा दैनिक १० वटा भन्दा बढी जर्सी बिक्री हुने सञ्चालिका अनुषा पोखरेल बताउँछिन् । उनको पसलमा अर्जेन्टिना ब्राजिल, पोर्चुगल, स्पेन आदि देशका जर्सी बिक्रीमा छन्, जसमध्ये ब्राजिलको जर्सी बढी बिक्री हुन्छ । अनुषाले १ हजारभन्दा कम मूल्यका जर्सी बिक्री गर्दै आएकी छिन् ।

# फुटबलमा ग्ल्यामर
# पत्नी र गर्लफ्रेन्डको चर्चा











> विश्वकप प्रारम्भ भएको छ । सबैका आँखा खेलाडीतर्फ मोडिएका छन् तर ग्ल्यामरको दुनियामा रमाउनेहरूका लागि पर्दा पछिल्तिर अर्को आकर्षण पनि छ । रसियामा हुने विश्वकपलाई अझै आकर्षक बनाउन ती खेलाडीका श्रीमती तथा गर्ल फ्रेन्डले पनि फरक भूमिका खेल्नेछन् । धेरैले फुटबलतिर ध्यान दिने समयमा कतिपयको ध्यान भने ती श्रीमती वा गर्लफ्रेन्डतिर जान सक्छ ।

एकराज सुवेदी

भनिन्छ, प्रत्येक सफल पुरुषको पछाडि महिलाको हात हुन्छ, तर इंग्ल्यान्डका खेलाडीको सन्दर्भमा भने अर्कै भनाइ प्रचलित छ, 'इंग्ल्यान्डका अधिकांश फुटबलरको पछाडि ग्ल्यामरस श्रीमती वा गर्लफ्रेन्ड हुन्छन् ।'

यद्यपि फुटबल खेल्दा पनि सधैं उनीहरू साथमा भए भने के होला ? ध्यान उनीहरू तिर पनि जान सक्छ । खेल राम्रो नहुन सक्छ । यही कुरालाई मनन गरी सन् २०१० को विश्वकपमा इंग्ल्यान्डका प्रशिक्षक फाबियो कापेलोले खेलाडीका श्रीमती वा गर्लफ्रेन्डहरूलाई सातामा एक दिन मात्र भेट्न सक्ने व्यवस्था मिलाएका थिए । यद्यपि हालका प्रशिक्षक गेरेट साउथगेटले भने खेल सकिए पछि अर्को दिन होटलमा परिवारसँग भेट्न सक्ने व्यवस्था मिलाएका छन् ।

जर्मनीमा सम्पन्न सन् २००६ को विश्वकप पश्चात यस्तो व्यवस्था गरिएको हो र यसपटक पनि उक्त नियम कायमै हुनेछ । त्यतिबेला जर्मन मिडियाले उनीहरूतिर बढी ध्यान दिएकाले खेलाडीको भन्दा बढी चर्चा उनीहरूका श्रीमती वा गर्लफ्रेन्डको भएको थियो । उनीहरूकै तस्बिर तथा समाचार बढी छापिएका थिए ।

इंग्ल्यान्डका प्रत्येक खेलाडीका पत्नी वा प्रेमिका चर्चित छन् । इंग्ल्यान्डको ओके म्यागजिनले प्रत्येक खेलाडीका श्रीमती वा गर्लफ्रेन्डका बारेमा विस्तृत जानकारी सार्वजनिक गरेको छ । तीमध्ये ३६ वर्षीया रेबेका भार्डी पनि एक हुन् । जेमी भार्डीसँग २०१६ मा विवाह गरेपछि उनीहरूकी छोरी सोफिया जन्मिएकी छिन् । २३ वर्षिया मोडल रुबी मे सन् २०१६ देखि इंग्ल्यान्डका फुटबलर डेल अलिसँग डेटिङमा छिन् । मिड फिल्डर एरिक डायर मारिया हान्सेनसँग डेटिङमा रमाउँछन् । २४ वर्षिय गोलकिपर जोर्डन पिकफोर्ड टिनएज देखि नै मेगान डेभिसनसँग डेटिङमा छन् । इंग्ल्यान्डका सर्वाधिक प्रौढ खेलाडी ३२ वर्षिय एस्ले योङले सानैदेखि मन पराएकी निकी पिकसँग विवाह गरेका छन् । अर्का गोलकिपर ज्याक बटल्यान्डले पूर्व एयर होस्टेस एनाबेल पेटोनसँग हालै विवाह गरेका हुन् । उनीहरू विभिन्न स्थानमा घुमेका तस्बिरले बेला-बेला चर्चा बटुल्छन् । यस्तै कथा अन्य खेलाडीका पनि छन् ।

इंग्ल्यान्ड फुटबल फेडरेसनले खेलाडीका श्रीमती वा गर्लफ्रेन्डका लागि छुट्टै सुरक्षाको व्यवस्था समेत गरेको छ । आइएसआइको धम्कीका कारण उनीहरूलाई समेत खेलाडीलाई जस्तै सुरक्षा प्रदान गर्ने योजना बनेको हो । कतिपय खेलाडीले त आफ्नै खर्चमा समेत सुरक्षाको व्यवस्था मिलाएका छन् ।

विश्वकप प्रारम्भ भएको छ । सबैका आँखा खेलाडीतर्फ मोडिएका छन् तर ग्ल्यामरको दुनियामा रमाउनेहरूका लागि पर्दा पछिल्तिर अर्को आकर्षण पनि छ । रसियामा हुने विश्वकपलाई अझै आकर्षक बनाउन ती खेलाडीका श्रीमती तथा गर्ल फ्रेन्डले पनि फरक भूमिका खेल्नेछन् । धेरै फुटबलतिर ध्यान दिने समयमा कतिपयको ध्यान भने ती श्रीमती वा गर्लफ्रेन्डतिर जान सक्छ । यति मात्र होइन, खेलको अघि वा पछि उनीहरूले गर्ने विभिन्न हर्कतका कारण पनि अनेक चर्चा चल्छन् । यस पटकको विश्वकपमा उनीहरूले कस्तो चर्चा बटुल्ने हुन्, त्यो भने पछि थाहा हुँदै जाला । यद्यपि धेरै सञ्चार माध्यमहरूले अहिले नै उनीहरूका बारेमा विभिन्न चर्चा गर्न थालिसकेका छन् ।

खासगरी इन्टरनेट र सामाजिक सञ्जालले उनीहरूका गतिविधिलाई फैलाउन भूमिका खेलिरहेका छन् । कतिपय ग्ल्यामर म्यागजिन तथा सामाजिक सञ्जालमा उनीहरूका बारेमा विभिन्न जानकारी समेटिएको पाइन्छ । टेलिभिजन अन्तर्वार्ताले यसमा थप भूमिका खेल्छन् । खेलाडीका यी श्रीमती वा गर्लफ्रेन्डमध्ये अधिकांश ग्ल्यामर क्षेत्रमै क्रियाशील पाइन्छन् । कतिपय अन्य कारणले समेत चर्चामा छन् ।

शाकिराको नाम विश्वकपसँगै जोडिएर आउँछ । सन् २०१० को विश्वकपमा वाका वाका गीत गाएकी शाकिराले २०१४ मा ला ला ला गीत गाइन् । त्यही गीतको भिडियोमा उनका ब्वाई फ्रेन्ड फुटबलर जेरार्ड पीकले पनि अभिनय गरेका छन् । विश्वकपमा शाकिराले गाएको वाका वाका गीतले निकै चर्चा पाएको थियो । उक्त विश्वकपको समापन पश्चात नै यो जोडीको डेटिङ प्रारम्भ भएको थियो । कोलम्बियन गायिका शाकिरासँगको डेटिङ पश्चात नै पिकले आफ्नो समूहका साथ विश्वकप बाहेक युरोपियन च्याम्पियनसिप तथा ३ पटक च्याम्पियन लिग जिते भने शाकिराका ७ करोड भन्दा बढी एल्बम बिक्री भए । पछिल्लो विश्वकपका लागि गाइएको ला ला ला गीतको भिडियोमा शाकिराकै आग्रहमा पिकले समेत अभिनय गरेका छन् ।

नेयमारको चर्चा फुटबलमा प्रसस्तै हुन्छ । धेरैलाई थाहा नभएको सत्य के हो भने फुटबल जति नै चर्चा उनकी गर्लफ्रेन्डको पनि हुन्छ । उनका गर्लफ्रेन्डको एउटा लामै सूची छ । नेयमार १९ वर्षकै उमेरमा छोराको बुवा भएका थिए । यद्यपि उनले ती आमा र छोरालाई लामो समयसम्म सार्वजनिक गरेनन् । नेयमारको सर्वाधिक लामो सम्बन्ध मार्केजिनसँग रह्यो । धेरैले ब्राजिलियन मोडल मार्केजिन नै नेयमारकी वास्तविक गर्लफ्रेन्ड भएको बताउँछन् ।

मेस्सीलाई नचिन्ने फुटबलप्रेमी कमै होलान्, तर मेस्सीले आफू यसरी चर्चित हुनुअघि नै एन्टोनिलालाई चिनिसकेका थिए । सन् २००८ देखि डेटिङ जान थालेको यो जोडीले सन् २०१२ मा पहिलो सन्तान जन्माए । मेसी भद्र श्रीमान्का रूपमा परिचित छन् ।

जर्मन खेलाडी मेसुत ओजिललाई उनकी गर्लफ्रेन्ड एमिन गल्सले चियर गर्ने छिन् । सन् २०१४ की मिस वर्ल्ड टर्की एमिन टर्किस टीभीमा सो चलाउँछिन् । उनीहरू सन् २०१७ देखि डेटिङमा छन् ।

स्पेनिस खेलाडी कोकेले हालै फेसन एन्ड लाइफस्टाइल ब्लगर बिट्रिज एस्पेजेल जिमेनेजसँग विवाह गरेका हुन् । उनीहरूले सेयर गरेको तस्बिरमा लेखिएको थियो, 'नेभर डज अ फोटो रियल्ली रिफ्लेक्ट द रियालिटी'

स्पेनिस फुटबलर सेस्क फेब्रिगासकी श्रीमती डानियला सिम्यानले खेल अवधिभर सधैं उनलाई पछ्याउने छिन् । उनीहरूको प्रेमको कथा सधैं चर्चामा रहन्छ । फेब्रिगासको बर्थडेको अवसरमा उनले दस लाख मायाको कुरा गरेकी थिइन् । त्यसैगरी संसार, चन्द्रमा र ताराका साथै उनको मुटुले चाहिने सबै कुरा दिन सक्ने बताएकी थिइन् ।

स्पेनिस गोलकिपर डेभिड डे गीलाई उनकी गायिका श्रीमती एड्युर्नले चियर्स गर्ने छिन् । सन् २०१५ को युरोभिजन सङ कन्टेस्टमा स्पेनबाट भाग लिएकी एड्युर्नले आफ्नो व्यस्त समयका वावजुद डेभिडलाई साथ दिने छिन् ।

एरिका चोपेरेना पेशाले चाइल्ड साइकोलोजिस्ट हुन् । फ्रेन्च फुटबलर एन्टोइन ग्रिजम्यानसँग २०१७ मा विवाह गरेर हाल छोरी मियालाई हुकाइरहेका छिन् उनी । मिडियामा खासै आउन नरुचाउने एरिका विश्वकप हेर्न रुस भने पुगिसकेकी छिन् ।

कुनै समय पोर्चुगलका खेलाडी क्रिस्टियानो रोनाल्डोको नामसँग रसियन मोडल इरिना सायकको नाम जोडिन्थ्यो तर उनले हाल जियोर्जिना रोड्रिगेजसँग विवाह गरेका छन् र उनीहरूकी सानी छोरी पनि छिन् । छोरीका लागि बेबी सिटर बोकेरै भए पनि उनी विश्वकप हेर्न पुग्दै छिन् ।

इन्ना भिर्कोभा सन् २०१२ को मिसेज रसिया ब्युटफुलकी विजेता हुन् । रसियन फुटबलर युरी भिरकोभसँग २००८ मा विवाह गरेकी इन्ना आफ्ना सन्तान सहितको तस्बिर इन्स्टाग्राममा पोस्ट गर्छिन् ।

लोरलेई ट्यारोन अर्जेन्टिनी खेलाडी राडामेल फाल्काओकी श्रीमती हुन् । म्यानचेस्टर युनाइटेडबाट फुटबल खेल्दा सन् २०१४ मा उनी सर्वाधिक धनी खेलाडीकी श्रीमतीमा मानिन्थिन् ।

पृष्ठ २५ मा



# कसकी प्रेमिका राम्री ?

विश्वकपका बेला मैदानमा खेलाडीको जति चर्चा हुन्छ त्यति नै चर्चा मैदानबाहिर खेलाडीका प्रेमिका वा श्रीमतीहरुको पनि हुन्छ । विश्वकप खेल्ने अधिकांश खेलाडीले आफ्नी श्रीमती वा प्रेमिकालाई रसिया लगे यसपटक अर्को प्रतिस्पर्धा पनि हुनेछ- "कसकी प्रेमिका बढी राम्री" भन्ने । यो विश्वकपमा चर्चामा आउन सक्ने प्रबल सम्भावना भएका खेलाडीका प्रेमिका तथा श्रीमतीहरु :



## एनेस्थेसिया कुर्दयासोभा

रसियन टिमको डिफेन्ड लाइन सम्हाल्ने फियोडोर कुर्दयाशोभाकी श्रीमतीलाई रसियाका खेलाडीका प्रेमिका तथा श्रीमतीहरूमध्ये रानीको उपनाम दिइएको छ । सामाजिक सञ्जालमा मोडल एनेस्थेसिया कुर्दयासोभाका लाखौं फलोअर्स छन् । जाडोमा माइनस ४० डिग्री तापक्रम रहने काजानमा बसोबास गर्ने एनेस्थेसियाको बोल्डनेसले धेरै युवाहरूलाई तताउँछ ।



## एन्ना लेवानडोस्का

पोल्यान्डका स्ट्राइकर एवं कप्तान रोबर्ट लेवानडोस्कीकी २९ वर्षीया श्रीमती एन्ना लेवानडोस्का यो विश्वकपमा हेर्नुपर्ने अर्की श्रीमती हुन् । कराँतेकी पूर्वखेलाडी एन्नाले ३० वटा स्वर्ण पदक जितेकी छिन् । खेलकुदबाट संन्यास लिएपछि उनले न्युट्रिसनको अध्ययन गरिन् । अहिले उनी आफ्नै एउटा हेल्थ ब्लग सञ्चालन गर्छिन् । ब्लगमा रहेका कन्टेनलाई उनी १७ लाख फलोअर्स रहेको आफ्नो इन्स्टाग्राम एकाउन्टमार्फत सेयर गर्छिन् । त्यसबाहेक उनको आफ्नै हेल्थ फुड कम्पनी पनि छ ।



## इडुर्नी गार्सिया

म्यानचेष्टर युनाइटेडका गोलकिपर डेभिड डि गियालाई अहिले विश्वकै उत्कृष्ट गोलकिपरका रूपमा लिइन्छ । स्पेनिस टिमबाट विश्वकप खेल्ने डेभिडकी श्रीमती ३२ वर्षीया इडुर्नी गार्सियाप्रति दर्शक मात्र नभएर अन्य खेलाडीका प्रेमिका पनि आकर्षित हुनेछन् । म्याड्रिडमा जन्मिएकी पप गायिका इडुर्नी स्पेन गट ट्यालेन्टको निर्णायक भएपछि उनको लोकप्रियता थप बढेको थियो ।



## ब्रुना मार्क्विजिन

चोटबाट हालै मैदानमा फर्किएका ब्राजिलका स्ट्राइकर नेयमारकी प्रेमिकाले धेरैको ध्यान खिच्ने अनुमान गरिएको छ । २२ वर्षीया ब्रुना मार्क्विजिन ब्राजिलकै अभिनेत्री हुन् । ६ वर्षअघि रियो कार्निभलमा भेट भएपछि उनीहरूको मित्रता प्रेममा परिणत भएको थियो । सानै उमेरदेखि मनोरञ्जनको क्षेत्रमा सक्रिय ब्रुनाको इन्स्टाग्राममा २ करोड ८० लाख फलोअर्स छन् । नेयमारको आम्दानी र ब्रुनाका फलोअर्सको मिलनले यो विश्वकपमा उनलाई चर्चाको शिखरमा पुऱ्याउने पक्का छ ।



## रुबी माई

विश्वकपमा इंग्लिस फुटबलरका प्रेमिकाको चर्चा भएन भने त्यो खल्लो हुन्छ । इंग्ल्यान्डका तर्फबाट चर्चामा आउने प्रेमिकामा रुबी माई सबैभन्दा अगाडि छिन् । टोटेनहयामका मिडफिल्डर डिली अलिकी २३ वर्षीया प्रेमिका रुबी माई मोडल हुन् भने उनी सामाजिक सञ्जालमा राम्रो प्रभाव पार्ने व्यक्तिका रूपमा चिनिन्छिन् । उनी आफ्ना ६० हजार इन्स्टाग्राम फलोअर्सलाई विभिन्न कम्पनीका पहिरनले आकर्षित गर्छिन् । त्यसबाहेक उनी च्यानल, डाल्सि एन्ड गाबाना आदि कम्पनीका प्रोडक्टहरूको विज्ञापन पनि गर्छिन् भने आफ्ना प्रेमीसँग छुट्टी मनाइरहेका तस्बिर नियमित रूपमा सामाजिक सञ्जालमा पोष्ट गर्छिन् ।



# विश्वकप र सेक्स









> ब्राजिलियन खेलाडीहरूलाई भने विश्वकप अवधिभर सेक्समा प्रतिबन्ध लगाइने छैन । ब्राजिलका पहिलेका खेलाडीहरूले पनि सेक्सका कारण खेलमा असर नपर्ने बरु राम्रो हुने बताउँदै आएका छन् । रोनाल्डोले खेलभन्दा पहिले राम्रोसँग राखिएको यौनसम्बन्ध "सफलताको शुत्र" हुने कुरा बताएका थिए । त्यसैगरी रोमारियोले खेल नभएको समयमा यौन सम्बन्ध उत्तम हुने बताएका थिए ।

विश्वकप फुटबलको पूर्वसन्ध्यामा जुन महिनाको पहिलो साता रसियाको मस्कोस्थित द डल्स होटलले पहिलो रोबोट ब्रोथेल सार्वजनिक गऱ्यो । विश्वकप हेर्न आउने दर्शकलाई लक्षित गरेर निर्माण गरिएको वेश्यालयमा रोबोटका लोलिता, सासा र इसिलेल गरी ३ भेराइटी उपलब्ध हुनेछन् । ग्राहकले उक्त डलका लागि प्रतिघण्टा करिब ८ हजार ७ सय रूपैयाँ तिर्नुपर्नेछ ।

यद्यपि रसियाका युवतीहरू सुन्दर हुन्छन् र उनीहरूसँग सम्बन्ध राख्न पाए आफूलाई भाग्यमानी मान्नेहरू संसारमा प्रशस्तै छन् । एक पटक रसियन राष्ट्रपति भ्लादिमिर पुटिनले रसियन वेश्यालयमा काम गर्ने युवतीहरूलाई 'विश्वकै सर्वाधिक राम्रा' भनेका थिए ।

प्रहरीले हालको विश्वकप हुने कुनै पनि सहरमा यस्ता वेश्यालय नरहने गरी कडाइ गर्ने घोषणा गरिसकेको छ । यसका कारण यौनकर्मीहरूले गैरकानुनी रुपमा लुकेर यस्ता कार्य गर्न बाध्य हुने र कतिपयले प्रहरी प्रशासनकै आडमा यस्तो कार्य गर्नुपर्ने बाध्यता हुने समेत बताएका छन् । २०१४ को सोची विन्टर ओलम्पिकको समयमा पनि यौनकर्मीहरूमाथि यसरी नै कडाइ गरिएको थियो ।

यौनको मामिलामा विभिन्न धारणा व्याप्त छन् । यसका कारण नै विश्वकपमा भाग लिने प्रत्येक देशले फरक-फरक नीति लिँदै आएका छन् । पनामाका कोच हर्नान डारियो गोमेजले खेलको समयमा श्रीमती र गर्लफ्रेन्डप्रति हेर्न प्रतिबन्ध नै लगाएका छन् ।

ब्राजिलियन खेलाडीहरूलाई भने विश्वकप अवधिभर सेक्समा प्रतिबन्ध लगाइने छैन । ब्राजिलका पहिलेका खेलाडीहरूले पनि सेक्सका कारण खेलमा असर नपर्ने बरु राम्रो हुने बताउँदै आएका छन् । रोनाल्डोले खेलभन्दा पहिले राम्रोसँग राखिएको यौनसम्बन्ध 'सफलताको शुत्र' हुने कुरा बताएका थिए । त्यसैगरी रोमारियोले खेल नभएको समयमा यौन सम्बन्ध उत्तम हुने बताएका थिए ।


यही समयमा जर्मन प्रशिक्षक जोआकिम लोले आफ्ना खेलाडीहरूलाई यौनसम्बन्ध नराख्न भनेका छन् भने पोर्चुगलका गोलकिपर रुई प्याट्रिसियोकी श्रीमती तथा सेक्स थेरापिस्ट डा. भेरा रिबेइरोले खेल्नुअघि खेलाडीहरूलाई हस्तमैथुन गर्न सल्लाह दिएकी छिन् । यसबाट खेलाडीहरूमा ताजगीको अनुभूति हुने र खेलमा निखार आउने उनको तर्क छ । रिबेइरो साइकोलोजिस्ट हुन् र उनले सेक्समा विशेषज्ञता हासिल गरेकी छिन् ।

क्यासिनोबिगेस्टबोनस डटकमले २ हजार ४ सय १२ बेलायतीसँग उनीहरू किन रसिया जान चाहन्छन् भनेर सोधेको थियो । तीमध्ये करिब ३३ प्रतिशतले उनीहरू स्थानीय युवतीहरूलाई हेर्ने र मौका पाए केही गर्ने उद्देश्यका साथ रसिया जान लागेको बताएका थिए । बाँकी ३३ प्रतिशतले पनि रसियन युवतीहरू धेरै राम्रा हुने बताएका थिए । ३३ प्रतिशतले त्यहाँका युवतीहरूलाई भेट्न चाहेको र तीमध्ये आधा जतिले आफूहरू यो कुरामा सफल हुने बताएका थिए ।

उक्त सर्वेक्षणका सहभागीहरूमध्ये ८२ प्रतिशत कुनै न कुनै रिलेसनसिपमा थिए भने १८ प्रतिशत मात्र सिंगल थिए । १८ प्रतिशतले मात्र उनीहरू विशुद्ध रुपमा फुटबल खेल हेर्न जान लागेको बताए ।

वास्तबमा सेक्स र फुटबल खेलबीचको सम्बन्धका बारेमा अझै उपयुक्त धारणा आएको छैन । अध्ययनहरूले करिब १० घण्टा पहिले सम्म गरिएको शारीरिक सम्पर्क ठीक हुन्छ पनि भनेका छन् । कतिपय भने शारीरिक सम्बन्धका कारण सकारात्मक धारणा बन्छ र खेलका लागि राम्रो हुन्छ मान्यता राख्छन् ।


यद्यपि ठ्याक्कै यही नै हो भन्ने कुरा कसैले दाबी गर्न सकेका छैनन् । तैपनि सकारात्मक परिणाम आउँछ भन्ने मान्यताका साथ विश्वकपका क्रममा खेलाडीहरूसँगै उनीहरूका श्रीमती वा गर्लफ्रेन्ड पनि हुन्छन् ।













पृष्ठ २३ बाट

उनकी चार वर्षीया छोरी डोमिनिक गार्सियाको समेत आफ्नै इन्स्टाग्राम एकाउन्ट छ ।

चिलीका फरवार्ड एलेक्सी साँचेजकी श्रीमती मेट रोड्रिगेज नायिका तथा मोडल हुन् । उनी चिलीमा आफ्नो श्रीमान् जत्तिकै लोकप्रिय छिन् । उनी यात्रा रुचाउछिन् र आफ्नो यात्राका तस्विरहरू इन्स्टाग्राममा राखिरहन्छिन् ।

रसियन खेलाडी सर्जेई निकोलायभिच इग्नासेभिचकी श्रीमती हुन्- नतालिया । हेल्थ एन्ड जिम इन्स्ट्रक्टर नतालियाले हालै विश्वकपको सन्दर्भमा एउटा ठट्टा समेत गरेकी थिइन् । उनले विश्वकपका कारण आफूहरूको रोमान्टिक भ्याकेसनमा जाने ग्राउन्डमा वर्ल्ड च्याम्पियनसिप खेल्न पाएकोमा गौरव लागेको कुरा बताएकी थिइन् ।

स्पेनका कप्तान सर्जिओ रामोसकी प्रसिद्ध टेलिभिजन प्रस्तोता श्रीमती पिलर रुबिओले सर्जिओ जुनियरलाई जन्माउनु परेकाले गएको विश्वकप हेर्न पाएकी थिइनन् । च्याम्पियन लिग विजेता रामोससँगको सम्बन्धलाई खासै चर्चामा ल्याउन नचाहे पनि रामोसले नै टेलिभिजन शोकै माध्यमबाट यो सम्बन्धलाई सार्वजनिक गरेका थिए ।

स्पेनिस प्लेयर इस्कोकी गर्लफ्रेन्ड २६ वर्षिया सारा सलामो फिल्मी नायिका हुन् । सन् २०१७ देखि रिलेसनसिपमा रहेको यो जोडीको चर्चा गत मार्चमा एकाएक चुलियो । इस्कोले आफूले खेलमा राम्रो गर्न नसक्नुमा साराको हात भएकाले उनलाई मार्ने धम्की दिएको कुरा साराले त्यतिबेला सामाजिक सञ्जालमार्फत् सार्वजनिक गरेकी थिइन् ।

यद्यपि कतिपय खेलाडीले आफ्नी श्रीमती वा प्रेमिकाबाट टाढा रहने प्रयास गरेको समाचार पनि आएका छन् । ब्राजिलका खेलाडी केभिन ट्र्याप यस्तै समाचारका कारण चर्चित भए । राल्फ लरेन, डोल्स एन्ड गब्बाना, गिवेन्ची जस्ता प्रसिद्ध ब्रान्डमा मोडलिङ गरिसकेकी केभिनकी गर्लफ्रेन्ड इसाबेलसँग उनले केही समयका लागि दुरी बनाएको समाचार सार्वजनिक भयो । इसाबेल सुन्दर भएकीले आफ्नो मनलाई बसमा राख्न नसके पनि राष्ट्रिय हितका लागि आफूले यस्तो हिम्मत गरेको उनको भनाइ छ ।

### पत्नीभक्त हेजार्ड

विश्वकपमा बेल्जियम फुटबल टिमका क्याप्टेन इडेन हेजार्डले आफ्नी पत्नी नताचा वानलाई उनी १४ वर्षको हुँदा पहिलो पटक भेटेका थिए । नताचा आफ्नो लजालु स्वभावका लागि परिचित छिन् । एक पटक अन्तर्वार्ताका क्रममा हेजार्डले 'यदि मेरी पत्नीले मलाई चेल्सी क्लब छोडेर पीएसजी क्लबमा जाउ भन्छिन् भने म जान तयार छु' भनेका थिए । त्यतिबेला देखि नै मिडियामा उनको छवि पत्नीभक्तका रूपमा परिचित छ । अप्रिल २०१२ मा उनीहरूको विवाह भएको थियो र हाल उनीहरूका ३ सन्तान छन् ।


### कलगर्लसँगको पार्टीमा गएनन् राफेल मार्केज

मेक्सिकन टिमका सदस्यहरूले रसिया प्रस्थान गर्नुअघि कलगर्लसँग पार्टी गरेको समाचार सार्वजनिक भएको थियो । मेक्सिकोको एक अखबारले कलगर्लसँग खेलाडीहरूको तस्बिर समेत प्रकाशित गरेको थियो । यद्यपि उक्त पार्टीमा मेक्सिकोका डिफेन्डर राफेल मार्केज सहभागी थिएनन् । फुटबल फयानहरूका बीचमा यो खबर पुगे पछि सोसल साइटमा मार्केजको प्रशंसा भैरहेको छ । मार्केजलाई संसारकै सबैभन्दा भद्र व्यक्ति समेत भनिएको छ । मार्केजले सन् २०१९ मा नायिका तथा मोडल जयदी मिसेलसँग विवाह गरेका थिए ।

### जुत्तामा पत्नी र सन्तानको नाम

इंग्ल्यान्ड फुटबल टिमका सदस्य जेमी वार्डी हिजोआज आफ्नो जुत्ताका कारण चर्चित छन् । जेमीले आफूले लगाउने जुत्तामा आफ्ना छोरी सोफिया र एलाका साथै श्रीमती रेबेकाको पनि नाम लेखाएका छन् । जेमी वार्डीले एक अन्तर्वार्ताका क्रममा आफूले परिवारलाई निकै माया गर्ने बताएका थिए । खेलको समयमा पनि परिवार आफ्नै साथमा छ भन्ने अनुभूतिका लागि आफूले जुत्तामा उनीहरूको नाम लेखाएको जेमीले बताएका छन् ।

# विश्वकपको खर्च १४ खर्ब रुपैयाँ



विश्वकप सर्वाधिक व्यक्तिले हेर्ने इभेन्ट मानिन्छ । रुसमा यो वर्ष हुने विश्वकप फुटबलका लागि मात्र करिब १४ खर्ब रुपैयाँ खर्च हुने भएको छ । ८८ वर्षको विश्वकप इतिहासमा यो सबैभन्दा बढी खर्च हो । रुसले यातायात, स्वास्थ्य एवं सुरक्षामा ७ खर्ब ३५ अर्ब तथा स्टेडियम, होटल र अन्य शीर्षकमा करिब ६ खर्ब ६५ अर्ब रुपैयाँ खर्च गरेको छ ।

त्यसबाहेक अन्य धेरै खर्च फरक शीर्षकमा छन् । विज्ञापन र फेसनमा करिब ४ खर्ब ८० अर्ब रुपैयाँ खर्च भएको छ । ४ खर्ब यससँग जोडिएका विज्ञापनमा खर्च गरिनेछ भने ८० अर्ब रुपैयाँ स्पोर्ट्स वेयर, इक्विपमेन्ट तथा फेसनमा खर्च हुनेछ । विश्वका २ सय ११ देशमा देखाइने सबै विज्ञापन खर्च यसमै समेटिएको छ ।

विश्वकपको समयमा पर्यटन, ड्रिक्स तथा फुडमा ४ खर्ब रुपैयाँ खर्च हुनेछ । विश्वकपसँग सम्बन्धित पर्यटन क्षेत्रका लागि ३ खर्ब २० अर्ब तथा ड्रिंक्स एवं फुडमा ८० अर्ब रुपैयाँ खर्च हुनेछ । रुसमा हुने विश्वकपको आधिकारिक बजेट करिब २१ खर्ब रुपैयाँ मात्र थियो । उक्त बजेट खास गरी स्टेडियमका लागि मात्र निर्धारण गरिएको थियो । यद्यपि रुसले गर्ने यातायात, सुरक्षा, स्वास्थ्य र अन्य खर्च जोडेर उक्त खर्च करिब १४ खर्ब रुपैयाँ पुगेको हो ।

विश्वकपका लागि २४ लाख टिकट बिक्री गरिएको छ । तीमध्ये १५ लाख टिकट विदेशीले लिएका छन् । रुसी नागरिकले भने ८ लाख ७२ हजार टिकट खरिद गरेका छन् । अमेरिकीहरूले ८८ हजार टिकट किनेका छन् । यद्यपि अमेरिका विश्वकपमा सहभागी छैन । त्यसैगरी ब्राजिलियनहरूले ७२ हजार टिकट किनेका छन् । विश्वकप खेल्ने देशमध्ये रुसपछि ब्राजिलका नागरिकले बढी टिकट खरिद गरेका छन् । सबैभन्दा धेरै टिकट खरिद गर्नेमध्ये पहिलो नम्बरमा अमेरिकी, दोस्रोमा चाइनिज तथा तेस्रोमा भारतीय छन् ।

विश्वकपका कारण रुसको आर्थिक अवस्था थप मजबुत हुनेछ । यसका कारण २ लाख २२ हजारले रोजगारी पाउनेछन् । अप्रिलदेखि सेप्टेम्बरको बीच रुसको आर्थिक अवस्था शून्य दशमलव २ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । त्यसैगरी विश्वकप हेर्न आउने १५ लाख भन्दा बढी दर्शकका कारण रुसको पर्यटनमा ४ सय प्रतिशतले वृद्धि हुनेछ ।

विश्वकपमा भाग लिने टिमका लागि तयार पारिएको किट बंगलादेशमा निर्माण गरिएको हो । बंगलादेशले त्यसमा करिब ११ अर्ब ८० करोड रुपैयाँको झन्डा तथा स्पोर्ट्सवेयर उपलब्ध गराएको छ । यसमा खेलाडी, फ्यान तथा देशका लागि जर्सी समेत समावेश छ । बंगलादेशमा एडिडास, प्युमा, नाइकी, जी-स्टार, एचएन्डएस तथा मार्क्स एन्ड स्पेन्सर जस्ता इन्टरनेसनल ब्रान्डले स्पोर्ट्स वेयर निर्माण गर्छन् ।

# विश्वकप विजेतालाई पैसै-पैसा



> विश्वकपमा सहभागी हुने ३२ वटै मुलुकलाई फिफाले प्रतियोगिताको तयारीका लागि मात्र १६ करोड रुपैयाँ दिनेछ भने फिफाको क्लब बेनिफिट कार्यक्रमअन्तर्गत आफ्ना खेलाडीलाई सम्बन्धित देशबाट विश्वकपमा सहभागी हुन छुट दिने क्लबहरूले पनि २२ अर्ब ४३ करोड रुपैयाँ प्राप्त गर्नेछन् । यसबाहेक फेयर प्ले ट्रफी जित्ने खेलाडीले ५४ लाख ४० हजार रुपैयाँ छुट्टै प्राप्त गर्नेछन् ।

रुसमा जारी २१ औं विश्वकप विजेताले कति पैसा पाउलान् ? यो जिज्ञासा हामी सबैमा छ । विश्वकपको हरेक संस्करणमा पुरस्कार राशि बढ्दै गएको तथ्यप्रति हामी अनभिज्ञ छैनौं । यसै क्रममा २१ औं विश्वकपमा सहभागी टिमहरूले विश्वकपमा सहभागिता जनाएबापत वा चरण समूहदेखि फाइनल चरणसम्मको खेलमा सहभागी हुने सबै टिमले हारे पनि जिते पनि पुरस्कार बापत कुल ८४ अर्ब ६३ करोड ७० लाख रुपैयाँ पाउनेछन् । यो रकम अघिल्लो विश्वकपको तुलनामा २३ अर्ब ५० करोड ६० लाख रुपैयाँले बढी हो । यो पुरस्कार राशीमा फिफाले दिने फेयर प्लेयर पुरस्कार, विश्वकपमा सम्बन्धित देशबाट आफ्ना खेलाडीलाई खेल्न छुट दिने क्लबले पाउने क्षतिपूर्ति रकम समेत समावेस गरिएको छ ।

यसमध्ये विश्वकप जित्ने टिमले ४ अर्ब ६ करोड ६० लाख रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेता टिमले ३ अर्ब रुपैयाँ पाउनेछ । त्यसैगरी तेस्रो हुने टिमले २ अर्ब ५७ करोड ६० लाख रुपैयाँ तथा चौथो हुने टिमले २ अर्ब ३६ करोड ८० लाख रुपैयाँ प्राप्त गर्नेछ । यो त भयो सेमिफाइनल पुग्ने टिमहरूको उपलब्धि । अब हेरौं क्वाटरफाइनलमा हार्ने टिमले कति पाउँछन् ? फिफाले जारी गरेको सूचनाअनुसार क्वाटरफाइनल हार्ने प्रत्येक टिमले १ अर्ब ७१ करोड २० लाख रुपैयाँ पाउनेछन् ।

यसैगरी, राउन्ड-१६ मा हार्ने टिम पनि अर्बपति हुनेछन् । यी ८ टिम प्रत्येकले १ अर्ब २९ करोड ६० लाख रुपैयाँ प्राप्त गर्नेछन् । यो त भयो पहिलो चरणमा पार गर्ने टिमहरूको इनामी लेखाजोखा । अब हेरौं, पहिलो चरणबाटै बाहिरिने टिमले प्राप्त गर्ने रकम कति होला ? फिफाले जारी गरेको पछिल्लो सूचनाअनुसार दोस्रो चरणमा नउक्लिने अर्थात् १७ औं देखि ३२ औं स्थानसम्म रहने प्रत्येक टिमले ८६ करोड ४० लाख रुपैयाँ हात पार्नेछन्, जोसँग आबद्ध खेलाडी विश्वकपमा देखा पर्नेछन् । यो तथ्यांकअनुसार फुटबलको यो महाकुम्भमा पुगेर एउटै खेल नजित्ने टिमले पनि करोडौं रुपैयाँ हात पार्ने देखिन्छ ।

यसबाहेक विश्वकपमा सहभागी हुने ३२ वटै मुलुकलाई फिफाले प्रतियोगिताको तयारीका लागि मात्र १६ करोड रुपैयाँ दिनेछ भने फिफाको क्लब बेनिफिट कार्यक्रमअन्तर्गत आफ्ना खेलाडीलाई सम्बन्धित देशबाट विश्वकपमा सहभागी हुन छुट दिने क्लबहरूले पनि २२ अर्ब ४३ करोड रुपैयाँ प्राप्त गर्नेछन् । यसबाहेक फेयर प्ले ट्रफी जित्ने खेलाडीले ५४ लाख ४० हजार रुपैयाँ छुट्टै प्राप्त गर्नेछन् ।

### यसअघि विश्वकपमा कसले कति पाए ?

पुरस्कारको दृष्टिकोणले २१ औं विश्वकप सबैभन्दा ठूलो खेलकूद आयोजना हुनेछ । तैपनि, यसअघिका विश्वकप पनि पुरस्कार दिने मामिलामा त्यतिबेलाको समयअनुसार निकै अगाडि थिए ।

सन् १९७८ को ११ औं विश्वकपसम्म विश्वकपमा सहभागी हुने टिमले कति पैसा पाएका थिए भन्ने कुरा फिफाले आधिकारिक रुपमा जारी गरेको छैन । सन् १९८२ को १२ औं विश्वकपमा पुरस्कार राशिका रूपमा २ अर्ब १४ करोड रुपैयाँ वितरण गरिएको थियो भने सन् १९८६ को १३ औं विश्वकपमा २ अर्ब ७८ करोड २० लाख रुपैयाँ वितरण गरिएको थियो । त्यसपछि सन् १९९० को १४ औं विश्वकपमा फिफाले पुरस्कार राशिलाई दोब्बर बनाउँदै ५ अर्ब ७७ करोड ८० लाख पुऱ्याएको थियो । त्यसपछि १९९४ को १५ औं विश्वकपमा उक्त पुरस्कार राशि बढेर ७ अर्ब ५९ करोड ७० लाख पुग्यो ।

सन् १९९८ को १६ औं विश्वकपमा पहिलो पटक फिफाको पुरस्कार राशिले १० करोड डलर नाघेर १० करोड ३० लाख पुग्यो । जुन नेपाली रुपैयाँमा ११ अर्ब २ करोड १० लाख रुपैयाँ हुन आउँछ । त्यसपछि जापान र दक्षिण कोरियाले संयुक्त रूपमा एसियामा पहिलो पटक आयोजना गरेको १७ औं विश्वकपमा पुरस्कार रकम वापत १६ अर्ब ७५ करोड ६२ लाख रुपैयाँ पुग्यो । सन् २००६ मा जर्मनीले आयोजना गरेको १८ औं विश्वकपमा पुरस्कार राशी २८ अर्ब ४६ करोड २० लाख रुपैयाँ थियो भने सन् २०१० मा दक्षिण अफ्रिकाले आयोजना गरेको १९ औं विश्वकपमा पुरस्कार राशि ४४ अर्ब ९४ करोड रुपैयाँ पुग्यो । त्यसपछि अघिल्लो अर्थात् २० औं विश्वकपमा ६१ अर्ब ६३ करोड २० लाख रुपैयाँ पुरस्कार प्रदान गरियो ।






# जर्मनीलाई उपाधि रक्षाको चुनौती

विश्वकप फुटबलमा समृद्ध इतिहास भएको देश हो– जर्मनी । ब्राजिलपछि सबैभन्दा बढी उपाधि जित्ने सफल टिम हो– जर्मनी । यसमध्ये जर्मनीले चार वर्षअघि ब्राजिलमै भएको विश्वकपको समेत जितेको थियो र त्यसक्रममा ब्राजिललाई सेमिफाइनलमा इतिहासकै खराब हारको स्वाद चखाएको थियो । यस्तोमा जर्मनी यसपटक डिफेन्डिङ च्याम्पियनका रूपमा प्रस्तुत हुँदैछ र उसमाथि चुनौती हुनेछ, उपाधि रक्षाको ।

जर्मनीको प्रदर्शन यसपटक कस्तो हुनेछ ? जर्मनी समूह 'एफ' मा छ र उसका अरू प्रतिद्वन्द्वी हुन्– मेक्सिको, स्वीडेन र दक्षिण कोरिया । प्रशिक्षक जोचिम लोको नेतृत्वमा जर्मन टिम लयमा छ र उसले सजिलै नकआउट चरणमा प्रवेश गर्नेछ, यसमा शंका नलिए हुन्छ । जर्मन टिमको वास्तविक परीक्षा दोस्रो चरणबाट नै सुरु हुनेछ । युरोपेली छनौट चरणमा पनि जर्मनीको प्रदर्शन उत्कृष्ट नै थियो ।

जर्मनीले छनौटका १० खेलमध्ये सबैमा जित निकालेको थियो र त्यस क्रममा कीर्तिमान ४३ गोल पनि गरेको थियो । टिमको प्रदर्शन धेरै हदसम्म प्रशिक्षक लोमा निर्भर हुनेछ, किनभने उनी टिममाथि निकै हाबी देखिन्छन् । लोको नेतृत्वमा जर्मनीले जति पनि ठूला प्रतियोगिता खेलेको छ, सबैमा राम्रो गरेको छ । जर्मनी कम्तीमा सेमिफाइनलसम्म पुगेको छ । जस्तो सन् २००८ को युरोमा जर्मनी उप-विजेता रह्यो । सन् २०१४ को विश्वकप जितेयता जर्मनीले रूसमै एक वर्षअघि भएको कन्फेडेरेसन कप समेत जितेको थियो ।

त्यति बेला नै देखिएको थियो, जर्मन फुटबल वास्तवकै कति बलियो छ भन्ने कुरा । त्यति बेला जर्मनीले लगभग सबै दोस्रो रोजाईका खेलाडी उतारेको थियो, तैपनि सजिलै उपाधि जित्यो । लोलाई प्रशिक्षक नियुक्त गरेयता जर्मनीले लगभग सबै खेलमा ४-२-३-१ शैलीमा खेल्दै आएको छ । यसको अर्थ जर्मनीले अहिले आक्रामक फुटबल खेल्दै आएको छ । यो शैलीको सबैभन्दा ठूलो विशेषता हो, गोलरक्षकले 'स्विपर' को काम गर्ने ।

यसमा गोलरक्षकले चार जना डिफेन्डरलाई आक्रामक हुँदै जोखिम उठाउन प्रेरित गर्ने पाँचौं डिफेन्डरको काम गर्छ । जर्मन टिमको सफलताको मुख्य कारण पनि यही हो । यसपटक पनि जर्मनीले रूसमा यसरी नै खेल्ने अनुमान गरिन्छ । लो एक दशकदेखि जर्मन टिमसँग कुनै न कुनै रूपमा आबद्ध छन् र उनी टिमका प्रत्येक पक्षसँग जानकार छन् । यो पनि जर्मन टिमको अर्को बलियो पक्ष हो । टिममा खट्किने एउटै पक्ष के हुन सक्छ भने चार वर्षअघिका कप्तान फिलिप ल्हाम यसपटक टिममा छैनन, उनले संन्यास लिइसकेका छन् ।

ल्हामको अनुपस्थितिमा पनि टिममा उत्कृष्ट खेलाडीको कमी छैन, जस्तो थोमस मुलर र जुनियन ड्राक्सलर, तैपनि टिमको मुख्य खेलाडी हुनेछन्, २८ वर्षीय मिडफिल्डर टोनी क्रुस । उनी गोल गर्न सिपालु छन् नै, त्योभन्दा पनि गोलको अवसर निकाल्न माहिर छन् । चार वर्षअघि पनि उनले जर्मन टिमको सफलतामा ठूलो भूमिका खेलेका थिए, यसपटक पनि उनीबाट त्यस्तै अपेक्षा राखिनेछ ।

टिमका लागि खालि इतिहास मात्र अवरोध हुन सक्छ । अहिलेसम्म जति पनि टिमले कनफेडेरेसनकप जितेका छन्, तिनले विश्वकप जितेका छैनन् । फेरि विश्वकपमा विरलै कुनै टिमले उपाधिको रक्षा गरेको पाइन्छ । अहिलेसम्म इटालीले सन् १९३४ र १९३८ तथा ब्राजिलले सन् १९५८ र १९६२ मा लगातार उपाधि जितेका छन् । त्यसयता कुनै पनि टिमले लगातार उपाधि जितेको इतिहास छैन । अर्को तथ्य दोस्रो विश्वयुद्धमा जर्मनी रूसी भूमिमै निर्णायक रूपमा पराजित भएको थियो । यस्तोमा जर्मनीमाथि इतिहासलाई गलत सावित गर्ने चुनौती समेत हुनेछ ।



# विश्वकप भकुण्डोको कथा

रूसमा हुने विश्वकपमा यस पटक ६४ खेल खेलिनेछ । ती खेलमा ७ सय ४ वटा फुटबल प्रयोग हुनेछन् । प्रत्येक खेलमा करिब ११ वटा फुटबल प्रयोग गरिने छ । सबै खेल चिप प्रयोग भएको टेलस्टार-१८ नामक फुटबलबाट खेलिँदैछ । टेलस्टार-१८ एडिडास कम्पनीले निर्माण गरेको फुटबल हो । सन् १९७० देखि नै विश्वकपका लागि एडिडासले फुटबल निर्माण गरिरहेको छ । एडिडास विश्वकपका लागि फिफाको पार्टनर कम्पनी हो । कम्पनीले लगातार १३ पटक फुटबल डिजाइन गरेको छ ।

एडिडासले पहिलो पटक सन् १९७० मा टेलस्टार नामक फुटबल डिजाइन गरेको थियो । त्यसपछि त्यसैको नामबाट यसको नाम राख्ने गरिएको छ । सन् १९७० को दशकमा ब्ल्याक एन्ड ह्वाइट टीभी प्रचलित भएकाले टीभीमा राम्रोसँग देखियोस् भनेर सेतोका साथै कालो प्यानल भएको फुटबल डिजाइन गरिएको थियो ।

टेलस्टार-१८ मा एनएफसी चिप उपलब्ध छ । उक्त चिपको सहयोगले फुटबललाई स्मार्टफोनसँग कनेक्ट गरेर खेलसँग सम्बन्धित विविध जानकारी हासिल गर्न सकिन्छ । सन् १९३० मा पहिलो पटक फुटबल विश्वकप हुँदा




अफिसियल बल थिएन । फाइनलको पहिलो हाफमा अर्जेन्टिनाको फुटबल टिएंगो र दोस्रो हाफमा उरुग्वेको फुटबल टी-मोडल प्रयोग गरिएको थियो । सन् १९३४ मा खेलिएको फुटबलको नाम फेडरडेल १०२ थियो ।

सन् १९३८ मा एलन फुटबल आयो जसमा पहिलो पटक कुनै कम्पनीले विश्वकपमा ब्रान्डिङ गरेको थियो । सन् १९५० मा सुपर डुप्लो टी फुटबल प्रयोग गरियो । सन् १९५४ मा स्विस डब्ल्यु सी बल प्रयोग भयो । यो पहिलो १८ प्यानलयुक्त फुटबल थियो । यही वर्ष देखि फिफाले बलको साइज, तौल तथा व्याससम्बन्धी नियम लागू गरेको थियो ।

सन् १९५८ मा टप स्टार प्रयोग गरियो । यसमा बलको एउटा मोडल खैरो रंगको तथा अर्को मोडल सेतो रंगको थियो । सन् १९६२ मा क्र्याक फुटबल प्रयोग गरियो । उक्त फुटबलमा अष्टकोणीय लामो प्यानल थियो । सन् १९६६ मा सुन्तला रंगरको



**सन् १९३८ को विश्वकपमा प्रयोग गरिएको छाला बाट निर्मित एलन नामक बल । यो बललाई पहिलो पटक एडिडास कम्पनीले विश्वकपमा ब्रान्डिङ गरेको थियो ।**

बल प्रयोग भयो । कुनै-कुनै खेलमा पहेंलो र सेतो रंग पनि प्रयोग भएको थियो ।

सन् १९७० मा टेलस्टार फुटबल आयो । सन् १९७४ मा टेलस्टार ड्युरलास्ट प्रयोग गरियो । पहिलो पटक आधिकारिक फुटबलमा लोगो र नाम प्रिन्ट गरियो । यो टेलस्टारकै अपग्रेडेड भर्सन थियो । सन् १९७८ मा ट्यांगो प्रयोग गरियो भने सन् १९८२ मा ट्यांगो एस्पाना । यो विश्वकपमा प्रयोग गरिएको अन्तिम छालाको बल थियो ।

सन् १९८६ मा एज्टेका बल आयो । यही वर्ष देखि पहिलो पटक सिन्थेटिक बलबाट खेल खेलिएको थियो । त्यसैगरी सन् १९९० मा युनिको, सन् १९९४ मा क्वेस्ट्रा, सन् १९९८ मा ट्राइकलर, सन् २००२ मा फेवरनोभा तथा सन् २००६ मा टिम जिस्टको प्रयोग भयो । सन् १९९८ मा फ्रान्समा खेलिएको विश्वकपदेखि बलमा सोतो तथा कालो रंग बिदा भए । यसमा आयोजक राष्ट्र फ्रान्सको राष्ट्रिय झन्डाका तीनवटै रङ प्रयोग गरिएको थियो । सन् २००६ मा प्रयोग गरिएको बलमा टिमको नाम, म्याच नम्बर र स्टेडियमको नाम समेत लेखिएको हुन्थ्यो ।

सन् २०१० मा जबुलानी आयो, जसमा ८ वटा प्यानल थिए । यो बल अलि विवादित पनि भएको थियो । यसबाट सटको ट्र्याजेक्टरी अन्दाज लगाउन मुश्किल थियो । गोलकिपरहरूले यसलाई वहिष्कार गर्नेसम्मका समाचार बाहिर आए । सन् २०१४ मा ब्रजुका फुटबल प्रयोग गरियो ।

# कसको सम्भावना कति ?

पछिल्ला ५ वटा विश्वकपमा हरेकपटक नयाँ विजेता देखिएको सन्दर्भमा यसपटक विभिन्न विश्लेषणहरूले विश्वकपमा सहभागी ३२ मध्ये ८ टिमलाई विश्वकपको प्रबल दावेदारका रूपमा अगाडि सारेका छन् । ती ८ टिम जर्मनी, ब्राजिल, अर्जेन्टिना, फ्रान्स, बेल्जियम, स्पेन, पोर्चुगल तथा इंग्ल्यान्ड हुन् । फिफा, गोल डटकम, द टेलिग्राफ, द गार्जियन तथा सीआईइएस जस्ता वेबसाइटले विश्वकपका पछिल्ला खेलहरू, सम्बन्धित टिमको पछिल्लो एक वर्षको प्रदर्शन, उनीहरूले पाएको बरियताक्रम तथा उनीहरूको खेलकौशलका आधारमा यस्ता विश्लेषण गरेका हुन् ।



### जम्मा १२ टिम फाइनलमा

अहिलेसम्म खेलिएका विश्वकपका २१ वटा संस्करणमा संसारभरका जम्मा ७७ वटा मुलुकले फाइनल चरणमा प्रतिस्पर्धा गर्न पाएका छन् । तीमध्ये पनि अहिलेसम्मका २० वटा फाइनलमा जम्मा १२ वटा देश एकअर्कासँग भिडेका छन् । तीमध्ये जम्मा ८ वटा टिमले विश्वकप चुमेका छन् । पछिल्लो विजेता जर्मनी १३ पटक सेमिफाइनलमा पुगेर १२ पटकसम्म पहिलो, दोस्रो वा तेस्रो भएको छ भने १ पटकमात्र उसले चौथो स्थानमा चित्त बुझाउनुपरेको छ । अहिलेसम्म जर्मनी ८ पटक, ब्राजिल ७ पटक, इटाली ६ पटक तथा अर्जेन्टिना ५ पटक फाइनलमा पुगेका छन् ।

### छनौट चरणमा बलियो टिमहरू

कतिपय विश्लेषक विश्वकपको फाइनल चरणमा स्थान बनाउन खेलिने छनौट चरणका खेलमा सहभागी टिमहरूले छनौट चरणमै देखाएको प्रदर्शनलाई उनीहरूको विश्वकप जित्ने सम्भावनासँग समेत जोडेर हेर्ने गरेका छन् । छनौट चरणमा सबैभन्दा अगाडि जर्मनी देखियो, जसले छनौट चरणमा खेलेका सबै १० वटा खेल जितेको थियो ।

२ पटकको च्याम्पियन उरुग्वेले छनौट चरणमा खेलेका १८ मध्ये ९ खेल जितेको थियो । जबकि उसकै समूह-ए मा रहेको इजिप्टले छनौट चरणका ७ खेलमध्ये ५ वटा खेल जितेको थियो ।

समूह-बी मा रहेको स्पेनले छनौट चरणका १० मध्ये ९ खेल जितेको थियो भने पोर्चुगलले पनि १० मध्ये ९ खेल नै जितेको थियो ।

उता समूह-सी मा फ्रान्सले छनौट चरणका १० मध्ये ७ खेल जितेको थियो भने डेनमार्कले ६ खेल जितेको थियो ।

समूह-डी मा रहेको अर्जेन्टिना छनौट चरणको अन्तिम खेल जितेपछि मात्र विश्वकपमा छनौट भएको थियो । उसले छनौट चरणका १८ खेलमध्ये ७ वटामा जित हात पारेको थियो । यही समूहमा रहेको क्रोएसियाले छनौट चरणका १० मध्ये ६ खेल जितेको थियो ।

समूह-ई मा रहेको ब्राजिलले छनौट चरणका १८ खेलमध्ये १२ खेल जितेको थियो भने यही समूहको स्वीजरल्यान्डले १० मध्ये ९ खेल जितेको थियो ।

समूह-एफ को वर्तमान विजेता जर्मनीले छनौट चरणका सबै १० खेल जितेको थियो भने मेक्सिकोले छनौट चरणका ९ मध्ये ६ खेल जितेको थियो ।

समूह-जी मा रहेको इंग्ल्यान्डले छनौट चरणका १० मध्ये ८ खेल जित्दा उसको प्रतिद्वन्द्वी बेल्जियमले १० मध्ये ९ खेल जितेको थियो ।

समूह-एच मा रहेको कोलम्बियाले छनौट चरणका १८ मध्ये ७ खेल जित्दा ६ वटा खेल बराबरीमा टुंग्याएको थियो भने सोही समूहको पोल्यान्डले छनौट चरणका १० मध्ये ८ खेल जितेको थियो ।


## ग्रुप अफ डेथ कसलाई मान्ने ?

अमेरिकाका प्रोफेसर आर्पड एलोले छनौट चरणका खेलहरूको विश्लेषण तथा क्यालकुलेसन गरेर विश्वकपका लागि ईएलओ रेटिङ सिस्टम बनाएका छन् । पहिले चेस खेलका लागि प्रयोग हुने यो रेटिङ सिस्टम यसपटक एलोले फुटबलमा प्रयोग गरेका छन् । यो रेटिङ सिस्टम अनुसार समूह-ई अर्थात् ब्राजिल, स्वीजरल्यान्ड, सर्बिया र कोस्टारिका रहेको समूह नै ग्रुप अफ डेथ हो । यो रेटिङ अनुसार यो समूहलाई १ हजार ८ सय ८१ अंक दिइएको छ । आर्पड ऐलोका अनुसार यो समूहमा सर्बियाले कोस्टारिकालाई पराजित गरी ब्राजिल र स्वीजरल्यान्डसँग बराबरीमा खेल टुंग्याएको अवस्थामा ब्राजिल र सर्बियाबीचको खेल निकै महत्त्वपूर्ण हुनेछ । उक्त खेलमा पराजित हुने टिम सम्भवतः विश्वकपबाट बाहिरिनेछ ।

ग्रुप-ईपछि १ हजार ८ सय ७९ अङ्क पाएको समूह-बी लाई पनि ईएलओ रेटिङ सिस्टमले ग्रुप अफ डेथ मानेको छ । यो समूहमा स्पेन, पोर्चुगल, इरान तथा मोरोक्को छन् । आर्पड एलोका अनुसार इरान वा मोरोक्कोले पोर्चुगल वा स्पेनसँगको खेल बराबरीमा टुंग्याएको अवस्थामा एकअर्काविरुद्ध जित निकाले स्पेन र पोर्चुगलबीचको खेल बराबरीमा टुंगिएको अवस्थामा ती दुवै टिम संकटमा पर्न सक्छ ।

# ब्राजिल नै अगाडि

एक्काइसौं विश्वकपमा ब्राजिल आफ्नो लयमा फर्कन सक्छ र त्यसले बितेका १६ वर्षदेखिको उपाधीको खडेरी समाप्त पार्दै १५ जुलाई २०१८ मा विश्व च्याम्पियन बन्ने गौरव प्राप्त गर्न सक्छ । यो सम्भावना एउटा वैश्विक सर्वेक्षणले देखाएको हो । संसारभर मनोरन्जनसम्बन्धी सेवा र विभिन्न कम्पनीका लागि संगीत, भिडियो तथा खेलसम्बद्ध मेटाडाटा लगायत स्वचालित सामग्री मान्यतासम्बन्धी प्रविधि उपलब्ध गराउने अग्रणी कम्पनी ग्रेचनोटद्वारा गरिएको सर्वेक्षणअनुसार नेयमार जुनियरको चमत्कारिक नेतृत्वमा ब्राजिलले यो वर्ष विश्वकप जित्ने सम्भावना सबैभन्दा बढी अर्थात् २१ प्रतिशत छ ।



### दोस्रो दाबेदार स्पेन

उक्त सर्वेक्षण प्रतिवेदनअनुसार स्पेनले विश्वकप जित्ने सम्भावना दोस्रो स्थानमा छ भने वर्तमान च्याम्पियन जर्मनी र अर्जेन्टिनाले विश्वकप जित्ने सम्भावना तेस्रो स्थानमा छ । यसका लागि स्पेनले १४ प्रतिशत तथा जर्मनी र अर्जेन्टिनाले ८-८ प्रतिशत मत प्राप्त गरेका छन् । त्यसैगरी ६ प्रतिशत मतका साथ फ्रान्सको विश्वकप जित्ने सम्भावना चौथो स्थानमा छ ।

### अन्य टिमको सम्भावना

उक्त सर्वेक्षणमा उल्लेख भएअनुसार कोलम्बियाले विश्वकप जित्ने सम्भावना ५ प्रतिशत, इंग्ल्यान्ड, बेल्जियम र पोर्चुगलले जित्ने सम्भावना ४ प्रतिशत छ भने उरुग्वे र मेक्सिकोको विश्वकप जित्ने सम्भावना ३ प्रतिशत छ । सर्वेक्षण भन्छ- स्वीजरल्यान्ड र क्रोएसियाले २ प्रतिशत सम्भावनाका साथ आफ्नो विश्वकप अभियान प्रारम्भ गर्नेछन् । सर्वेक्षणअनुसार आयोजक रूस, पोल्यान्ड, इरान, डेनमार्क, मोरक्को, सेनेगल, कोस्टारिका, स्वीडेन, अस्ट्रेलिया, सर्बिया, आइसल्यान्ड तथा ट्युनिसियाले विश्वकप जित्ने सम्भावना १ प्रतिशत मात्र छ । त्यसबाहेक एसियाली चुनौती दक्षिण कोरिया, जापान, साउदी अरेबिया, अफ्रिकी चुनौती नाइजेरिया र ल्याटिन अमेरिकी मुलुक पनामाले विश्वकप जित्ने सम्भावना आधा प्रतिशत छ ।

### नकआउट चरणमा कसको सम्भावना ?

सर्वेक्षण भन्छ- विश्वकपमा सहभागी ३२ टिममध्ये लगभग सबै ठूला टिम नकआउट चरणमा पुग्नेछन् । यस्तो सम्भावनामा ९० प्रतिशत मतका साथ ब्राजिल सबैभन्दा अगाडि छ भने ८२ प्रतिशत मतका साथ अर्जेन्टिना दोस्रो स्थानमा छ ।

### कुन ग्रुपबाट कसको सम्भावना ?

सर्वेक्षणअनुसार ग्रुप-ए बाट उरुग्वे (७७ प्रतिशत मत) र रूस (६० प्रतिशत मत) दोस्रो चरणमा पुग्नेछन् भने इजिप्ट (३६ प्रतिशत मत) र साउदी अरेबिया (२७ प्रतिशत मत) बाहिरिनेछन् । यसैगरी ग्रुप-बी बाट स्पेन (७६ प्रतिशत मत) र पोर्चुगल (५८ प्रतिशत मत) दोस्रो चरणमा जानेछन् भने इरान (३५ प्रतिशत मत) र मोरक्को (३० प्रतिशत मत) का साथ बाहिरिनेछन् ।

यसैगरी ग्रुप-सीबाट फ्रान्स (६९ प्रतिशत मत) र पेरु (६८ प्रतिशत मत) दोस्रो चरणमा जानेछन् भने डेनमार्क (३५ प्रतिशत मत) र अस्ट्रेलिया (२७ प्रतिशत मत) ले घरको टिकट काट्नेछन् । ग्रुप-डीको हकमा २ पटकको विजेता अर्जेन्टिना (८२ प्रतिशत मत) र क्रोएसिया (५७ प्रतिशत मत) का साथ प्रि-क्वाटरफाइनलमा हुनेछन् । यो समूहबाट पहिलो पटक विश्वकप खेलिरहेको आइसल्यान्ड (३५ प्रतिशत मत) र अफ्रिकी चुनौती नाइजेरिया (२७ प्रतिशत मत) बाहिरिनेछन् ।

ग्रुप-ईबाट पाँच पटकको विजेता ब्राजिल (९० प्रतिशत मत) र स्वीजरल्यान्ड (५१ प्रतिशत मत) मतका साथ सजिलैसँग दोस्रो चरणमा पुग्नेछन् भने सर्बिया (३१ प्रतिशत मत) र कोस्टारिका (२८ प्रतिशत मत) पहिलो चरणमै रोकिनेछन् । ग्रुप-एफबाट वर्तमान च्याम्पियन तथा चार पटकको विजेता जर्मनी (७९ प्रतिशत मत) र मेक्सिको (६० प्रतिशत मत) ले दोस्रो चरणमा प्रतिस्पर्धा गर्न पाउनेछन् भने स्वीडेन (३४ प्रतिशत मत) र दक्षिण कोरिया (२७ प्रतिशत मत) पहिलो चरणमै रोकिनेछन् ।

ग्रुप-जीबाट इङ्ल्यान्ड र बेल्जियम दुवैले ७१-७१ प्रतिशत मत पाएका छन् । त्यसैले यो समूहबाट यी दुई टिम दोस्रो चरणमा पुग्नेछन् भने ट्युनिसिया (३२ प्रतिशत मत) र पनामा (२६ प्रतिशत मत) को बाहिरिने सम्भावना प्रबल छ । अन्तिम समूह ग्रुप-एचबाट कोलम्बिया (७७ प्रतिशत मत) र पोल्यान्ड (५० प्रतिशत मत) सजिलैसँग दोस्रो चरणमा पुग्नेछन् भने सेनेगल (४५ प्रतिशत मत) र जापान (२९ प्रतिशत मत) को सम्भावना समूह चरणमै समाप्त हुनेछ ।

उक्त सर्वेक्षणले यो विश्वकपका लागि 'अन्डर डग' का रूपमा समेत केही टिमको आँकलन गरेको छ । यस्तो आँकलनमा कोलम्बिया सबैभन्दा अगाडि छ । यस्तो आँकलनमा कोलम्बिया ७७ प्रतिशत मतका साथ दोस्रो चरणमा तथा ४३ प्रतिशत मतका साथ क्वाटर फाइनलमा पुग्ने सम्भावना देखिन्छ । कोलम्बियाको सेमिफाइनल खेल्ने सम्भावना २१ प्रतिशत देखाउने यो सर्वेक्षणले पेरुलाई क्वाटर फाइनल खेल्नका लागि ३९ प्रतिशत तथा सेमिफाइनल खेल्नका लागि २२ प्रतिशत सम्भावित मत दिएको छ । सर्वेक्षण भन्छ- यो विश्वकपमा ब्राजिल, अर्जेन्टिना, जर्मनी, स्पेन तथा फ्रान्सबाहेक अन्य देशले विश्वकप जित्ने सम्भावना ४७ प्रतिशत छ ।



# विश्वकप टिकटको मूल्य

यसपटक विश्वकप फुटबल प्रत्यक्ष हेर्न चाहनेहरू धेरै नै देखिए । फिफाले आफ्नो वेबसाइटमार्फत रसिया विश्वकपको टिकटलाई अनलाइन बुकिङमा राख्न खोज्दा नै १५ लाख व्यक्तिले टिकटका लागि आवेदन दिएका थिए ।

फिफाले एकै पटक टिकट बिक्री नगर्ने नीतिअनुसार पहिलो चरणको टिकट बिक्री गत अक्टुबर महिनामा गरेको थियो । सेप्टेम्बरदेखि अक्टुबर १२ तारिखसम्ममा भएको बिक्रीका लागि फिफाले र्‍याण्डम रूपमा खरिदकर्ता छनौट गरेको थियो भने नोभेम्बर महिनामा गरिएको बिक्रीमा पहिले आउनेलाई प्राथमिकतामा राखिएको थियो । दोस्रो चरणमा पनि फिफाले गत जनवरी महिनामा दुई चरणमा टिकट बिक्री गरेको थियो । फिफाले अन्तिम समयमा पनि टिकटको माग हुने भएका कारण गत अप्रिल महिनादेखि जुलाई १५ तारिखसम्म लास्ट मिनेट सेल्सका रूपमा टिकट बिक्रीका लागि राखेको छ ।

अन्तिम समयमा बिक्री गरिने टिकट टिमका समर्थकहरूप्रति लक्षित छ । समर्थकहरूलाई भनेर ल्याइएको २४ लाख टिकटमध्ये सबैभन्दा बढी टिकट रसियनले खरिद गरेका छन् । फिफाका अनुसार रसियनले ८ लाख ७१ हजार ७ सय ९७, फाइनलमा छनौट नभए पनि अमेरिकीले ८८ हजार ८ सय २५, ब्राजिलियनले ७२ हजार ५ सय १२, कोलम्बियनले ६५ हजार २ सय ३४, जर्मनले ६२ हजार ५ सय ४१, मेक्सिकनले ६० हजार ३ सय २, अर्जेन्टेनियनले ५४ हजार ३१, पेरुभियनले ४३ हजार ५ सय ८३, चाइनिजले ४० हजार २ सय ५१, अस्ट्रेलियनले ३६ हजार ३ सय ६२ तथा ब्रिटिसले ३२ हजार ३ सय ६२ टिकट बुकिङ गरेका छन् । फुटबलका फ्यानहरू प्रचुर रहेको बेलायतबाट रसिया नजिक भएकाले पनि ब्रिटिस समर्थकले यसपटक विश्वकप हेर्न रूस जाने सोच बनाएनन् । उनीहरूले रसियन हुल्याहाहरूको सम्भावित आक्रमणको डरले समेत टिकट खरिद नगरेको बताइन्छ ।

रसिया विश्वकपमा सर्वाधिक सस्तो टिकट भनेकै लिग चरणका खेलको पनि क्याटोगरी ३ मा बसेर हेर्ने दर्शकले तिर्नुपर्नेछ । यो क्याटोगरीको टिकट मूल्य १ सय ५ डलर अर्थात् ११ हजार २ सय ३५ रुपैयाँ पर्छ भने सर्वाधिक महँगो टिकट विश्वकप फाइनलको क्याटोगरी १ मा बसेर हेर्दा तिर्नुपर्ने हुन्छ । फाइनलमा क्याटोगरी १ मा बसेर फुटबल हेर्दा दर्शकले १ हजार १ सय डलर अर्थात् १ लाख १७ हजार ७ सय रुपैयाँ तिर्नुपर्नेछ ।




## नेपाली रूपैयाँमा टिकटको मूल्य

| | |
|---|---|
| **उद्घाटन खेल** | |
| क्याटोगरी १ | ५८ हजार ८ सय ५० रुपैयाँ |
| क्याटोगरी २ | ४१ हजार ७ सय ३० रुपैयाँ |
| क्याटोगरी ३ | २३ हजार ५ सय ४० रुपैयाँ |
| **लिगचरण** | |
| क्याटोगरी १ | २२ हजार ४ सय ७० रुपैयाँ |
| क्याटोगरी २ | १७ हजार ६ सय ५५ रुपैयाँ |
| क्याटोगरी३ | ११ हजार २ सय ३५ रुपैयाँ |
| **प्रिक्वाटर फाइनल** | |
| क्याटोगरी १ | २६ हजार २ सय १५ रुपैयाँ |
| क्याटोगरी २ | १९ हजार ७ सय ९५ रुपैयाँ |
| क्याटोगरी ३ | १२ हजार ३ सय ५ रुपैयाँ |
| **क्वाटर फाइनल** | |
| क्याटोगरी १ | ३९ हजार ५५ रुपैयाँ |
| क्याटोगरी २ | २४ हजार ७५ रुपैयाँ |
| क्याटोगरी ३ | १८ हजार ७ सय २५ रुपैयाँ |
| **सेमिफाइनल** | |
| क्याटोगरी १ | ८० हजार २ सय ५० रुपैयाँ |
| क्याटोगरी २ | ५१ हजार ३ सय ६० रुपैयाँ |
| क्याटोगरी ३ | ३० हजार ४ सय ९५ रुपैयाँ |
| **तेस्रो स्थानको खेल** | |
| क्याटोगरी १ | ३९ हजार ५५ रुपैयाँ |
| क्याटोगरी २ | २७ हजार २ सय ८५ रुपैयाँ |
| क्याटोगरी ३ | १८ हजार ७ सय २५ रुपैयाँ |
| **फाइनल** | |
| क्याटोगरी १ | १ लाख १७ हजार ७ सय रुपैयाँ |
| क्याटोगरी २ | ७५ हजार ९ सय ७० रुपैयाँ |
| क्याटोगरी ३ | ४८ हजार ६ सय ८५ रुपैयाँ |

## विश्वकपमा यो साता

| | |
|---|---|
| असार १ गते साँझ ५:४५ बजे | खेल नं. २ इजिप्टविरुद्ध उरुग्वे |
| असार १ गते साँझ ८:४५ बजे | खेल नं. ३ मोरोक्कोविरुद्ध इरान |
| असार १ गते राति ११:४५ बजे | खेल नं. ४ पोर्चुगलविरुद्ध स्पेन |
| असार २ गते साँझ ३:४५ बजे | खेल नं. ५ फ्रान्सविरुद्ध अस्ट्रेलिया |
| असार २ गते साँझ ६:४५ बजे | खेल नं. ६ अर्जेन्टिनाविरुद्ध आइसल्यान्ड |
| असार २ गते साँझ ९:४५ बजे | खेल नं. ७ पेरु विरुद्ध डेनमार्क |
| असार ३ गते राति १२:४५ बजे | खेल नं. ८ क्रोयसिया विरुद्ध नाइजेरिया |
| असार ३ गते साँझ ५:४५ बजे | खेल नं. ९ कोस्टारिका विरुद्ध सर्विया |
| असार ३ गते साँझ ८:४५ बजे | खेल नं. १० जर्मनीविरुद्ध मेक्सिको |
| असार ३ गते राति ११:४५ बजे | खेल नं. ११ ब्राजिलविरुद्ध स्वीजरल्यान्ड |
| असार ४ गते साँझ ५:४५ बजे | खेल नं. १२ स्वीडेनविरुद्ध दक्षिण कोरिया |
| असार ४ गते साँझ ८:४५ बजे | खेल नं. १३ वेल्जियमविरुद्ध पनामा |
| असार ४ गते राति ११:४५ बजे | खेल नं. १४ ट्युनिसिया विरुद्ध इंग्ल्याण्ड |
| असार ५ गते साँझ ५:४५ बजे | खेल नं. १५ कोलम्बियाविरुद्ध जापान |
| असार ५ गते साँझ ८:४५ बजे | खेल नं. १६ पोल्यान्डविरुद्ध सेनेगल |
| असार ५ गते राति ११:४५ बजे | खेल नं. १७ रसियाविरुद्ध इजिप्ट |
| असार ६ गते साँझ ५:४५ बजे | खेल नं. १८ पोर्चुगलविरुद्ध मोरोक्को |
| असार ६ गते साँझ ८:४५ बजे | खेल नं. १९ उरुग्वेविरुद्ध साउदी अरेबिया |
| असार ६ गते राति ११:४५ बजे | खेल नं. २० इरानविरुद्ध स्पेन |
| असार ७ गते साँझ ५:४५ बजे | खेल नं. २१ डेनमार्कविरुद्ध अस्ट्रेलिया |
| असार ७ गते साँझ ८:४५ बजे | खेल नं. २२ फ्रान्सविरुद्ध पेरु |

# पानामा ह्याट्सको आकर्षण




यसपटकको विश्वकपमा डेब्यु गर्दैछ पानामाले । पानामा यसपटकको विश्वकपमा तल्लो वरियतामा रहेको टिम हो । यस्तोमा यो टिमबाट धेरै अपेक्षा गर्न सकिँदैन । पानामाका खेलाडी यो विश्वकपको सकेसम्म मज्जा लिन चाहन्छन् । रूस जाने क्रममा पानामाका खेलाडीहरूको आधिकारिक पहिरनमा 'पानामा ह्याट्स' पनि रह्यो । अहिले यो पानामा भित्र मात्र होइन, टिम जहाँ-जहाँ जान्छ, त्यहाँ-त्यहाँ निकै आकर्षक सावित हुँदै गएको छ । पानामा ह्याट्सलाई पानामाको विशेष पहिरन मानिन्छ । खेलाडीहरू यही ह्याट्स लगाएर रुस पुगेका छन् । तय छ, विश्वकपका क्रममा पानामा ह्याट्स खुबै देखिनेछ ।

# इंग्ल्यान्डको फरक बिदाइ

इंग्लिस फुटबल समर्थकका लागि प्रश्न, यसपटकको विश्वकपमा टिमको प्रदर्शन कस्तो हुनेछ ? समर्थकहरू चाहन्छन्- कम्तीमा चार वर्ष अघिको जस्तो प्रदर्शन फेरि देख्न नपाइयोस् । ब्राजिलमा सम्पन्न विश्वकपमा इंग्ल्यान्ड समूह चरणबाटै बाहिरिएको थियो । यसपल्ट भने टिमको उत्साह राम्रो छ । यिनै इंग्लिस खेलाडीको आत्मविश्वास बढोस् भनेर रूस जाने क्रममा उनीहरूलाई फरक किसिमले बिदाइ गरियो । त्यसक्रममा त्यहाँको शाही वायु सेनाले विमानको मदतबाट आकासमा विशेष खाले धूवाँ छाडेर सलामी दिएको थियो । सेनाबाट प्राप्त यस्तो सम्मानप्रति बेलायती खेलाडीहरूले कृतज्ञता समेत व्यक्त गरेका छन् ।



# एमबापेले भेटे टाइसन




फ्रान्सेली फुटबलका नयाँ स्टार हुन्– केलियन एमबापे । आउने केही वर्षमा उनले नै फ्रान्सेली टिम सम्हाल्ने विश्वास गरिन्छ । केलियनले फ्रान्सेली टिमका लागि विश्वकप-२०१८ मा गतिलो योगदान दिने विश्वास गरिएको छ । रूस जानुअघि एमबापेले आफूलाई मन पर्ने पूर्वखेलाडी माइक टाइसनसँग भेट गरेका छन् । पेरिसमा चलिरहेको फ्रेन्च ओपनका क्रममा उनीहरूबीच भेट भएको हो । व्यस्त कार्यक्रमबीच पनि एमाबापेले टाइसनसँग भेटघाट गरे, किनभने टाइसन उनलाई मन पर्ने खेलाडी हुन् । टाइसनसँगको भेटपछि एमबापेको विश्वास छ- अब उनको प्रदर्शन विपक्षी टिमलाई 'नकआउट' गर्ने खालको हुनेछ ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

असार १ गते
विश्व जेष्ठ नागरिक दुर्व्यवहार विरूद्ध सचेतना दिवस

असार ३ गते
खडेरी विरूद्ध संघर्ष दिवस

असार ४ गते
युवकवि सिद्धीचरण जयन्ती

असार ५ गते
विश्व यौन हिंसा उन्मूलन दिवस

असार ६ गते
विश्व शरणार्थी दिवस

असार ७ गते
विश्व योग दिवस

## मेष

विरोधीहरूलाई आकर्षित गर्दा वा मान-सम्मान गर्दा आफ्नै व्यक्तित्व उचाइमा पुग्नेछ। प्रेमिकाबाट नसोचेको उपहार प्राप्त हुनेछ। नीलो रंगको पहिरन प्रयोग गर्दा ऊर्जा मिल्नेछ भने त्रुटिहरूलाई समायोजन गर्ने क्षमता वृद्धि हुनेछ। आर्थिक तथा मानसिक तनावको सामना गर्नुपर्ला।

## वृष

सहपाठीबीच आम्दानी बढाउने कार्य अघि बढ्नेछ। अतिथिका रूपमा प्रस्तुत हुँदा अपेक्षाअनुरुप नै सत्कार पाइनेछ। मन पराउनेहरूबीचको भेटघाटले थप प्रोत्साहित भइनेछ। पारिवारिक खटपट हुन सक्छ, जसलाई निर्मुल पार्न घरपरिवारलाई यथेष्ट समय दिनुपर्नेछ।

## मिथुन

तत्काल कार्य सम्पन्न गर्न ढिलाइ भए पनि मंगलबारपछि क्रमिक रूपमा प्रगतिको मार्ग फेला पर्नेछ। मनोकांक्षा पूरा हुनेछ। मठ-मन्दिरको परिक्रमा गर्नु लाभदायक हुन्छ। परिवारजनले दिएको वचन पूरा नगर्दा आफूलाई मर्का पर्नेछ। साताको अन्त्यमा खानपानसम्बन्धी कार्यक्रममा सहभागी भइनेछ।

## कर्कट

नगरेको कामको दोष आइलाग्ने सम्भावना छ। लेनदेनमा विवादको सामना गर्नुपर्ला। बुधबारपछिका दिनमा भाग्यले साथ दिनेछ भने काममा सफलता हात पर्नेछ। मठ-मन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ। सेतो रंग प्रयोग गर्न सके विभिन्न समस्याबाट जोगिन सकिनेछ।

## सिंह

विपक्षीहरू मर्यादामा चोट पुऱ्याउन सक्रिय छन्। विचार नगरी अरूलाई वचन दिँदा अप्ठ्यारोमा परिएला। आर्थिक कारोबार नगर्दा नै सुरक्षित भइनेछ। पारिवारिक जमघटमा स्वादिष्ट खानपानको आनन्द लिन पाइनेछ। विदेशी साथीको सुझाव पालन गर्न सके रोजगारीसहितको अवसर जुट्न सक्छ।

## कन्या

कर्मचारीहरूप्रति उच्च ओहदाका व्यक्तिहरूले निगरानी राख्नेछन्। विपरीतलिंगी साथीहरूले बेवास्ता गर्दा मानसिक तनावले सताउन सक्छ। नियमित शारिरीक व्यायाम गर्नाले चुस्त-दुरुस्त राख्न सहयोग पुऱ्याउनेछ। हरियो रंगको प्रयोगबाट शारिरीक तथा मानसिक उर्जा प्राप्त हुनेछ।

## तुला

विचार नगरि काममा संलग्न हुदाँ अरुले लाभ उठाउनेछन। आफन्तको सहयोगमा महत्वपुर्ण काममा सफलता हात पर्नेछ। राजनैतिक काममा आफ्नो वर्चस्व बढ्नेछ। पुराना साथीहरूसँगको भेटमा नौला अवसरसम्बन्धी जानकारी पाइनेछ। सवारी साधन चलाउँदा विशेष सतर्कता अपनाउनुहोला।

## वृश्चिक

व्यवसायमा अपेक्षाकृत सफलता हात पर्नेछ। सोमबारपछिका दिनहरूमा बौद्धिक व्यक्तित्वहरूसँग परिचित हुँदै महत्वपुर्ण कार्य सम्पन्न गर्न सकिनेछ। सहयोगी हातहरू अघि बढिरहेका छन्। साथीहरूसँग नगद कारोबार गर्दा संयम अपनाउनुपर्नेछ। काममा ढिलाइ भएपनि सही मार्ग पहिल्याउन सकिनेछ।

## धनु

सरकारी कर्मचारी वर्गका निम्ति प्रतिकूल स्थानान्तरणको योग देखिन्छ। प्रयत्न गर्दा नयाँ नोकरी प्राप्त हुनेछ। प्रवासमा रहनेहरूका निम्ति समय अनुकूल छ। प्रेम सम्बध प्रगाढ हुँदै गएको अवस्था छ। मन लोभिने बहुमूल्य सामग्री खरिद गर्न आकर्षित भइनेछ।

## मकर

जिम्मेवारीबोध गर्दा अवसरले उचाइमा पुऱ्याउनेछ। शारीरिक आलस्यताका कारण महत्वपूर्ण काम छुट्न सक्छ। साथीहरूसँग भ्रमणमा रमाउँदा खर्चको भार थपिनेछ। अभिभावकको वचन परिवर्तनले सवारी साधन गुम्ने खतरा छ। खानपान तथा भोजभतेरमा सामेल हुदाँ स्वास्थ्यको ख्याल राख्नुहोला।

## कुम्भ

स्वरोजगारी, कर्मचारीवर्गका निम्ति स्थान परिवर्तन वा नयाँ अन्य अवसर प्राप्त हुने सम्भावना छ। विनायोजना खरिदारीमा सहभागी हुँदा केही समय आर्थिक संकट देखा पर्न सक्छ। साथीभाइसँग आकस्मिक भ्रमण गर्दा आफ्नै धन खर्च हुनेछ। साताको अन्त्यमा मन पर्ने व्यक्तिसगँ भेटघाट हुनेछ।

## मीन

यो साता परोपकारी कार्यमा रुचि बढ्नेछ। वादविवाद तथा असन्तुष्टिहरू देखा पर्न सक्छन्, सकेसम्म कम बोल्दा फाइदा हुन्छ। प्राविधिक क्षेत्रको लगानीबाट बढी फाइदा मिल्नेछ। रमाइलो यात्रा हुने योग छ। साताको अन्त्यमा भोज भतेरमा सहभागी भइनेछ।

**अब हाम्रो पालो**

# विश्वकप कसले जित्छ जस्तो लाग्छ ? किन ?

ब्राजिलले जित्छ।

**सन्तोष कँडेल**

पोर्चुगलले जित्छ।

**सुनिल न्यौपाने**

स्पेन।

**नवीन अधिकारी, उत्तम थापा**

म ब्राजिलको समर्थक, जिते पनि हारे पनि ब्राजिलले नै जित्छ भन्छु।

**कुमार बुढाथोकी**

ब्राजिल।

**चन्द्र घर्तीमगर**

जसले जे भने पनि यसपालि बेल्जियमले विश्वकपको ट्रफी उचाल्नेछ।

**सागर श्रिस्टार**

अरूले जे भने पनि अन्त्यमा स्पेनले जित्छ।

**आशबहादुर गुरुङ**

युक्रेनले जित्छ।

**दिलबहादुर**

जर्मनी।

**सूर्यचन्द्र भण्डारी**

सबै यो र त्यो भन्दै गफ गर। कपचाहिँ फुत्त स्पेनले लानेछ अनि चाल पाउँछौं।

**अर्जुन शर्मा**

जसले जिते पनि बाल मतलब। बेकारको निद्रा हराम अनि स्वास्थ्यमा असर। रेस्टुराँ गएर हेर्दा धनको नाश। आफ्नो काम नगरी हुँदैन। बरु त्यो समय उपयोग गरेर काम गर्दा एक छाक टार्न पुग्छ।

**सुवास पन्थी**

फ्रान्स।

**नवीन राना**

जापानले जित्छ, गोल हानेरै जित्छ।

**विजयकुमार पोखरेल**

ब्राजिल र पोर्चुगलमध्ये एकले जित्छ।

**प्रकाश निरौला**

फ्रान्सले जित्छ किनभने फ्रान्समा ग्रिज्मन, पोग्बा, भराने, येम्बापेजस्ता खेलाडी छन्। फ्रान्ससँग युवा जोस-जाँगरले भरिएको टिम छ।

**महेश गिरी**

मेरो विचारमा अर्जेन्टिनाले जित्छ।

**विशाल ठकुरी**

जर्मनीले जित्नेमा कुनै शंका छैन।

**रमेश चौहान**

ब्राजिलले, किनभने टिममा राम्रा खेलाडी छन्।

**सुमन मिश्र, प्रदीप सुवेदी**

ओल्ड इज गोल्ड, त्यसैले



ब्राजिलले जित्छ।

**दिलको राजा**

जर्मनीका अगाडि सबै भुराभुरी हुन्। जर्मनीले नै जित्छ।

**टीआर दंगाल**

एउटा हल्ला गर्छ जर्मन भन्दै, अर्को हल्ला गर्छ ब्राजिल भन्दै, अनि कुनै-कुनै छाउरा निस्कन्छन् पोर्चुगल भन्दै, तर अन्तिममा जित्नेचाहिं अर्जेन्टिनाले हो। अर्जेन्टिनालसँग फाइनल खेल्न पाउने पो कुन भाग्यमानी देश होला ?

**राज कार्की**

अवश्य पनि ब्राजिलले जित हात पार्छ।

**नारायणप्रसाद ढकाल**

पोर्चुगलले जित्छ भन्ने विश्वास छ।

**अञ्जान मजाकोटी**

यो स्तम्भमा हामीले राखेका प्र...नको ३० शब्दमा नबढाई ...उनुपर्नेछ। उत्तर ... एसएमएस मार्फत ... सकिनेछ। ...ईंको राशिफल कतिको



डेनमार्कले जित्छ।

**युवराज गैरे**

फ्रान्सले जित्छ। ऊसँग बलियो टिम छ।

**सन्तोष रे**

खै, यही त दोधारमा छु– कसले जित्छ भनेर। अलिक विश्वासिलो आधार भए सट्टा खेलौं भनेको ?

**दीपक थापा**

साउदीले जित्नैपर्छ।

**बिरसिंह बोम्जन**

स्पेनले जित्छ होला।

**गोल्डेन न्यौपाने**

भ्रष्टाचार र सुन तस्करीको विश्वकप हुने भए नेपालले जित्थ्यो।

**डिरोज क्षेत्री**

२०१८ को वर्ल्ड कप ब्राजिलले जित्छ।

**भिम लामा**

अर्जेन्टिना। मेसीको टिमका सबै सदस्यमा उपाधि जित्ने भोक छ। दुई पटक कोपा र एकपटक विश्वकप फाइनल हार्नुको पीडा बिर्सनु छ।

**सुलभ दाहाल**

अर्जेन्टिनाले जित्छ, किनभने अहिले उनीहरूको टिम राम्रो छ।

**सौहार्द्ध तुलाधर**

नेदरल्यान्ड र फ्रान्समध्ये एउटाले जित्छ।

**सरिफ केटा**

मेसीजस्ता होनहार खेलाडी भएकाले अर्जेन्टिनाले जित्छ।

**सरोज चौधरी**

अरूभन्दा जर्मनीको टिम राम्रो छ। त्यसैले यसपालि जर्मनीले जित्छ।

**बिनोद**

यो कुरा फाइनल हेरेपछि मात्र भन्न सकिन्छ, अहिले नै भन्न सकिँदैन।

**ध्रुव**

जहाँ युवा खेलाडीहरूको बाहुल्यता छ उसैले जित्छ।

**सन्तोष**

फ्रान्सले जित्छ।

**कमल बास्तोला**

खेल त सबै देशको राम्रो छ, तर मचाहिं ब्राजिलको समर्थक भएकाले ब्राजिलले नै जितोस् भन्ने चाहन्छु।

**आले विकल्प**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**



CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा



करिब एक हप्ताअघि मैले आफ्नी श्रीमतीसँग महिनावारी भएका बेला यौनसम्पर्क गरेको थिएँ । अहिले आएर मेरो लिंगको टुप्पोमा रातो खटिरा देखा परेको छ । अब यसलाई के गर्ने होला ?

आर.



### महिनावारीका बेला यौनसम्पर्क

महिनावारीलाई चलनचल्तीको भाषामा 'नछुने हुनु' भनिन्छ र एक किसिमले त्यसको अर्थ महिला अछुत भएको भन्ने लाग्छ । महिनावारीको रगतलाई दूषित मान्ने प्रचलनले कसैले पनि छुन नहुने कुरा गरिन्छ । यस्तो बेला छोइयो भने अनिष्ठ हुने तथा श्रीमान् र परिवारको कुभलो हुने मानिन्छ । यस्तो बेला यौनसम्पर्क त बर्जित नै हुन्छ । यद्यपि वैज्ञानिक दृष्टिकोणले हेर्दा यी कुरा सत्य होइनन् । यो कुरा बुझ्न महिनावारी कसरी सञ्चालित हुन्छ त भन्ने कुरा गरौं ।

मस्तिष्कको hypothalamus भनिने भाग, पिटचुटरी ग्रन्थि तथा डिम्बाशयबाट निस्कने हार्मोनहरूले महिनावारीलाई सञ्चालन गर्छ । Hypothalamus बाट gonadotropin releasing hormone जसको प्रभावमा पिटचुटरी ग्रन्थिले follicular stimulating hormone (FSH) तथा luteinizing hormone (LH) निकाल्छ ।

FSH को प्रभावले डिम्ब परिपक्व हुन्छ, तैपनि प्रोजेस्टेरोन तथा इस्ट्रोजनको मात्रा कम हुने पाठेघरको भित्री तह तुहिन्छ र ३-६ दिनसम्म महिनावारीको रगत बग्छ । त्यसपछि इस्ट्रोजनको मात्रा बढ्छ र hypothalamus लाई LH अत्यधिक मात्रामा निकाल्न मद्दत गर्छ अनि डिम्बाशयवाट डिम्ब निष्कासन हुन्छ । डिम्बाशयवाट डिम्ब निस्किएको ठाउँ (corpus luteum)ले प्रशस्त मात्रामा प्रोजेस्टेरोन र इस्ट्रोजन निकाल्छ अनि त्यसको प्रभावले पाठेघरको भित्री तह निषेचित डिम्बलाई ग्रहण गर्न अझ बाक्लो बनाई उपयुक्त बनाउँछ । यदि डिम्ब निसेचित भएन भने प्रोजेस्टेरोन र ईस्ट्रोजनको मात्रा एक्कासि तल झर्छ, जसको असरले पाठेघरको भित्री तह फेरि तुहिन थाल्छ र अर्को महिनावारी सुरु हुन्छ ।

मानव जीवन सुरु हुन तयार भएका यी तन्तुलाई कुनै पनि हालतमा फोहर वा दूषित भन्न मिल्ने ठाउँ छैन, तर यो पक्कै हो कि यसलाई समयमै सफा गरिएन भने त्यसमा रोग उत्पन्न गर्ने जीवाणुको वृद्धि हुनसक्छ । महिनावारीका बेला स्वस्थ पुरुष तथा महिलाबीच हुने यौन सम्पर्कलाई वर्जित गर्नुपर्ने कुनै वैज्ञानिक कारण छैन । महिनावारीको रगतको स्रोत पाठेघर हो र पाठेघरको मुखमा भएको सानो प्वालबाट रगत बाहिर आउँछ । पाठेघरको मुखले हत्तपत्त बाहिर आइसकेको कुरालाई यहाँसम्म कि कतिपय सूक्ष्म जीवलाई समेत भित्र जान दिँदैन । यस हिसाबले महिनावारीका बेला भएको यौनसम्पर्कलाई तपाईंको समस्याको कारण मान्ने पर्याप्त आधार छैन ।

महिनावारीमा यौनसम्पर्क राख्नु हुँदैन भन्ने सोचले गहिरो प्रभाव पारेको छ भने यौनाङ्ग वा त्यसभन्दा अन्य अङ्गमा आउने समस्याको दोष त्यसैलाई दिइन्छ जुन आफैंमा ठीक होइन ।

**सूचना**

तपाईंहरुको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

### खटिरा आउनुको कारण के हुन सक्ला ?

परीक्षणबिना तपाईंको सन्देशमा भएको सीमित जानकारीका आधारमा यकिनका साथ केही भन्न सकिने स्थिति छैन । तपाईंले खटिराका बारेमा खासै जानकारी दिनुभएको छैन । खटिराको आकार, स्वरुप, रङ्ग, सतह कस्तो छ, दुख्छ कि दुख्दैन जस्ता कुराको जानकारी दिनुभएको भए समस्या पहिचान गर्न सजिलो हुने थियो । लिंगमा खटिरा आउने अनेकन् कारण हुन सक्छन्, जुन धेरैजसो हानिकारक हुँदैनन् र यस्तोमा उपचारको आवश्यकता पर्दैन भने अरूमा सही निदान र उपचारको आवश्यकता पर्छ । यस्ता कारणमध्ये केही प्रमुख कारणको चर्चा गरौं ।

- Pearly penile papules : मासु रंगका स-साना गिर्खा लिंग मुण्डको घेरामा आउँछन् । यो सामान्य कुरा हो । यसको उपचारको आवश्यकता पर्दैन ।
- Fordyce spots : यो पहेंलो वा सेतो रंगको दागजस्तो हुन्छ । यो लिंग मुण्ड वा शरीर (कजबात) मा आउन सक्छ । यी समान्यत: यी हानिरहित हुन्छन् र यसमा उपचारको आवश्यकता पर्दैन ।
- **Lymphocele** : यौनसम्पर्क वा हस्तमैथुनपछि लिंगको कजबात मा अकस्मात कडा किसिमको सुन्निएको भाग देखिन्छ । यो लसिका नलीमा क्षणिक बाधा उत्पन्न भएका कारण आउँछ जुन केही समयपछि आफैं कम भएर जाने भएकाले यसले कुनै दीर्घकालीन असर पार्दैन ।
- **Lichen planus** : यो नसर्ने रोग हो । लिंगसहित शरीरमा चिलाउने, राता गिर्खा आउँछन् ।
- **जनेन्द्रियको मुसा** : साना मासु पलाएको वा गिर्खा जस्तो कुरा shaft वा कहिलेकाहीं लिंग मुण्ड वा अग्रचर्मको भित्र तिर पनि आउन सक्छ । यो यौन रोग हो ।
- **घाउ** : स्पष्ट रुपमा मासु पलाउने भन्दा पनि हर्पिसमा दुख्ने किसिमको पानी फोका आउँछ भने सिफिलिसमा नदुख्ने किसिमको घाउ आउँछ ।
- Peyronie's disease : यो विरलै हुने रोग हो । यसमा लिंगको कजबात को कुनै भाग कडा वा गिर्खा (plaque) देखा पर्छ । कतिपय परिस्थितिमा यसले लिंगलाई नै वाङ्गो बनाउन सक्छ ।
- **Molluscum contagiosum** यो विषाणुको संक्रमण हो । स-साना कडा अलिकति उठेका विमिरा जस्तो समूह आउँछ । यो लिंगको साथै काछमा पनि आउन सक्छ ।
- **लिंगको क्यान्सर** : विरलै हुने भए पनि यसमा घाउ वा गिर्खा आउन सक्छ । यो विशेष गरेर लिंगको मुण्डमा आउँछ ।

श्रीमतीबाहेक पनि अरू कतै यौनसम्पर्क भए-नभएको कुरा त तपाईंलाई नै थाहा हुने कुरा हो किन भने त्यसले तपाईंलाई यस्तो समस्यामा पार्न सक्छ । अन्त्यमा के सल्लाह दिन चाहन्छु भने तपाईंले एकपल्ट चर्म तथा यौनरोग विशेषज्ञसंग परीक्षण गराई उपचार गराउनु नै बेस होला ।

> मानव जीवन सुरू हुन तयार भएका यी तन्तुलाई कुनै पनि हालतमा फोहर वा दूषित भन्न मिल्ने ठाउँ छैन, तर यो पक्कै हो कि यसलाई समयमै सफा गरिएन भने त्यसमा रोग उत्पन्न गर्ने जीवाणुको वृद्धि हुनसक्छ । महिनावारीका बेला स्वस्थ पुरूष तथा महिलाबीच हुने यौन सम्पर्कलाई वर्जित गर्नुपर्ने कुनै वैज्ञानिक कारण छैन । महिनावारीको रगतको स्रोत पाठेघर हो र पाठेघरको मुखमा भएको सानो प्वालबाट रगत बाहिर आउँछ ।

## महिला स्वास्थ्य




म २२ वर्षीया विवाहित गृहिणी हुँ । मैले छोरी जन्माएको तीन वर्ष पूरा भयो । मैले तुरुन्त गर्भ रहन नदिन तीनमहिने सुई प्रयोग गर्दै आएकी थिएँ । अब हामीले अर्को सन्तान जन्माउने सल्लाह गरेका छौं, तर सुई प्रयोग गरेदेखि नै मेरो महिनावारी भएको छैन । मैले तीनमहिने सुई नलगाएको पनि ६ महिना पुगिसक्यो । गर्भवती भएँ कि भनेर घरमै पिसाब जाँच पनि गरें तर नेगेटिभ रहेछ । मेरो महिनावारी किन नभएको होला ? अब मैले के गर्नुपर्छ ?

आर.



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

परिवार नियोजनका लागि प्रयोग गरिने तीनमहिने सुईमा एक किसिमको हार्मोन प्रयोग गरिएको हुन्छ । नेपालमा प्रयोग गरिने अस्थायी साधनहरूमध्ये सबैभन्दा बढी दम्पतीले रुचाएको तीनमहिने सुईले महिलाहरूमा अण्डा उत्पादन हुन दिँदैन र गर्भ नरहने हुन्छ । यो एउटा अत्यन्त प्रभावकारी साधन पनि हो, तर यसको प्रयोग गर्ने महिलाहरूमा सुई छाडेको ३ देखि १० महिनासम्म महिनावारी नहुने तथा गर्भ नरहने हुन सक्छ । यस्तो अवस्थामा डराइहाल्नु पर्दैन । धेरै महिलामा आफैं महिनावारी सुरु हुन्छ र कसै-कसैमा महिनावारी सुरु नभए पनि गर्भ रहन सक्छ । तीनमहिने सुईकै कारणले तपाईंको महिनावारी नभएजस्तो देखिन्छ । यस्तो अवस्थामा तपाईंलाई गर्भको चाहना भएपछि तीनमहिने सुई छोड्न सक्नुहुन्छ, तर त्यसका लागि केही समय अझै पर्खनुपर्ने देखिन्छ ।



समय सन्दर्भ



अधिकारी रवीन्द्र, बनेपा

# मेरो माटो मेरो चन्दन

गएको २५ गते शुक्रबार मध्यराततिर सोसल मिडियाका पानाहरू एउटा अप्रीय समाचारले भरिए । पित्तनलीको टर्मिनल क्यान्सरले थलिएका वरिष्ठ न्युरोसर्जन डा. उपेन्द्र देवकोटाको मृत्युको खबर थियो त्यो । सोसल साइटहरूमा बुझ न सुझ कमेन्ट र सेयर गरेर ती पोस्टलाई सुपरहिट बनाउने छुट्टै किसिमको झुन्ड छ । यस्ता झुन्डले कुनै समय राष्ट्रकवि माधव घिमिरेलाई पनि अकालमा मृत्वरण गराएका थिए । यसपटक देवकोटालाई गराए ।

क्लिक्बेट समाचारहरू डढेलो लगाउनै सिर्जना गरिएका हुन्छन् । देवकोटाको समाचार पनि त्यसरी नै बन्यो । फेरि नेपालका धेरै बुज्रुकहरू कुनै अप्रीय घटना वा कसैको मृत्युको खबरलाई आफ्नै आँखाले देखेर आए जसरी लेखेर पोस्ट गर्न कुनै कैफियत राख्दैनन् । थाहा छैन यसको प्रयोजन के हो, शायद यसले उनीहरूलाई बेग्लै आत्मसन्तुष्टि दिन्छ । स्रोत नबुझी सेयर गर्नेहरूको जमातले त्यो आगोमा घ्यू थपिदिन्छन् । अनलाइनको उक्त डढेलो प्रतिवाद गर्ने कयौं समाचार आइसक्दा पनि निभ्दैन । यसमा हामी सबै भागेदार छौं, किनभने यो हामीले नै बनाएको समाज हो । अनलाइनमा हुने यस्ता मनपरीलाई नियमन गर्ने कुनै ठोस विधि छैन तर आफ्नो विवेक र नैतिकता प्रयोग गरेर हामीले सभ्य अन्लाइन समाज बनाउन भूमिका खेल्न सक्छौं, जुन कुरा हाम्रा सन्ततिहरूले पनि सिक्नेछन् र त्यसले अर्को पुस्तासम्म निरन्तरता पाउनेछ ।

उच्चतम जनचासो भएको कुरामा गलत हेड्लाइन र खबर राखी बढी सेयर पाउने अपेक्षाका साथ समाचार बनाउने काम प्राय: तीनै च्याउसरि उम्रिएका अनलाइन साइटले गर्छन्, जसको अन्तिम उद्देश्य आफ्नो पेजमा ट्राफिक बढाएर व्यवसायिक उपलब्धि हासिल गर्नु हो तसर्थ हामी प्रयोग कर्ताहरू आँफै सजग रहनुपर्छ कि कुन स्रोतले कस्ता खालका समाचार किन प्रवाह गर्दै आएका छन् ?

अब फर्कौं पुन: देवकोटाकै प्रसङ्गमा । जन्मभूमिको अदृश्य चुम्बकले उहाँलाई लन्डनबाट काठमाडौं तान्यो । परीक्षणात्मक उपचार पद्धतिमा भर पर्नुभन्दा नेपालमै आफन्त इष्टमित्र, शुभचिन्तकहरूसँग बस्ने र जीवनका अनुभव क्रमश: बाँड्दै जाने उहाँको निर्णय थियो । वैशाख १५ मा जब उहाँ काठमाडौंको विमानस्थलमा अवतरण हुनुभयो तब त्यहाँको माटो हातमा लिएर निधारमा टिका लगाउँदै भन्नुभयो- 'मेरो माटो मेरो चन्दन । यो वाक्यांशले अथाह अर्थ बोकेको छ । भौतिक शरीर आफैंले १२ वर्ष अघि स्थापना गरेको बाँसवारीस्थित न्युरो हस्पिटलमा रहे पनि उहाँको मन मस्तिष्क उही गोर्खाको पण्डित गाँउमा पुगिरह्यो ।

शेष जीवनका दिनहरू गन्ने क्रममा उहाँले मार्मिक इच्छा प्रकट गर्नुभयो- आफ्नै गृहजिल्ला गोर्खा जाने, पण्डित गाँउमा रहेको आफ्नै जन्मघरको पिँढीमा सुस्ताउने, चेपेको पानीमा खुट्टा टेक्ने र सिस्नेधाराको पानी पिउने । तदअनुसार उहाँको इच्छा शनिबार पुरा गरियो । ४० मिनेटको अन्तरालमा दुई पटकसम्म सिस्नेधाराको पानी पिएपछि उहाँको अनुहारमा कान्ती छायो । जन्मभुमिको मुलको पानीले दिने उर्जा कुनै औषधीले कहाँ दिन्थ्यो र ?

यो सबैमा लागू हुने वृत्तान्त हो । हामी जहाँ जाऔं, कता-कता हामीलाई हाम्रो जन्मभूमिले बोलाइरहेको हुन्छ । जुन ठाउँमा हाम्रो अस्तित्व सुरु भयो, जुन ठाउँको हावापानी र अन्नले हाम्रो जीउ ज्यान बन्यो, त्यो ठाउँ हाम्रो आफ्नो हो । भौतिक संसारमा संघर्ष गर्ने क्रममा अन्तत: जब हामी थाक्छौं, तब जगतकै सबैभन्दा प्यारो त्यही ठाँउको मायाले मुटु पोल्न थाल्छ । हामी उडेर त्यसै बखत पुग्न चाहन्छौं- आफ्नै जन्मघरको आँगनमा । त्यही धर्तीको धुलोमा उफ्रदै हाम्रो बाल्यकाल गुज्रिएको छ । त्यही माटोमा हुर्किएका आमाबाबु र साथीभाइसँग हामीले हाँस्न, बोल्न र खेल्न सिक्यौं । हामीलाई हामी बनाउने प्रथम जग सुरु भएको भूमि चाहे हामी युरोप वा अमेरिका जहाँ जाऔं अनायासै हृदयमा स्मृतिको छाल बनेर प्रकट भै नै रहन्छ । अन्तिम सास रहेसम्म त्यो अजबको आफ्नोपनले आँत न्यानो बनाइरहन्छ । नर्वेको ठण्डीमा बस्नेहरूमा पनि त्यो न्यानोपन सेलाएको हुँदैन । खाडीको रापमा बस्नेहरूमा पनि त्यो आफ्नोपनको गर्मीले पिल्साएको हुँदैन ।

कैयन् पुर्खाहरूको आत्माले तुलसामोठ छैवैबाट देहत्याग् गरेको त्यो पुण्य आँगनले पुरै खानदानको असीम इतिहास बोकेको हुन्छ । त्यही इतिहासबाट निर्मित भएकाले हामी जतासुकै जाऔं, त्यहाँको झझल्को उम्लिएर पोखिन खोजिरहन्छ, तसर्थ बाल्यावस्था, वयस्क वा प्रौढावस्थामा समयानुकुल अनेकन् इच्छा जागृत भए पनि अन्तिम घडीमा त्यही आफ्नै जन्मभूमिप्रतिको चाहनाले सताउने रहेछ मानिसलाई- जननी जन्मभुमिश्च: स्वर्गादपी गरियसी ।

ravinems@iom.edu.np
www.facebook.com/AdhiQarie/

## मनसुन फेसन परेड

बेला-बेलामा हुने खण्ड वर्षाले शनिबार ललितपुरको सानेपामा आयोजित मनसुन फेसन परेडलाई साथ दियो । पुल डान्स पार्टी र वर्षामा लगाउन मिल्ने पहिरनको फेसन परेड हुँदा प्राकृतिक वर्षा भएपछि आयोजकहरू खुसी नहुने कुरै थिएन । सानेपास्थित इन्टरनेसनल क्लबमा सञ्चालित मनसुन फेसन परेड भन्दा अघि डिजे शिशिर तथा डिजे निरजले पार्टी लभरहरूलाई स्वीमिङ पुलमा नचाएका थिए । बेला बेलामा हुने वर्षाले पुलमा डान्स गर्नेहरूमा उत्साह थपेको थियो । अझ ग्यापर गिरिश खतिवडाले आफ्ना केही लोकप्रिय गीत गाएपछि पार्टीको वातावरण नै अर्कै भएको थियो । इभेन्ट बेटर ग्यालेक्सीले आयोजना गरेको यो कार्यक्रममा फेसन डिजाइनर रितिका शाक्यले तयार पारेका प्लास्टिकका डिजाइनलाई मोडलहरूले कृत्रिम वर्षामा भिज्दै प्रस्तुत गरेका थिए ।



तस्बिरहरू : महेश प्रधान






कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुवास ढकाल ।